सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ माघ २०८०, मंगलबार (6 Feb 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ एमडिएमएस अनियमितता प्रकरण

खरिद प्रक्रियामा संलग्न एक दर्जनको बयान, दुई पूर्वअध्यक्षलाई पनि बोलावट





दिगम्बर झा



पुरुषोत्तम खनाल

खरिद प्रक्रियामा मुख्य भूमिका प्राधिकरणका दुई पूर्वअध्यक्षको देखिएको छ। दिगम्बर झाकै कार्यकालमा खरिदको प्रक्रिया सुरु भएकोमा पुरुषोत्तम खनालको कार्यकालमा पूर्णता पाएको थियो। सञ्चार मन्त्रालयको छानबिन समितिले तत्कालीन अध्यक्षद्वयले नै गैरकानुनी रूपमा खरिद प्रक्रिया अघि बढाएको औंल्याएको छ। छानबिन समितिले त्यस्ता पदाधिकारी, कर्मचारी तथा परामर्शदातासमेतलाई कारबाहीको सिफारिस गर्दै प्रतिवेदन दिएकोमा अख्तियारले त्यसैमा टेकेर अनुसन्धान अघि बढाएको हो।

सुवास भट्ट/नयाँ पत्रिका

नेपाल दूरसञ्चार प्राधिकरणले खरिद गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)को अनियमिततामाथि छानबिन गरिरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खरिद प्रक्रियामा संलग्न करिब एक दर्जनमाथि बयान लिएको छ। एमडिएमएसको खरिदका विभिन्न चरणमा संलग्न देखिएका तथा आशंका गरिएका प्राधिकरणका पदाधिकारी तथा कर्मचारीलाई अख्तियारले बयान गरिरहेको छ।

स्रोतका अनुसार हालसम्म अख्तियारले एक दर्जन कर्मचारीको बयान लिइसकेको स्रोतले बतायो। स्रोतका अनुसार हालसम्म बयान दिएकाहरूमा प्राधिकरणको पूर्वाधार महाशाखाका निर्देशक डा. सुरेन्द्रलाल हाडा, अनुगमन महाशाखाका निर्देशक विजयकुमार राय, स्तरीकरण महाशाखाका निर्देशक मीनप्रसाद अर्याललगायत छन्।

त्यस्तै, आर्थिक प्रशासन शाखाका उपनिर्देशक सुरेश बस्नेत, फ्रिक्वेन्सी, सेवा गुणस्तर तथा सेवा प्रवाह अनुगमन शाखाका उपनिर्देशक अच्युतानन्द मिश्र र पूर्वाधार विकास शाखाका उपनिर्देशक दिनेश मैनाली र सहायक निर्देशक कैलाश कार्कीलगायतसँग पनि अख्तियारले बयान लिएको छ। छानबिनका

» पृष्ठ ११ मा क्रमशः

कसरी भएको थियो ठेक्कामा चलखेल ?

एमडिएमएस खरिद तथा सञ्चालनका लागि गरिएको ठेक्का प्रक्रियामा अनेक चलखेल देखिएका छन्। यस क्रममा लागत अनुमानभन्दा बढीको आर्थिक प्रस्ताव स्वीकृत गरेको भेटिएको छ।

एमडिएमएस खरिद, स्थापना र सञ्चालनका लागि लागत अनुमान यकिन गर्न छनोट भएको बेलायतको कम्पनी लौरासिया एसोसिएट्स कम्युनिकेसन कन्सल्ट्यान्ट्स जेभीले मूल्य अभिवृद्धि कर (भ्याट)बाहेक एक करोड ११ लाख ७६ हजार ७३ अमेरिकी डलर यकिन गरेको थियो। तर, प्राधिकरणले आर्थिक प्रस्तावमा बढी लागत प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरेको थियो। एम/एस न्युमेराले पेस गरेको एक करोड २५ लाख ८३ हजार नौ सय ८९ अमेरिकी डलरको आर्थिक प्रस्ताव स्वीकृत गरेको थियो।

निकटतम प्रतिस्पर्धीले कम आर्थिक प्रस्ताव गरेपछि कपटपूर्ण तरिकाले त्यसलाई बहिर्गमन गरिएको थियो। मूल्यांकनका क्रममा बढी अंक पाएको अन्तिम प्रतिस्पर्धी एम/एस मोबिलन ट्रेड इन्टरनेसनल प्रालि नेपाल-इन्फ्रा डाटा एनभी बेल्जियम-ग्रिन आइटी सोलुसन प्रालि नेपाल (जेभी) लाई भेदभावपूर्ण तरिकाले बाहिर्‍याइएको थियो। इच्छाएको एम/एस न्युमेरालाई ठेक्का दिन चलखेल गरेर आर्थिक प्रस्तावमा प्रस्ताव गरेको रकमबाट चार लाख ३३ हजार डलर घटाउने सहमति गरेर ठेक्का दिइएको थियो।

एमडिएमएस खरिद प्रकरण के हो ? पृष्ठ ११

यति ठूलो ठेक्का 'म्यानुअल' विधिबाट गरिएको थियो। जब कि त्यति वेला ६० लाख रुपैयाँमाथिको खरिदमा विद्युतीय खरिद (ई-बिडिङ) गर्नुपर्ने व्यवस्था विद्युतीय खरिद सञ्चालन कार्यविधिमा थियो। त्यस्तै, वस्तु खरिदलाई सेवा खरिदमा लगेर गडबडी गरिएको, परामर्शदाताले प्रस्ताव गरेको र ठेक्का सम्झौतामा स्वीकार गरेको सफ्टवेयरहरूमा भिन्नता देखिएकोलगायतका समस्या ठेक्कामा देखिएका छन्।

सार्वजनिक खरिद ऐन प्रतिकूल हुने गरी वार्ताबाट लागत अनुमान घटाइएको, 'आइटम' फेरिएको, परामर्शदाताको विगत तीन आर्थिक वर्षको औसत वार्षिक कारोबार एक अर्ब रुपैयाँ हुनुपर्ने व्यवस्था विनियमावलीमा गरेर दूरसञ्चार प्राधिकरणले प्रतिस्पर्धा सीमित गराउने प्रयत्न पनि गरेकोलगायतका बेथिति एमडिएमएस खरिदमा देखिएका छन्।

» पृष्ठ ११ मा क्रमशः

■ नेपाल-खनाल शीतयुद्ध

विचारको बहस कि शक्ति-संघर्ष ?

■ जबजदेखि एमसिसीसम्म मतभेद



माधव नेपाल

विचार नै परित्याग गरेर हिजो पनि जनताको बहुदलीय जनवादलाई दक्ष प्रजापतिको टाउको भन्ने र आज पनि यसलाई समाप्त पार्न लाग्ने विचारलाई किमार्थ ठीक भन्न सकिँदैन। जनक्रान्ति सम्पन्न भइसकेपछि पनि जबजलाई जसले बुझ्न सकेन, त्यो ठीक छैन। जनक्रान्ति सम्पन्न भइसकेपछि पनि कुनै परिवर्तन भएको छैन भन्न मिल्दैन। एउटै परिवर्तन भएको छ कि हामीले संविधान बनाएका छौं। क्रान्तिलाई संस्थागत गरेका छौं। उपलब्धिलाई संस्थागत गरेका छौं। जबजको सन्दर्भमा त्यो वेलामा एउटा आज अर्को हुन सक्दैन। यसको मर्म, भावना, अन्तर्यलाई आत्मसात् गर्नुपर्छ।



झलनाथ खनाल

कहिले जबज भन्छौं, कहिले समाजवाद भन्छौं। कता जाने त ? तपाईं जबज भन्नुहुन्छ भने त ठूलो जबजतिर किन नजाने भन्छ नि त मान्छेले ? ठूलो जबजवाला त एमाले छ। हामीले जबज भन्यो भने त हामीले भनेको भन्दा केपी ओलीले भनेको चाहिँ बढ्ता सुन्छ। त्यो खतरा हुन्छ। हामी क्लियर हुनुपर्छ। समाजवादमा जाने हो भने समाजवाद र पुँजीवादको बीचमा भिन्नता के हो ? यसबारे शिरदेखि तीरसम्म छ्याङ्ग हुनुपर्‍यो। अनि मात्रै हामी समाजवादको बाटोमा जान्छौं।

अहिलेको मतभेद शक्तिमा पुग्नका लागि संघर्ष हो



● **रोशन जनकपुरी**, विश्लेषक

माधवकुमार र झलनाथबीच अहिले देखापरेको लाइन पुरानै हो। दुवै नेता पूर्वप्रधानमन्त्री र ठूलो पार्टीको अध्यक्ष भइसकेकाले झ्गोको विषय पनि भयो। अहिलेको मतभेद शक्तिमा पुग्नका लागि संघर्षजस्तो देखिन्छ।

प्रेम गौतम/नयाँ पत्रिका

पार्टी संगठनको आकार र संसदीय शक्तिलाई आधार मान्ने हो भने सत्तारुढ दल एकीकृत समाजवादीभित्र त्यति ठूलो बहस नहुनुपर्ने हो। तर, पार्टी अध्यक्ष माधव नेपाल र सम्मानित नेता झलनाथ खनालबीच लामो समयदेखि शीतयुद्ध छ।

आगामी जेठमा घोषित महाधिवेशनको मिति नजिकिँदै जाँदा उनीहरूबीचको संघर्ष पार्टी बैठकमा मात्र सीमित नभई सार्वजनिक मञ्चमा पनि कार्यकर्ताले महसुस गर्न सक्ने गरी देखिन

» पृष्ठ ११ मा क्रमशः

१ जबज कि समाजवादी कार्यक्रम भन्नेमा नेपाल र खनालबीच मुख्य मतभेद छ। नेपाल जबजलाई त्याग्न नहुने पक्षमा छन् भने खनाल समाजवादी कार्यक्रमको अंग बनाएर जानुपर्नेमा छन्। नेपाल जबजकै जगमा पार्टीलाई लोकप्रिय बनाउन सकिनेमा आशावादी छन्। एकीकृत समाजवादीले पनि जबज नै भने कार्यकर्ता एमालेतिरै आकर्षित हुने खनालको विश्लेषण छ।

नेपाल भन्छन्, 'जनताबाट टाढियौं भने जनताले अस्वीकार गर्छन्। चुनिनका लागि पनि आवधिक निर्वाचनको प्रक्रियामा सामेल होऊँ। यो विचार विश्व कम्युनिस्ट आन्दोलनमा कुन पार्टीले अगाडि सारेको थियो ? हामीले नै सारेका थियौं, कमरेड मदन भण्डारीको अगुवाइमा हाम्रो पार्टीले अगाडि सारेको थियो- जनताको बहुदलीय जनवाद (जबज)। यो हाम्रो पेटेन्ट राइट भएको चिज हो। यसलाई छोड्न, त्याग्न हामी सक्दैनौं।'

तर, खनाल भन्छन्, 'बहुदलीय जनवाद, नयाँ जनवाद, राष्ट्रिय जनवाद, जनताको जनवाद जे भने पनि ती हिजोको जनवादी क्रान्तिका कार्यक्रम हुन्। जनवादी क्रान्ति नै सिद्धिसकेपछि ती सबै कार्यक्रम कालातीत भइसके। यसकारण अब ती कुराको पृष्ठभूमिमा उभिएर हामीले समाजवादी कार्यक्रम र लक्ष्यलाई लिएर अगाडि बढ्नुको कुनै विकल्प छैन।'

२ मित्रशक्ति र विरोधी शक्तिको विषयमा पनि नेपाल र खनालबीच मतभेद छ। नेपाल कांग्रेससहितको वर्तमान वाम-लोकतान्त्रिक गठबन्धनलाई बलियो बनाएर जाने पक्षमा छन् भने खनाल वामगठबन्धनको पक्षमा छन्। कांग्रेस वर्गीय रूपमा मित्रशक्ति नभएको निष्कर्ष खनालको छ।

'यथार्थ धरातलमा टेकेर चल्नुपर्छ। तथ्यबाट मात्रै सत्यमा पुग्न सकिन्छ। मनोगत विश्लेषण गरेर हुँदैन। अहिले संविधानको पक्षमा भएका शक्तिलाई एकताबद्ध गर्नुपर्नेछ। सुशासनको पक्षमा रहेका शक्तिलाई मिलाएर लानुपर्नेछ। समाजमा रहेका विकृति, विसंगतिका विरुद्धमा लड्न चाहनेलाई मिलाएर लानुपर्नेछ,' नेपालले भनेका छन्।

तर, यसमा खनालको भनाइ छ, 'हामीले सही र गलत आफैं छुट्याएर काम गर्न सक्नुपर्छ। अनि मात्रै हामी अग्रगतितर्फ जान्छौं। त्यसकारण हामीले आजको अवस्थामा आफूलाई दह्रो बनाउन सकेनौं भने हामी आफैं पनि सिद्धिन्छौं। कम्युनिस्ट आन्दोलन त प्रक्रियावाद र अवसरवादले सिध्याउँछ। अवसरवादलाई ठीक ढंगले प्रहार गर्न सकेनौं र आफैंभित्रको कुरालाई पनि सच्याउन सकेनौं भने हामीले पनि सिद्धिनुपर्ने हुन्छ।'

३ राष्ट्रिय सभा निर्वाचनमा सिट बाँडफाँट पनि दुई नेताको मतभेदको विषय बनेको छ। नेपाल प्राप्त उपलब्धिको रक्षा गर्दै अगाडि बढ्नुपर्नेमा छन्। खनालले भने पार्टीले दुई सिट मात्रै प्राप्त गरेकोमा सार्वजनिक रूपमा असन्तुष्टि जनाएका छन्। 'हामीलाई जम्मा दुई सिट दिने काम भयो। हामी त्यसैमा मख्ख पर्ने हो र ? हाम्रो कारणले यो गठबन्धन बनेको थियो। हाम्रो सहयोग नभएको भए, हाम्रो योगदान नभएको भए यो गठबन्धन बन्दैन थियो। त्यसको मूल्य खोइ त ? खोलामा बगाइयो,' खनालले भनेका छन्।

४ विधानको विषयमा पनि दुई नेताबीच मतभिन्नता छ। खनालले विधानको प्रस्तावनामै प्रश्न उठाएका छन्। पार्टी निर्माणताका विधान बनाउने वेला खनाल अस्पतालमा उपचाररत थिए। केन्द्रीय परिषद् बैठकमा खनालले विधानको प्रस्तावनामै प्रश्नचिह्न खडा गरे। पार्टीले वर्गीय प्रतिनिधित्व गर्ने उनको भनाइ छ।

५ अमेरिकी सहायता परियोजना (एमसिसी)बारे नेपाल र खनालबीच मतभेद रह्यो। पूरक प्रस्तावसहित एमसिसी अनुमोदन गराउनुपर्ने तत्कालीन सत्तागठबन्धनका नेताहरूको निर्णयमा अध्यक्ष नेपाल सहमत भए। नेपालले एकीकृत समाजवादीलाई एमसिसीको पक्षमा उभ्याउँदा खनालले संसद्मा विपक्षमा मतदान गरे।

६ समाजवादी मोर्चा गठनमा पनि खनालको भिन्न मत छ। जब कि अध्यक्ष नेपाल मोर्चाको संयोजक छन्। यही स्थितिमा समाजवादी मोर्चाको औचित्य नरहने खनालको भनाइ छ। मोर्चा घोषणा सभामा पार्टीका प्रमुखहरूले सम्बोधन गरेका थिए। एकीकृत समाजवादीभित्रको मतान्तरकै कारण मोर्चा घोषणा कार्यक्रममा दोस्रो वरीयताका खनाललाई पनि सम्बोधन गर्न दिइएको थियो। खनाल चार दलीय मोर्चाले मात्रै समाजवादी क्रान्ति अगाडि बढाउन सकिँदैन भन्नेमा छन्।

मध्यराति घरभित्रै सल्किएको आगोमा जलेर दाजुबहिनीको मृत्यु

नयाँ पत्रिका

मुगुको खत्याड गाउँपालिका- २, गाडेखोलामा घरभित्रै सल्किएको आगोमा जलेर दाजुबहिनीको मृत्यु भएको छ। आइतबार राति लालु सन्ज्यालको घरमा आगलागी हुँदा १४ वर्षीय छोरा विशाल र १२ वर्षीया छोरी झरनाको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख डिएसपी वीरेन्द्र थापाले सोमबार बिहान आगो नियन्त्रणमा आएपछि खोजी गर्दा विशाल र झरनाको शव डढेको अवस्थामा घरभित्रै फेला परेको जानकारी दिए। वडाध्यक्ष हेमराज मल्लका अनुसार रातको २ बजे घरमा आगो दन्किएपछि आमा सरस्वती र छोरा विशाल बाहिर निस्केका थिए। तर, विशालकी आमा छिमेकीसँग गुहार माग्न थालिन् भने विशाल बहिनीलाई ल्याउन भन्दै घरत्रि छिरेका थिए। सोही अवस्थामा दाजुबहिनी नै जलेको उनले बताए। विशाल कक्षा सातमा

» पृष्ठ ११ मा क्रमशः







बन्द कोठामा आगो बालेर सुतेका सासू-बुहारीको निसास्सिएर गयो ज्यान



डडेल्धुरा/ डडेल्धुराको अमरगढी नगरपालिका- १, स्याउलेमा कोठाभित्र आगो बालेर सुतेका सासू-बुहारीको निसास्सिएर मृत्यु भएको छ। ६० वर्षीया धौलीदेवी दियाल र २६ वर्षीया बुहारी पुनमा दियालको मृत्यु भएको हो। सोमबार बिहान ७ बजेसम्म पनि नउठेपछि धौलीदेवीका नातिले ढोका खोलेर हेर्दा उनीहरू बेहोस अवस्थामा भेटिएको र डडेल्धुरा अस्पताल पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको स्थानीय सुरत तमोलीले बताए। चिकित्सकलाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय डडेल्धुराका सूचना अधिकारी कुसुम नायकले दुवैको निसास्सिएर मृत्यु भएको बताए।

संघीय संसद्को हिउँदे अधिवेशन सुरु



बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्ने सरकारको प्रतिबद्धता

(विस्तृत पृष्ठ ३)

पाकिस्तानमा नागरिक सर्वोच्चतासँग सम्झौता



अग्रलेख

वर्तमान राजनीतिक अराजकतामा पाकिस्तानका राजनीतिक दल उत्तिकै कसुरदार छन्।

● पामिर गौतम

(पृष्ठ ६)

हाइड्रोजन गाडी दर्ता गर्न कानुनी बाधा

केयूले दुई महिनाअघि आयात गरेको हाइड्रोजन कार दर्ता नहुँदा प्रांगणमा थन्किएको छ

(विस्तृत पृष्ठ ९)

मेलम्चीको पानी १३० ठाउँमा चुहावट

चुहावट मर्मत गर्न सडक विभागले असहयोग गरिरहेको केयुकेएलको आरोप

शान्ति तामाङ/नयाँ पत्रिका

उपत्यकामा पछिल्लोपटक मेलम्चीको पानी वितरण हुन थालेको २२ दिन भयो। योसँगै खानेपानी अभाव झेलिरहेका उपत्यकावासीमा केही राहत मिलेको छ। तर, पानी वितरण सुरु भएसँगै विभिन्न ठाउँमा चुहावट भएर सडक हिलाम्मे भइरहेका छन्।

१३० ठाउँमा चुहावटको समस्या देखिएको छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेयल)का प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार पूर्ण क्षमता (फुलफेज)मा पानी वितरण भएसँगै चुहावटमा वृद्धि भएको हो। 'विशेष गरी पुरानै वितरण सञ्जालका पाइबाट धेरै चुहावट देखिएको छ,' कार्कीले भने, 'चुहावट देखिएका ठाउँमा मर्मत गर्दै पानी वितरण गरिरहेका छौं। तैपनि, पुरानो पाइपमा खिया लागिसकेका कारण पटक-पटक समस्या देखिइरहेको छ।'

पाँच सयभन्दा धेरै ठाउँमा देखिएको चुहावट व्यवस्थापन गर्दै केयुकेयलले हाल एक सय ३० मा झारेको जनाएको छ। अहिले मेलम्चीको १७ करोड लिटरमध्ये साढे दुई करोड लिटर पानी नयाँ वितरण सञ्जालमा परीक्षणका लागि प्रयोग भइरहेको छ भने बाँकी उपभोक्तालाई वितरण भइरहेको छ। हाल

» पृष्ठ ११ मा क्रमशः



न्युप्लाजामा मेलम्चीको पानी चुहावट भएर हिलाम्य भएको सडक। वनस्थली, भगवानपाउ, लाजिम्पाट, लैनचौर, टेकु भन्सार, रंगशाला रोडलगायत ठाउँमा तीन-चारवटा चुहावट छन्। अन्य ठाउँमा चुहावट भए पनि कम छ। अरू केही ठाउँमा पनि दैनिकजसो ३०-४० वटा नयाँ चुहावट देखिएको छ। ती ठाउँमा दैनिक मर्मत गर्दै अगाडि बढ्ने काम भइरहेको छ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पुरानै वितरण सञ्जालका पाइपबाट धेरै चुहावट देखिएको छ

● **ज्ञानेन्द्रबहादुर कार्की**
प्रमुख कार्यकारी अधिकृत, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)



पूर्ण क्षमता (फुलफेज)मा पानी वितरण भएसँगै चुहावटमा वृद्धि भएको हो। विशेषगरी पुरानै वितरण सञ्जालका पाइपबाट धेरै नै चुहावट देखिएको छ। चुहावट देखिएका ठाउँमा मर्मत गर्दै पानी वितरण गरिरहेका छौं। तैपनि, पुरानो पाइपमा खिया लागिसकेका कारण पटक-पटक समस्या देखिन्छ नै।

■ भिजिट भिसाको सेटिङ

अदालतबाट सफाइ पाएलगत्तै विमानस्थलमै पोस्टिङ

नयाँ पत्रिका

भिजिट भिसा मुद्दाका फरार अभियुक्त अध्यागमनका एक अधिकृतले विगतमा पनि भिजिट भिसाको सेटिङमा मुद्दा खेपेको खुलेको छ। अध्यागमन अधिकृत शैलेन्द्र ढकाललाई चार वर्षअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो। सो मुद्दामा सफाइ पाएलगत्तै उनी विमानस्थल अध्यागमनमा पुगेका थिए।

प्रहरीले गत साता ढकालसहित नौ अध्यागमन अधिकृतविरुद्ध भिजिट भिसामा सेटिङको अभियोगमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ। जसमा ढकालसहित आठ अधिकृत फरार छन्। उनी वर्षौंदेखि विमानस्थलमा भिजिट भिसाको सेटिङमा संलग्न रहेको पाइएको छ। अख्तियारले ५ कात्तिक ०७६ मा ढकालसहित १३ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेकोमा १३ असार ०७९ मा फैसला आएको थियो। जसमा अध्यागमन अधिकृत कमलप्रसाद पराजुलीबाहेक

भिजिट भिसाको सेटिङकै आरोपमा चार वर्षअघि भ्रष्टाचार मुद्दा खेपेका अधिकृत शैलेन्द्र ढकालले सफाइ पाएलगत्तै विमानस्थलमै सरुवा मिलाएका थिए। अहिले फेरि भिजिट भिसाकै अर्को मुद्दामा फरार भएका छन्।

अरूले सफाइ पाएका थिए। यसरी सफाइ पाएलगत्तै अधिकृत ढकाल विमानस्थलमा सरुवा मिलाएर फेरि पनि

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

लाँकुरी भञ्ज्याङ वनमा विनाअनुमति रूख कटान

ललितपुर/ महालक्ष्मी नगरपालिका-१०, लाँकुरी भञ्ज्याङस्थित सामुदायिक वनमा जथाभावी रूख कटान र डोजर चलाएको पाइएको छ। वनको संरक्षण गर्नुपर्ने निकाय माथिल्लो पात्ले सामुदायिक वन उपभोक्ता समितिले नै अनधिकृत रूपमा रूख र डोजर चलाएको हो। पात्ले सामुदायिक वनमा विनास्वीकृति रूख कटान भइरहेको उजुरीपछि जिल्ला डिभिजन वन कार्यालय ललितपुरले अनुगमन गर्ने भएको छ। समितिले एक साताअघि सल्ला, उत्तीस र चिलाउनेका दर्जनभन्दा बढी रूख काटेको उजुरीमा उल्लेख छ। स्थानीयवासीले रूख काटिएको बारे डिभिजन वन कार्यालयमा गुनासो तथा उजुरी गरेका छन्। आइतबार डिभिजन वन कार्यालय ललितपुरले रूख कटानबारे समितिलाई पत्राचार गर्दै स्पष्टीकरण सोधेको छ। डिभिजन वन कार्यालयका वन अधिकृत सन्तकुमार श्रेष्ठले रूख कटान गरेको गुनासो आएपछि पत्राचार गरिएको र अब निरीक्षण पनि गरिने जानकारी दिए। तर, समितिका अध्यक्ष वीरमान तामाङले रूख कटान नगरिएको दाबी गरे।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको
गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना
(प्रकाशित मिति २०८०/१०/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०/११/०१ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरुको विवरण: तपसिल

क्र.सं.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं./ नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	काठमाण्डौं	डाडापौवा, रामकोट	८/८क	२१३	३८१.४८	घरजग्गा
२.	काठमाडौं	का.म.न.पा. (डिल्लीबजार)	१०/१०२११४६१७	२१०	१५३	घरजग्गा
		का.म.न.पा. (डिल्लीबजार)	१०/१०२११४६१७	१६७	३१७.९०	घरजग्गा
३.	कैलाली	भजनी	२/२	७५०	२७०९.१२	जग्गा
४.	कञ्चनपुर	त्रिभुवनबस्ती	३/०२६०९९८	४८१	२८५७.६९	जग्गा
५.	मोरङ्ग	विराटनगर उ.म.न.पा.	१९ /१७८०९०२०४	७३	३७९.६५	घरजग्गा
६.	कैलाली	प्रतापपुर	८/८	५०२	६७७१.६६	जग्गा
७.	इलाम	इलाम न.पा.	४/४क	४१३	२५४.३२	जग्गा
			४/४क	५६७	४४५.०६	जग्गा
			४/४क	५१६	२०६.६४	घरजग्गा
८.	रुपन्देही	धकधई	८/८ख	५९४	४६५.६३	जग्गा
९.	रुपन्देही	सिद्धार्थनगर न.पा.	१/१ग	३६	७२७.९५	जग्गा
१०.	रुपन्देही	सिद्धार्थनगर न.पा.	८/१०४०१५८१६	११८	१३२.७२	घरजग्गा
			८/१०४०१५८१६	१६१	४६.८५	घरजग्गा
			८/१०४०१५८१६	१६३	५८.२२	घरजग्गा
११.	तनहुँ	स्याम्घा	३/३ज	१८५	१२९.१७	जग्गा
			३/३ज	१८७	४३९.१९	जग्गा
			३/३ज	१८८	१५.९०	जग्गा
			३/३ज	२०३	७५.५२	जग्गा
			३/३ज	२०४	३७३.६१	जग्गा
१२.	सिराहा	चन्द्र लालपुर	२/२	३१४०	८४.६६	जग्गा
			२/२	३१४२	८४.६६	जग्गा
१३.	सिराहा	लाहान बजार	५/५	९५८	२०३.१६	जग्गा
		लाहान बजार	५/५	९७२	३३.८६	जग्गा
		सन्हैठा	४/४क	७३८	२११६.४३	जग्गा
१४.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	जमुवाड	९/९क	२३५	१९४६.८५	जग्गा
			९/९क	२३३	१२५२.७६	जग्गा
			९/९क	२३५७	८४.६६	जग्गा
			९/९क	२३६०	२४६३.६०	जग्गा
१५.	रुपन्देही	मक्रहर	८/८ग	११६	४४३५.४४	जग्गा
			८/८ग	४	७७८.७४	जग्गा
			८/८ख७४	२७	१३०.००	घरजग्गा
१६.	बाँके	रुकेना	८/८ख	५४०१	२२४.३२	घरजग्गा

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)


गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण

१. यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा ।
२. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा ।
३. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४७७१ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
४. यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. २ ख (हाल बुटवल उ.म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ४६१५ को क्षेत्रफल ०-०-४-० (विगाह) को घरजग्गा ।
५. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा ।
६. यस बैंकको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ६क स्थित कित्ता नं. ५११ को क्षेत्रफल ०-६-२-० (विगाह) को घर/जग्गा ।
७. यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
८. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ (हाल हेटौंडा उ.म.न.पा वडा नं. १४) स्थित कित्ता नं. ४२१८, ४२१६ र ४२१४ को क्षेत्रफल क्रमशः ०-०-१०.२५-०, ०-०-१०.७५-० र ०-०-११-० (विगाह) को जग्गा ।
९. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौंडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
१०. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ११ स्थित कित्ता नं. ९७९५ को क्षेत्रफल ०-०-८.२५-० (विगाह) को जग्गा ।
११. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
१२. यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ११ स्थित कित्ता नं. १३१३९ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
१३. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा र लक्ष्मीनिया गा.वि.स. वडा नं. २/क (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ८४२ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
१४. यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १७ (हाल नेपालगंज उ.म.न.पा वडा नं. १३) स्थित कित्ता नं. १९० को क्षेत्रफल ६९४ (व.मि) को घर/जग्गा ।
१५. यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ५ ङ (हाल तार्केश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२० को क्षेत्रफल २६२.२७ (व.मि) को घरजग्गा ।
१६. यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
१७. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. ९ क (हाल शुद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २८, ५३७, ७३६ र ७४३ को क्षेत्रफल क्रमशः ०-२-१९-०, ०-४-५-२, ०-१-०-० र ०-१-३-२ (विगाह) को जग्गा ।
१८. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा ।
१९. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा ।
२०. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा ।
२१. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
२२. यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स वडा नं. ८क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १९०६, १९९२, ११४७ र ११४८ को क्षेत्रफल क्रमशः ०-०-६.५-०, ०-०-६.५-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को घरजग्गा ।
२३. यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स वडा नं. ९ग (हाल तिलोत्तमा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७०६ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
२४. यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.९९ (व.मी) को घरजग्गा ।
२५. यस बैंकको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ११ को क्षेत्रफल ४३४.४० (व.मी) को घर/जग्गा ।
२६. यस बैंकको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सितापाइला गा.वि.स वडा नं. १ (हाल नागार्जुन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४१० र ४१२ को क्षेत्रफल क्रमशः १३.०४ र १३०.६८ (व.मी) को घरजग्गा ।
२७. यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. २ (हाल पचतौरा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
३८. यस बैंकको नाममा मालपोत कार्यालय सिम्रौनगढ, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, कचोर्बा गा.वि.स. वडा नं. ३ (हाल सिम्रौनगढ न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९८३७ को क्षेत्रफल ०-८-० (विगाह) को जग्गा ।
२९. यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा ।
३०. यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
३१. यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. १ (हाल विर्तामोड न.पा वडा नं. १) स्थित कित्ता नं. २४९१ र २४९२ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (विगाह) को घरजग्गा ।
३२. यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ६५८, ६५९ र ५०५७ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-२-०-० र ०-१-३-३ (विगाह) को घरजग्गा ।
३३. यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ९५१ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
३४. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा ।
३५. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा ।





लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

संघीय संसद्को हिउँदे अधिवेशन सुरु

बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्ने सरकारको प्रतिबद्धता

- सभामुख र उपभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न दलीय आधारमा सात सांसद मनोनीत
- विद्युतीय हाजिरीसम्बन्धी निर्णय कार्यान्वयनमा नआएपछि सांसदले पुस्तिकामै गरे हाजिर
- दुवै सभामा संक्रमणकालीन न्याय टुंग्याउन गठित आयोगको म्याद असार मसान्तसम्म थप्ने गरी जारी बाधा अड्काउ फुकाउ आदेश र प्रिबजेट छलफल हिउँदे अधिवेशनमा सार्न जारी भएको अध्यादेश प्रस्तुत
- प्रतिनिधिसभामा २७२ सांसद उपस्थित, ५५ जना अनुपस्थित
- अधिवेशनको पहिलो बैठकमै दुईवटा संकल्प प्रस्ताव दर्ता



सोमबार सुरु भएको हिउँदे अधिवेशनमा उपस्थित प्रतिनिधिसभा सदस्यहरू। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्को सोमबार सुरु भएको हिउँदे अधिवेशनमा बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्ने प्रतिबद्धता सरकारले गरेको छ। एक वर्षमा सदनले धेरै कानुन बनाउन नसकेकाले सरकार र सदन दुवै दबाबमा छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राम्रो वातावरणमा विधेयक अधिवेशन सुरु भएको उल्लेख गर्दै बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्नेतर्फ केन्द्रित भएर अगाडि बढ्ने बताए। 'यो अधिवेशन विधेयक अधिवेशन हो। बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्नेतर्फ केन्द्रित भएर राम्रो वातावरणमा सुरु भएको छ। अब अगाडि बढ्छौं,' बैठक सकिएपछि संसद् परिसरमा सञ्चारकर्मीसँग प्रधानमन्त्री प्रचण्डले भने।

अधिवेशनको शुभारम्भमा सभामुख देवराज घिमिरेले चालू अधिवेशनमा मुलुकलाई आवश्यक कानुन निर्माण गर्ने र संसदीय गतिविधिलाई थप प्रभावकारी र व्यवस्थित बनाउने प्रण गर्न जरुरी रहेको बताए। 'राष्ट्रका साझा मुद्दाहरूमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको एकतालाई निरन्तरता दिनैपर्दछ,' उनले आफ्नो सम्बोधनमा भने, 'जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने विश्वास छ।

संसदीय गतिविधि समयबद्ध सञ्चालनका लागि कार्यतालिका लागू गर्ने र विगतमा बजेटमाथिको छलफलमा उठेका टिप्पणीसमेतलाई ध्यानमा राखेर यसै अधिवेशनमा बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल गर्न लागेको उनले बताए।

क्यालेन्डरसहित सुरु भएको अधिवेशनमा प्रतिनिधिसभाले बैठकको अध्यक्षता गर्न दलीय आधारमा सातजना सांसदलाई मनोनीत गरेको छ। सोमबार अपराह्न चार बजे बसेको बैठकमा सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा नियमावली नियम १० बमोजिम ईश्वरीदेवी न्यौपाने, कृष्णगोपाल श्रेष्ठ, चन्दा कार्की भण्डारी, प्रतीक्षा तिवारी, विमला सुवेदी, बुद्धिमान तामाङ, रामकृष्ण यादवलाई मनोनयन गरेका हुन्। सभामुख तथा उपभामुखको अनुपस्थितमा मनोनीत सदस्यले बैठकको अध्यक्षता गर्छन्।

यसैगरी, सभा तथा समितिका कामकारबाहीका सम्बन्धमा देखापरेका प्रक्रियागतलगायतका अन्य कमीकमजोरी पहिचान गरी नियमावलीमा समयानुकूल परिमार्जन गर्न राष्ट्रिय सभाले गठन गरेको मस्यौदा समितिको 'राष्ट्रिय नियमावली, ०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन ०८०' पेस भएको छ। दुवै सभामा संक्रमणकालीन न्याय टुंग्याउन गठित आयोगको म्याद आगामी असार मसान्तसम्म थप्ने गरी जारी बाधा अड्काउ फुकाउ आदेश र प्रिबजेट छलफल हिउँदे अधिवेशनमा सार्ने गरी जारी भएको अध्यादेश प्रस्तुत भएको छ। राष्ट्रिय सभामा दलका नेताले सम्बोधन गर्दा प्रतिनिधिसभामा २४ माघको बैठकमा शीर्ष नेताले बोल्ने तय भएको छ।

■ देउवा र ओली अनुपस्थित

पहिलो दिन कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओली पनि अनुपस्थित रहे। देउवा छोरा जयवीरको बिहेमा व्यस्त रहेकाले उपस्थित भएनन् भने ओली पार्टीको कार्यक्रममा सिलसिलामा मधेशमा रहेकाले सहभागी भएनन्।

■ विद्युतीय हाजिरी लागू भएन

अधिवेशन प्रारम्भ हुनुअघि प्रतिनिधिसभाको कार्यव्यवस्था तथा परामर्श समितिले सांसदको सक्रिय सहभागिताका लागि विद्युतीय हाजिरी अनिवार्य गर्ने निर्णय गरेको थियो। तर, अधिवेशनको पहिलो दिन नै कार्यान्वयनमा आएन।

संसद् सचिवालयका अनुसार निर्णय कार्यान्वयन गर्न प्राविधिक तयारी नपुगेको र जनशक्ति व्यवस्थापन पनि भइसकेको छैन। 'कार्यव्यवस्थाबाट निर्णय भइसकेको छ। टेक्निकल र कर्मचारी व्यवस्थापन गरेर छिट्टै अगाडि बढाउँछौं,' सचिवालयका एक अधिकारीले भने। विद्युतीय हाजिरीको निर्णय कार्यान्वयनमा नआए पनि सांसदले पुस्तिकामै हाजिर गरेका छन्। सचिवालयका अनुसार प्रतिनिधिसभामा २७२ जना सांसद उपस्थित भए भने ५५ जना सांसद अनुपस्थित रहे। दुईजना निलम्बनमा रहेको र एक पद रिक्त भएकाले प्रतिनिधिसभामा २७२ सांसद कायम छन्।

■ क्यालेन्डर लागू

यो अधिवेशनमा दुवै सभाले क्यालेन्डर लागू गरेका छन्। प्रतिनिधिसभाले तेस्रो अधिवेशनका लागि १४ फागुनसम्मको प्रारम्भिक र राष्ट्रिय सभाले १५औँ अधिवेशनका लागि फागुन मसान्तसम्मको कार्यतालिका स्वीकृत गरेर लागू गरेका हुन्। सभामुख घिमिरेले कार्यतालिका लागू भएपछि बैठकमा सांसद उपस्थिति र सहभागितालाई सहज हुने अपेक्षा गरेको बताए। 'गएको एक वर्षमा एउटा मात्रै विधेयक पारित भएको विषयलाई लिएर प्रश्न उठेका छन्। आगामी अधिवेशन ती सबै प्रश्नको समेत जवाफ दिने गरी परिणामुखी बनाउन अपिल गर्दछु,' उनले भने। कानुनमन्त्री धनराज गुरुङले धेरै गृहकार्य गरेर कार्यतालिका लागू गर्ने अवस्थामा पुगेको भन्दै बैठक बस्ने दिनका बारेमा हुने द्विविधा अन्त्य गर्न सहयोग पुग्ने बताए।

■ **पुष्पकमल दाहाल प्रचण्ड**, प्रधानमन्त्री



यो विधेयक अधिवेशन हो। बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्नेतर्फ केन्द्रित भएर राम्रो वातावरणमा सुरु भएको छ। अब अगाडि बढ्छौं।

■ **देवराज घिमिरे**, सभामुख



राष्ट्रका साझा मुद्दाहरूमा संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको एकतालाई निरन्तरता दिनैपर्दछ। जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने विश्वास छ।

■ महासचिव नियुक्ति ढिलाइबारे प्रश्न

राष्ट्रिय सभामा दलका नेताले सम्बोधन गर्दा संसद्को महासचिव नियुक्तिमा भएको ढिलाइमा प्रश्न उठाएका छन्। राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाको परामर्शमा सभामुख घिमिरेले करिब दुई महिनाअगाडि पद्मप्रसाद पाण्डेयको नाम महासचिवमा सिफारिस गरेका थिए। तर, राष्ट्रपति रामचन्द्र पौडेलले अझै नियुक्त गरेका छैनन्।

राष्ट्रिय सभामा एमाले दलका नेता देवेन्द्र दाहालले पदको गरिमा राखेर संसद्को महासचिव नियुक्तिमा चलखेल नगर्न राष्ट्रपतिलाई चेतावनी दिए। 'राष्ट्रपतिज्यू तपाईंको अध्ययन चिन्तन बढी भयो। कानुनअनुसार सिफारिस गरिएको महासचिव अविलम्ब दिनुहोस्। कार्यवाहकबाट काम चलाउनुपर्ने परिस्थिति अन्त्य होस्,' उनले भने।

■ दुईवटा संकल्प प्रस्ताव पेस

अधिवेशनको पहिलो संसद्मा दुइटा संकल्प प्रस्ताव दर्ता भएका छन्। प्रतिनिधिसभामा कांग्रेस सांसद चन्दा चौधरीले बालविवाह निर्मूल पार्न विवाहअघि सम्बन्धित स्थानीय तहबाट २० वर्ष पुगेको बालिग प्रमाणपत्र अनिवार्य लिनुपर्ने व्यवस्थाका लागि छलफल चलाउन माग गर्दै संकल्प प्रस्ताव दर्ता गराएकी छिन्। यसैगरी, राष्ट्रिय सभामा एमालेकी दिलकुमारी रावल थापाले सबै दलको समर्थनमा सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेकी छिन्। 'सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने र दुर्घटनामा ज्यान गुमाउनेको परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको उद्धार तथा उपचार, अपांगता भएका नागरिकलाई उचित प्रबन्ध तथा मर्यादित श्रमको प्रवर्द्धनका लागि चालक एवं सहचालकका लागि परामर्श केन्द्र र गुनासो सुनुवाइ गर्ने निकायको व्यवस्था साथै आमनागरिकबीच सडकको सही प्रयोगबारे चेतना अभिवृद्धि अभियानलगायत विषयमा तत्काल कदम चाल्न आवश्यक देखिएकाले,' प्रस्तावमा छ।

संक्षेप

दुई दिनमा अनुसन्धान सकेर उद्योगपति चौधरीलाई हाजिर जमानी छाड्न आदेश

काठमाडौं/ बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा हिनामिना गरेको अभियोगमा पक्राउ परेका उद्योगपति अरुण चौधरीसहित तीनजनालाई दुई दिनपछि हाजिर जमानीमा राखेर अनुसन्धान गर्न अदालतले आदेश दिएको छ। नेपालप्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले गत १८ माघमा अरुणसहित तत्कालीन बाँसबारी छालाजुत्ता कारखानाका लिमिटेडका कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरलाई पक्राउ गरेको थियो। उनीहरूविरुद्ध अनुसन्धानका लागि पाँच दिनको म्याद माग्दै सिआइबी जिल्ला अदालत काठमाडौं पुगेको थियो। अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले थप अनुसन्धानका लागि दुई दिनको म्याद त थप गऱ्यो। त्यसपछिको अनुसन्धान भने हाजिर जमानीमा राखेर गर्न आदेश दियो।

सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले अरुणसहितका तीन अभियुक्तविरुद्ध अनुसन्धानका लागि दुई दिनको म्याद थप भएको र त्यसपछिको अनुसन्धान हाजिर जमानीमा राखेर गर्न आदेश भएको बताइन्। उनले भनिन्, 'अरुणसहितको तीनजनालाई म्याद थप गर्न आज अदालत लगिएको थियो। उनीहरूविरुद्ध दुई दिनको म्याद थप भएको छ। त्यसपछिको अनुसन्धान भने हाजिर जमानीमा राखेर गर्न अदालतको आदेश छ।' सिआइबीले पक्राउ अभियुक्तविरुद्ध म्याद थप गर्न सोमबार अपराह्न अदालत लगेर गएको थियो।

मानविकी संकायको कक्षा अनलाइनबाट चलाउन नपाइने

काठमाडौं/ त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय, डिन कार्यालयले अनलाइन कक्षा रोक्न निर्देशन दिएको छ। पूर्ण भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्नुपर्ने औंल्याउँदै डिन कार्यालयले सबै क्याम्पसलाई सोमबार निर्देशन जारी गरेको हो। कोभिड- १९ का वेला अधिकांश पठनपाठन अनलाइन प्रणालीबाट भएको थियो। तर, अझै पनि कतिपय क्याम्पसले त्यही तरिकाले पठनपाठन गर्दै आएपछि डिन कार्यालयले भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्न निर्देशन दिएको हो। कार्यालयले सोमबार सूचना जारी गर्दै भौतिक रूपमा कक्षा सञ्चालन नगर्ने क्याम्पसलाई कारबाही गर्ने चेतावनीसमेत दिएको छ। अनलाइन प्रणालीबाट कक्षा सञ्चालन गर्दा प्रभावकारी नहुने भन्दै डिन कार्यालयले विद्यार्थीलाई भौतिक रूपमै उपस्थिति हुन पनि आग्रह गरेको छ। हाल स्नातकोत्तर, अधिनास्तक (पिजिडी), स्नातक तहका कतिपय कक्षा अनलाइन प्रणालीमा हुने गरेका छन्। तर, यी कक्षा भौतिक उपस्थितिमै सञ्चालन हुनुपर्ने डिन कार्यालयको ठहर छ।

चीनले दियो तातोपानी भन्सारलाई अत्याधुनिक स्क्यानर

सिन्धुपाल्चोक/ चीन सरकारले उत्तरी नाका तातोपानी भन्सार कार्यालयका लागि अत्याधुनिक स्क्यानर मेसिन हस्तान्तरण गरेको छ। नेपालस्थित चिनियाँ राजदूतावासका काउन्सिलर सियू र स्वशासित क्षेत्र तिब्बतको न्यालम जिल्लास्थित अध्यागमनका अधिकारीले भन्सार विभागका उपमहानिर्देशक रमेश अर्याललाई सोमबार तातोपानी भन्सार हाताभित्रै सामग्री हस्तान्तरण गरे। चीनले ६२ करोड नेपाली रुपैयाँबराबरका दुईवटा भेहिकल र लगेज स्क्यानरसँगै सामग्री दिएको हो। चीनले फर्निचर, कम्प्युटर, टेलिभिजन, बेड र किचनका सामग्री ०७६ मा नाका खुल्नासाथ चीनले दिएको थियो। 'अहिले दुईवटा आधुनिक स्क्यानर मेसिन हस्तान्तरण गरिएको हो,' तातोपानी भन्सारका सूचना अधिकारी सूर्यप्रसाद काफ्लेले भने। साना-ठूला सबै गाडीको स्क्यान गर्न सक्ने भेहिकल स्क्यानर ट्रकजस्तै गुड्ने खालको छ। चिनियाँ नयाँ वर्ष स्प्रिङ फेस्टिभल नजिकिँदै गरेकाले स्क्यानर मेसिन चलाउने प्राविधिक प्रशिक्षण फेब्रुअरी १५ पछि हुने काफ्लेले जानकारी दिए। 'अत्याधुनिक स्क्यानर मेसिनले मानिसको लगेज र गाडीभित्र रहेका सामानको चेकजाँच गर्न सक्छ। स्क्यानर मेसिनले भन्सारमा हुने चोरी-तस्करी र अवैध सामग्री नियन्त्रणमा सहयोग मिल्ने अपेक्षा गरिएको छ,' तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले भने।

■ चुरेबाट बग्ने नदीखोलामा जथाभावी उत्खनन

बस्ती र पुलसमेत जोखिममा

धनगढीमा **तेजराज भट्ट**

कैलालीमा चुरे भएर बग्ने नदी, खोलाहरूबाट मापदण्डविपरीत जथाभावी ढुंगा, गिटी, बालुवा उत्खनन भइरहेको छ। वातावरणीय प्रभाव मूल्यांकन नै नभएको क्षेत्रबाट समेत एक्स्काभेटर लगाएर ढुंगा, बालुवा संकलन भइरहेको हो।

वातावरणलाई असर पर्ने गरी जथाभावी उत्खनन हुँदा आसपासका बस्ती जोखिममा परेका छन्। स्थानीय तहकै संरक्षणमा यस्तो कार्य भइरहेको स्थानीयवासी बताउँछन्। गोदावरी नगरपालिकाको गोदावरी र खुटिया नदी तथा खमौरा खोलाको धार नै परिवर्तन हुने गरी उत्खनन भइरहेको छ। एक्स्काभेटरले खोलाको बीचमा ठुल्ठूला खाल्डा पारेको छ। जथाभावी उत्खननले बर्खायाममा नदी तथा खोलाआसपासका बस्तीमा पस्ने भयमा स्थानीयवासी छन्।

खमौरा खोलामा समेत खनेर ढुंगा, बालुवा संकलन भइरहेको खमौराका रेश्मा चौधरीले बताइन्। 'नदीको बीच र किनारामा खनेर ठुल्ठूला खाल्डा पारिएका छन्, जथाभावी ढुंगा-बालुवा संकलन भइरहेको छ,' उनले भनिन्, 'बर्खामा नदीको धार परिवर्तन गरेर गाउँ पस्ने त्रास छ।'

गोदावरीमा मापदण्डविपरीत नदीखोलाबाट प्राकृतिक स्रोतको व्यापक दोहन भइरहेको गुनासोका आधारमा जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख खगराज भुसाल, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रसहितको टोलीले स्थलगत अनुगमन गरेको छ। यी तीनवटै नदीमा मापदण्डविपरीत ढुंगा, बालुवा उत्खनन भइरहेको पाएपछि टोलीको निर्देशनमा प्रहरीले १९ वटा सवारीसाधनलाई नियन्त्रणमा लिएको छ। अवैध उत्खननमा संलग्न तीन-तीनवटा जेसिबी, एक्स्काभेटर र ट्र्याक्टर तथा १० वटा टिपरलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले बताए।



खुटिया नदी किनारमा ढुंगा-बालुवा उत्खनन गर्दै।

गोदावरीमा प्राकृतिक स्रोतको अनियन्त्रित दोहन भइरहेको पाएको अनुगमन टोलीले जनाएको छ। चुरेको फेदी, पुलमुनि र तोकिएभन्दा बढी गहिराइबाट उत्खनन गर्न नपाइने मापदण्डविपरीत त्यहाँ नदीको स्वरूप नै कुरूप हुने गरी उत्खनन भइरहेको अनुगमनमा संलग्न जिल्ला समन्वय समितिका सूचना अधिकारी विमलप्रकाश जोशीले बताए। वातावरणीय प्रभाव मूल्यांकन नगरिएको ठाउँबाट समेत उत्खनन भइरहेको उनले बताए। 'नदी र खोलाको धार परिवर्तन हुने गरी मेसिनले नदीमा ठुल्ठूला खाल्डा खनिएका छन्, चुरेको फेदी र पुलमुनिबाट समेत उत्खनन भएको देखियो,' जोशीले भने, 'तीनवटै नदीमा वातावरणीय प्रभाव मूल्यांकनमा बढीमा एक मिटर गहिराइबाट उत्खनन गर्न सकिने भनेको रहेको छ, तर चार मिटरभन्दा गहिरा खाल्डा खनिएका छन्।' चुरेको फेदीमै डोजरले खाल्डा खनेर ढुंगा निकाल्ने र पुर्ने गरेको देखिएको अनुगमन टोलीले जनाएको छ।

■ खुटिया नदीको पुल नै जोखिममा

डोजर र एक्स्काभेटर लगाएर नदीजन्य पदार्थ जथाभावी संकलन गरिँदा पूर्व-पश्चिम राजमार्गअन्तर्गत खुटिया नदीको पुलका दुईवटा पिलर जोखिममा परेका अनुगमन टोलीको निष्कर्ष छ। गोदावरी नगरपालिकै सेहरी गाउँमा खुटिया नदीमा बनेको झोलुंगे पुलसमेत अवैध उत्खननले जोखिममा देखिएको जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख भुसालले बताए।

'पुलको पाँच सय मिटरआसपाससम्म उत्खनन गर्न पाइँदैन, तर यहाँ पिलरैनजिकबाट उत्खनन भएको देखियो। यसले पुल जोखिममा परेको देखिन्छ,' उनले भने, 'नदीमा ढुंगा, गिटी, बालुवा थुपारेर राख्न पाइँदैन, तर थुपारेर चाल्ने कामसमेत भइरहको छ।' चुरेको फेदी भएर बग्ने यी तीनवटै नदीखोलामा ढुंगा, बालुवा संकलनको ठेक्का लाग्न नसकेपछि गोदावरी नगरपालिकाले कर्मचारी खटाएर रोयल्टी संकलन गरिरहेको छ। नगरका जनप्रतिनिधिकै संरक्षणमा अनियन्त्रित दोहन भइरहेको स्थानीयको आरोप छ।

गौरीगंगा नगरपालिकाले ठेक्का लगाएको कान्द्रा नदीबाट पनि ढुंगा, गिटी, बालुवाको अनियन्त्रित दोहन भइरहेको स्थानीयले बताएका छन्। लिक्मा नदीमा मापदण्डविरीत उत्खनन भइरहेको स्थानीयबाट गुनासो आएकाले अनुगमन गरिने कार्यवाहक प्रमुख भुसालले बताए।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा १८ व्यक्ति-कम्पनीविरुद्ध प्रहरीमा जाहेरी

पोखरामा **रोहितराज पराजुली**

सूर्यदर्शन सहकारीका बचतकर्ताको निक्षेप हिनामिना प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र माओवादीको भातृ संगठन अखिल क्रान्तिकारीका महासचिव दीपेश पुनसहित १८ व्यक्ति-कम्पनीविरुद्ध प्रहरीमा जाहेरी परेको छ।

सूर्यदर्शन बचतपीडित संघर्ष समितिले सोमबार लामिछाने र पुनसहित सहकारीका पूर्वअध्यक्ष ज्ञानबहादुर बमजन, नेत्रपाणि बास्तोला, नेचर हब प्रालि, गोर्खा मिडिया प्रालि, नेचर नेस्ट, वारिसान इन्फर्मेसन टेक्नोलोजी, स्प्रिड उड रियल इस्टेट, सोनी क्यापिटल, ग्रिजी स्पान, गोर्खा ग्रुप इन्भेस्टमेन्ट र गोर्खा आयुर्वेद प्रालिसहितविरुद्धको जाहेरी कास्कीका प्रहरी प्रमुख मोहनकुमार थापालाई बुझाएको हो।

सहकारीको रकम हिनामिनासम्बन्धी सरकारी निकायले गरेको अध्ययन प्रतिवेदनका आधारमा थप १८ विरुद्ध जाहेरी दिइएको संघर्ष समितिका संयोजक किरण श्रेष्ठले बताए। जाहेरी दिइएका अन्य व्यक्ति र संस्था सहकारीका पूर्वअध्यक्ष गितेन्द्रबाबु राई (जिबी) र सहकारीका कोषाध्यक्ष कुमार रम्तेलसँगका विभिन्न कम्पनीमा जोडिएकाले जाहेरी दिइएको श्रेष्ठले बताए। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले भने सहकारीपीडितको पूरक जाहेरी आएको बताए। सहकारीका एक हजार ३६ बचतकर्ताको एक अर्ब ११ करोड ठगी प्रकरणमा एउटा मुद्दा यसअघि नै अदालतमा पुगिसकेको छ। जिल्ला अदालत कास्कीले १९ जनालाई पुर्पक्षका लागि थुनामा पठाउन भने पनि चारजना मात्र कारागार चलान भएका छन्। बाँकी १५ जना फरार छन्।

श्याम परदेशीलाई सम्पत्ति शुद्धीकरणमा सफाइ



काठमाडौं/ मिटरब्याजबाट सर्वसाधारणलाई ठगी गरेका श्याम परदेशी भनि चिनिने श्यामकृष्ण साहलाई विशेष अदालतले सफाइ दिएको छ। सम्पत्ति शुद्धीकरण मुद्दामा उनलाई सोमबार सफाइ दिने फैसला भएको हो। विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले उक्त निर्णय गरेको हो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २० साउन ०७९ मा उनीसहित दुईजनाविरुद्ध मुद्दा चलाएको थियो। उनकी पत्नी मञ्जुदेवीलाई पनि प्रतिवादी बनाइएकोमा उनले पनि सफाइ पाएकी हुन्। झुक्याएर नक्कली तमसुक बनाई सर्वसाधारणबाट चर्को ब्याजमा ऋण दिने गरेको भन्दै सर्लाहीका परदेशीविरुद्ध उजुरी परेको थियो। उनीविरुद्ध विभागले तीन करोड २० लाख ९२ हजार रुपैयाँभन्दा बढी बिगो मागदाबी गरेको थियो। उनकी श्रीमती मञ्जुसँग भने ६५ लाख रुपैयाँको बिगो माग गरिएको थियो। उनीविरुद्ध जिल्ला अदालत सर्लाहीमा समेत ठगीको मुद्दा विचाराधीन छ।

■ कोशीमा सांसदहरूको सेवा-सुविधा बढाइएको विरुद्ध रिट दायर

कोशी प्रदेशमा पूर्वमुख्यमन्त्रीसमेतका पदाधिकारीलाई गाडी तथा अन्य सेवा-सुविधा दिने अध्यादेश ल्याइएकोमा त्यसविरुद्ध सर्वोच्चमा रिट दर्ता भएको छ। सोमबार दायर रिटमाथि बुधबार सुनुवाइ हुने सर्वोच्चको सूचना अधिकारी गोविन्द घिमिरेले जानकारी दिए। उक्त प्रदेशले सत्तारूढ पार्टीका संसदीय दलका नेताहरू, पूर्वमुख्यमन्त्रीलगायतलाई गाडी सुविधा दिने गरी अध्यादेश जारी गरेको थियो। ६ माघमा केही ऐन संशोधन गर्न बनेको अध्यादेशबाट सरकारमा सहभागी दलका संसदीय दलका नेताहरूलाई प्रदेश सभाबाट दिइने सेवा-सुविधा बढाइएको थियो। यसैविरुद्ध रिट दायर भएको हो।

उक्त अध्यादेश संविधानसँग बाझिएको भन्दै रुपन्देहीका अधिवक्ता कपिलदेव ढकालले रिट दर्ता गराएका हुन्। जसमा प्रदेश सकारको कार्यालय, प्रदेश सभा र प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाइएको छ। उक्त रिटमा अग्राधिकार माग गरिएको छ भने अध्यादेशअनुसारको सेवा-सुविधा बढाउने कार्य तत्काल रोक्न अन्तरिम आदेशसमेत माग भएको छ।



अभियानसँगै महासमिति बैठकको समानान्तर तयारीमा कांग्रेस

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

समुदायमा कांग्रेस अभियानसँगै कांग्रेसले समानान्तर रूपमा महासमिति बैठकको तयारी अगाडि बढाएको छ। अभियानलगत्तै ७ फागुनबाट कांग्रेसको महासमिति बैठक सुरु हुँदै छ। २६ माघमा कांग्रेसको अभियान सकिँदै छ। महासमिति बैठक १० फागुनसम्म चल्नेछ।

महासमिति बैठकका लागि कांग्रेसले व्यवस्थापकीय तयारी तीव्र पारेको छ। प्रचार विभाग प्रमुख मीन विश्वकर्मा अभियान र महासमिति बैठकको तयारी समानान्तर रूपमा जारी रहेको बताउँछन्। कांग्रेसले महासमिति बैठक असर नपर्ने गरी केन्द्रीय सदस्य र पदाधिकारीलाई जिम्मेवारी दिएर अभियानमा पठाइएको छ। उनका अनुसार नीतिगत र व्यवस्थापकीय तयारीका लागि १३ उपसमिति बनाइएका छन्। उपसमितिहरूले निरन्तर काम गरिरहको छ। प्रतिनिधि छनोट अन्तिम चरणमा छ। उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा रहेको नीतिगत प्रस्ताव तयार समितिले प्रस्ताव तयार पारेको छ।

उनका अनुसार माघ मसान्तभित्र प्रतिनिधिको टुंगो लगाउने र ४ फागुनभित्र केन्द्रीय समिति बैठक राखेर प्रस्ताव र प्रतिनिधिको अनुमोदनलगायतका आवश्यक निर्णय लिने तयारी छ। 'समुदायमा अन्तरसंवाद गरिरहेका छौं। साथै, नीति अधिबेशनसमेत गर्ने गरी हुन लागेको महासमिति बैठकको तयारी पनि चलिरहेको छ,' उनले भने, 'प्रतिनिधि छनोटको काम अन्तिम चरणमा छ। नीति अधिवेशन ४ फागुनसम्ममा केन्द्रीय समिति राखेर प्रतिनिधि र प्रस्तावलाई अनुमोदन गर्नेछौं।'

थप आठ उपसमिति गठन

महासमिति बैठकको तयारीका लागि कांग्रेसले आठ उपसमिति गठन गरेको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका महासमितिको बैठक तयारी मूल समितिका संयोजकसमेत रहेका सभापति शेरबहादुर देउवाले बैठकलाई व्यवस्थित गर्न उपसमिति गठन गरेका हुन्।

पौडेलका अनुसार मीनबहादुर विश्वकर्माको संयोजकत्वमा प्रचार-प्रसार उपसमिति, मदनबहादुर अमात्यको संयोजकत्वमा आवास समन्वय उपसमिति, उदयशमशेर राणाको संयोजकत्वमा भोजन व्यवस्थापन उपसमिति, धना खतिवडाको संयोजकत्वमा यातायात व्यवस्थापन उपसमिति गठन गरिएको छ। साथै, स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा जितजंग बस्नेत, स्वास्थ्य समन्वय उपसमितिको संयोजकमा उर्मिला नेपाल केसी, इन्द्र बानियाँको संयोजकत्वमा प्रदेश समन्वय उपसमिति, स्थानीय व्यवस्थापन उपसमितिको संयोजकमा जितेन्द्र श्रेष्ठलाई जिम्मेवारी दिइएको छ।

८ असोजमा कांग्रेसले गरेको केन्द्रीय समिति बैठकले महासमिति बैठकले तयारीका लागि सभापति शेरबहादुर देउवाको संयोजकत्वमा मूल तयारी समिति गठन गरेको थियो। बैठकले नीतिगत प्रस्ताव तयार गर्न उपसभापति खड्काको संयोजकत्वमा प्रस्ताव तयारी समिति, सांगठनिक प्रतिवेदनको जिम्मा महामन्त्री थापा र समसामयिक राजनीतिक प्रतिवेदन प्रस्तावको जिम्मा महामन्त्री शर्माले प्रस्तुत गर्ने निर्णय गरेको थियो। महामन्त्रीद्वयले छुट्टाछुट्टै एजेन्डालाई संयुक्त खाकाका रूपमा तयारी गरिरहेका छन्। महामन्त्रीद्वयले सांगठनिक प्रस्ताव र समसामयिक राजनीतिक प्रस्तावको खाकालाई अभियानको विषय समेटेर अन्तिम रूप दिने तयारी छ।

महामन्त्री थापा अभियानलगत्तै तल्लो तहका सुझावलाई समेटेर प्रस्तावको एजेन्डा बनाउने बताँउछन्। सहमहामन्त्री बद्री पाण्डे ग्रासरुटमा पुगेर जनस्तरमा अन्तर्क्रियापछि हुने नीति अधिवेशनमा तल्लो तहबाट आएका सुझावलाई समेट्ने बताउँछन्।

■ प्रतिनिधि छनोटलाई अन्तिम रूप दिँदै निर्वाचन समिति

महासमिति बैठकका लागि प्रतिनिधि छनोटको कामलाई पनि अन्तिम रूप दिन लागिएको छ। केन्द्रीय निर्वाचन समिति संयोजक खम्बबहादुर खातीका अनुसार २८ क्षेत्रको प्रतिनिधि छनोट भएको जानकारी आएको छैन। 'पार्टीबाट आग्रह भएको अवस्थामा बाहेक हामी म्याद थप गर्ने पक्षमा छैनौं। २० माघभित्र आएका विवरणलाई समेटेर अन्तिम विवरण तयार गर्दै छौं। यो साताभित्र प्रतिवेदन बुझाँउछौं। नभएका स्थानमा पार्टीले विकल्प दिन सक्छ,'उनले नयाँ पत्रिकासँग भने।

उनका अनुसार विदेशस्थित जनसम्पर्क समितिबाट समेत प्राप्त विवरणलाई समेटेर प्रतिनिधिको अन्तिम विवरण तयार हुने क्रममा छ। यस आधारमा महासमिति बैठक प्रतिनिधिको संख्या टुंगो लाग्ने निर्वाचन समितिको भनाइ छ।

क.र.का.दर्ता नं. : ९६८६७/०६९०७७

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Email : info@mslbsl.com.np, Web: www.mslbsl.com.np

UNAUDITED 2ND QUARTER FINANCIAL RESULT OF F.Y 2080/81

CONDENSED STATEMENT OF FINANCIAL POSITION
For the Quarter ended 29th Poush 2080

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and Cash Equivalents	249,325,679.08	298,767,229.35
Statutory Balances and due from Nepal Rastra Bank	22,505,000.00	20,504,500.00
Placement with Bank and Financial Institutions	33,000,000.00	160,000,000.00
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loans & Advances to Customers	4,245,910,104.13	3,914,693,960.46
Investment Securities	1,000,000.00	1,000,000.00
Current Tax Assets	9,778,347.96	-
Investment property	-	-
Property and Equivement	30,378,034.16	28,988,244.02
Goodwill and Intangible Assets	938,862.34	938,862.34
Deferred Tax Assets	25,199,326.36	25,199,326.36
Other Assets	20,244,931.05	22,816,299.30
Total Assets	**4,638,280,285.08**	**4,472,908,421.84**
Liabilities		
Due to Bank and financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Finacial Instruments	-	-
Deposit from Customers	1,571,619,227.16	1,601,801,312.29
Borrowings	2,150,061,612.50	1,986,801,446.33
Current Tax Liabilities	-	821,197.07
Provisions	16,306,665.49	18,244,311.60
Deffered Tax Liabilites	-	-
Other Liabilities	269,530,467.09	260,659,788.11
Debt Securities Issued		
Subordinate Liabilities		
Total Liabilities	**4,007,517,972.24**	**3,868,328,055.39**
Equity		
Share Capital	322,378,585.20	322,378,585.20
Share Premium	-	-
Retained Earning	76,395,074.68	87,131,915.33
Reserves	231,988,652.96	195,069,865.92
Total Equity	**630,762,312.84**	**604,580,366.44**
Total Liabilities & Equity	**4,638,280,285.08**	**4,472,908,421.84**

CONDENSED STATEMENT OF PROFIT & LOSS
For the Quarter ended 29th Poush 2080

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	151,730,656.27	307,205,721.91	200,986,651.43	382,372,491.79
Interest Expense	90,519,095.55	184,883,994.80	114,327,331.61	222,408,142.47
Net Interest Income	**61,211,560.72**	**122,321,727.11**	**86,659,319.82**	**159,964,349.32**
Fee & Commission Income	10,066,222.91	26,806,005.45	12,558,908.98	37,233,061.50
Fee & Commission Expenses	-	-	-	-
Net Fee & Commission Income	**10,066,222.91**	**26,806,005.45**	**12,558,908.98**	**37,233,061.50**
Net Interest, Fee & Commission Income	**71,277,783.63**	**149,127,732.56**	**99,218,228.80**	**197,197,410.82**
Net Trading Income	-	-	-	-
Other Operating Income	6,800,080.49	10,793,555.18	5,320,558.10	6,985,233.62
Total Operating Income	**78,077,864.12**	**159,921,287.74**	**104,538,786.90**	**204,182,644.44**
Impairment Charge/(reversal) for loans and other Losses	7,176,098.00	11,856,814.23	24,845,151.17	54,238,487.12
Net Operating Income	**70,901,766.12**	**148,064,473.51**	**79,693,635.73**	**149,944,157.32**
Operating Expenses				
Personnel expenses	44,491,463.70	87,606,699.19	40,457,005.10	89,275,999.99
Other Operating expenses	10,201,067.83	21,024,531.82	8,690,331.97	20,625,830.44
Depreciation & Amortization	1,105,998.07	2,128,841.23	1,017,083.31	2,186,629.24
Operating Profit	**15,103,236.52**	**37,304,401.28**	**29,529,215.35**	**37,855,697.65**
Non Operating Income	-	-	-	-
Non Operating expenses	-	-	-	-
Profit before income tax	**15,103,236.52**	**37,304,401.28**	**29,529,215.35**	**37,855,697.65**
Income Tax expenses				
Current Tax	4,530,970.96	11,191,320.38	8,858,764.48	11,356,709.17
Deferred Tax	-	-	-	-
Profit/(loss) for the period	**10,572,265.56**	**26,113,080.89**	**20,670,450.87**	**26,498,988.48**

Condensed Consolidated Statement of Other Comprehensive Income

Profit/ (Loss) for the period	10,572,265.56	26,113,080.89	20,670,450.87	26,498,988.48
Other Comprehensive income	-	-	-	-
Total Comprehensive Income	**10,572,265.56**	**26,113,080.89**	**20,670,450.87**	**26,498,988.48**
Basic earnings per share	-	16.20	-	18.78
Diluted earnings per share	-	16.20	-	18.78
Profit for the period	**10,572,265.56**	**26,113,080.89**	**20,670,450.87**	**26,498,988.48**
Total	**10,572,265.56**	**26,113,080.89**	**20,670,450.87**	**26,498,988.48**

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital fund to RWA		12.55%		11.06%
Non Performing loan (NPL) to total loan		4.64%		4.79%
Total loan loss provision to total NPL		100.77%		92.75%
Cost of Funds		8.97%		10.69%
Credit to Deposit and borrowing Ratio		116.33%		114.70%
Base Rate		14.94%		14.60%
Interest Rate Spread		6.02%		4.31%

Statement of Distributable Profit or Loss
For the Quarter ended 29th Poush 2080
(As per NRB Regulation)

Particulars	Current Year	Previous Year
	Upto this Qtr YTD	Corresponding Qtr YTD
Net profit as per statement of profit and loss	**26,113,080.89**	**26,498,988.48**
1. Appropriations		
a. General reserve	(5,222,616.18)	(5,299,797.70)
b. Foreign exchange fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate social responsibility fund	(261,130.81)	(264,989.88)
e. Employees training fund	-	-
f. Client Protection Fund	(261,130.81)	(264,989.88)
g.Others	-	-
Profit or (loss) before regulatory adjustment	**20,368,203.09**	**20,669,211.02**
Regulatory Adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(31,105,043.74)	(11,969,094.30)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reserval (+)	-	-
h. Acturial loss recognised (-)/reversal (+)	-	-
i. Other (+/-)	-	-
Net Profit for the 2nd Quarter end, 2080 available for Distribution	(10,736,840.65)	8,700,116.71
Opening Retained Earning	87,131,915.32	120,512,043.71
Adjustment(+/-)		
Distribution		
Bonus share issued	-	-
Cash dividend paid	-	-
Total Distributable profit or (loss) as on Quarter end date	76,395,074.68	129,212,160.42
Annulised Distributable profit/loss per share	23.70	45.79

Note:
1. Figures presented above may vary with the audited figures if instructed by the regulator and / or statutory auditors.
2. The micro finance has prepared financial statement in accordance with NFRS applied alternative treatment in the Carve-out issued by the Institute of Chartered Accountants of Nepal with respect to the following:
   a. The Microfinance has measured impairment loss on Loans and Advances at the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per NFRS 09.
   b. The microfinace has not factored fees and points paid or received on loans and advances in the application of effective interest rate(EIR) and have been recognized directly in the Statement of Profit and Loss.
3. Loans and advances are presented net of impairment charges and includes interest accruals and staff loans.
4. Personnel Expenses includes provision for staff bonus which has been calculated in line with the provisions in Bonus Act.
5. The effect of NFRS 16 "Lease" and acturial valuation of DBO has been calculated annually only.
6. Figures are regrouped /rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. The detailed interim financial report has been published in the website. (https://www.mslbsl.com.np)

"Interest Rate On Loan& Advance: 10-15% and Deposits: 7.5-13%"

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उप नियम (१) संग सम्बन्धीत)
आ.ब. २०८०/०८१ को दोस्रो त्रैमासिक विवरण

१ **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको बासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तीको मूल्य	तरलता अनुपात
१६.२०	५४.६३	१९५.६६	१४३८.७७	११.४७%

२ **व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस वित्तीय संस्थाको कारोवार, मौज्दात, तरलता र आम्दानीमा गत त्रैमासिक भन्दा वृद्धि भएको तथा सदस्य समूहको निक्षेप तथा कर्जा लगानीमा वृद्धि गर्दै वजारमा प्रचलित व्याजदरलाई उच्चतम रुपमा व्यवस्थापन गर्न सफल भएको छ। साथै, यस त्रैयमासमा बैंकिङ प्रणालीमा देखिएको तरलता समस्याले कर्जा विस्तारमा लक्ष्य अनुसार प्रगती चुनौतीपुर्ण रहेको छ।

ख) **आगामी अवधीको व्यवस्थापकिय योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस लघुवित्त वित्तीय संस्थाले आ.व. २०८०/०८१ मा वित्तीय पहुँच अभिवृद्धि गरी गरिवी न्युनिकरणमा योगदान गर्दै उद्यमशिलता विकास मार्फत समृद्ध समाज निर्माणमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले अगाडी वढिरहेको छ। हाल देशका विभिन्न स्थानहरुमा ६४ वटा शाखा कार्यालयहरु मार्फत ८२,१७२ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ। साथै संस्थालाई सुचना प्रविधी मैत्री वनाउन एवम नविनत्तम सोचमा आधारित लघुवित्त कार्यक्रम संचालनको लागी उद्यमशिलता विकासमा सूचना प्रविधी (Digitalization) को भुमिकालाई मुख्य प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने र त्यसका लागि स्थानिय निकायसंग सहकार्य गरी विपन्न वर्गका परिवारमा वित्तीय सेवा तथा सुविधा पुऱ्याउने योजना रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
वित्तीय प्रणालीमा केही महिना अघि देखिएको तरलता समस्या यथावत रहेकोले कर्जा सापटी तथा बचतमा उच्च व्याजदर वृद्धि रहिनैरहेको तथा लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा न्युनिकरण गर्न कर्जा सुचना केन्द्रसगँ समन्वय गर्दै आएको साथै देशमा बढदो राजनैतिक अस्थिरताले गर्दा संस्थाको कर्जा तथा अन्य संचालन जोखिम तुलनात्मक रुपमा वृद्धि भएकोले अगामी लक्ष्यहरु पुरा गर्न चुनौती देखिएको छ। तथापि संस्थाको विगतको कार्य अनुभवबाट चुनौतिको समाधन गर्दै वित्तीय संस्थाको अगामी लक्ष्यहरु पुरा हुनेमा वितीय संस्था विश्वस्त रहेको छ।

३ **कानुनी कार्यबाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधीमा यस वित्तीय संस्थाले वा संस्था उपर कुनै किसिमको मुद्धा दायर भएको छैन।

ख) कुनै पनि संचालक उपर फौज्दारी मुद्धा चलेको छैन।

ग) कुनै पनि संचालक उपर आर्थिक मुद्धा चलेको छैन।

४ **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) दोश्रो वजारमा हुने शेयर सम्बन्धी कारोवारका लागी संस्थाले नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

ख) नेपाल स्टक एक्स्चेन्जको वेवसाईट अनुसार यस त्रैमासको अवधीमा निम्नानुसारले कारोवार भएको छ।

अधिक्तम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
८९०.००	७१३.५०	८८५.००	४९ दिन	६६५

५ **समस्या तथा चुनौती**

हाल बैंकिङ प्रणालीमा तरलताको अभाव केही हतसम्मा कम हुदै आएता पनि पुर्णरुपमा सहज भईनसकेको कारण शाखा सन्जाल तथा थप नयाँ कर्जा विस्तारमा असर पर्न सक्ने चुनौती देखिएको छ। साथै, कर्जा सापटी तथा बचतमा उच्च व्याजदर कायमै भएको, एउटै सदस्यलाई ऋणको भार धेरै भई सदस्यहरु पलायन भएको जसले कर्जा असुलीमा समयमै नहुदाँ व्यवस्थापन खर्च वृद्धि भई मुनाफामा प्रतिकुल असर पर्न सक्ने देखिन्छ। सवै लघुवित्त संस्थाहरुको अधिकांश कार्यक्षेत्र तथा लक्षित वर्ग एकै भएको कारण कर्जा लगानीमा दोहोरोपना भएको, दक्ष जनशक्तिको अभाव काम गर्नु परिरहेको, लघुवित्त संस्थाहरु विचनै अस्वस्थ प्रतिस्पर्धा भईरहेको र पछिल्लो समय लघुवित्त क्षेत्रमा देखिएको राजनैतिक परिदृष्यको कारण थप चुनौति थपिएको छ।

६ **संस्थागत सुशासन**

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारि संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३, तथा आयकर ऐन २०५८ को पालना गरेको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासनिक विनियमावली, कर्जा अपलेखन नीति, सूचना प्रविधी नीति, वचत नीति, कर्जा नीति, निर्देशिका, नगद संचालन कार्यविधी, धितो कर्जा कार्यविधी, सवारि साधन संचालन कार्यविधी, अनुगमन नीति, आन्तरिक लेखापरीक्षण नीति, विमा कार्यविधी, तयार गरि कार्यान्वयनमा ल्याईएको छ। संस्थाले आफ्नो कारोवार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरीक व्यवस्थापन तथा जोखिम व्यवस्थापनको कार्य प्रभावकारी वनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरि कार्यान्वयनमा ल्याईएको छ।

७ **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणा :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्त्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

८ **नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :** छैन

■ माओवादी सांसदलाई अध्यक्ष प्रचण्डको निर्देशन

'संसद्मा जनताको पक्षमा दर्बिलो रूपमा प्रस्तुत हुनुस्'



काठमाडौं/ प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संसद्मा जनताका पक्षमा दर्बिलो रूपमा प्रस्तुत हुन पार्टीका सांसदहरूलाई निर्देशन दिएका छन्। सिंहदरबारमा सोमबार बसेको माओवादी संसदीय दलको बैठकमा प्रचण्डले सरकारको काम र पार्टीको नीतिबारे संसद्मा दर्बिलो रूपमा प्रस्तुत हुन निर्देशन दिएका हुन्।

'तपाईंहरू राम्रो तयारीका साथ संसद्मा प्रस्तुत हुनुहोस्। सरकारका काम र पार्टीको नीतिअनुसार दर्बिलो भएर प्रस्तुत हुनुहोस्,' प्रचण्डले निर्देशन दिँदै भने, 'सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा अधिकतम कोसिस गरिएको छ। सरकारले राम्रा काम गरेको छ। यी कामका विषयमा सदनमा आफ्ना विषय सशक्त रुपमा राख्नुहोस्।'

उनले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक यही अधिवेशनबाट सहमतिमा पास हुने उल्लेख पनि गरे। ती विधेयक सहमतिका टुंग्याउँदा सबैको हित हुने उनको भनाइ छ। उनले भने, 'सकेसम्म सहमतिबाट टिआरसी विधेयक टुंग्याउँदा सबैको हितमा हुन्छ। सोही प्रक्रियामा जानुपर्छ।'

आगामी आर्थिक वर्षमा परिणाम निस्किने गरी बजेट ल्याउने तयारी भइरहेको जानकारी पनि उनले दिए। तीन करोडभन्दा साना योजनाहरू केन्द्रमा नराखी तल्लो तहमा पठाइने उनले बताए। संघीय लोकतन्त्रिक गणतन्त्रको रक्षा र सुदृढ गर्दै जानुपर्ने आवश्यकता औंल्याउँदै उनले भने, 'यो व्यवस्था हामीले ल्याएको हो। यसको रक्षा र सुदृढ गर्ने दायित्व पनि हाम्रो नै हो। त्यसैले व्यवस्था विरोधी मतका विरूद्ध र व्यवस्थाको पक्षमा वैचारिक रूपले प्रस्तुत हुनुपर्छ।'

संक्षेप

कैदीबन्दीलाई पुस्तक हस्तान्तरण

जुम्ला/ प्रेस चौतारी नेपालको २६औं स्थापना दिवसको अवसरमा कैदीबन्दीलाई पुस्तक हस्तान्तरण गरिएको छ। जुम्ला कारागारमा रहेका कैदीबन्दीलाई पठन संस्कृतिको विकास र ज्ञान प्राप्तिका लागि सहज होस् भन्ने उद्देश्यले पुस्तक हस्तान्तरण गरिएको हो। कैदीबन्दीलाई उत्प्रेरणा मिल्ने र कैद जीवनपछि समाजमा पुनर्स्थापित हुनसमेत ऊर्जा मिल्ने अपेक्षासहित पुस्तक हस्तान्तरण गरिएको प्रेस चौतारी जुम्लाका अध्यक्ष मानदत्त रावलले बताए। समाज, साहित्य, देशको राजनीतिक परिवेश, उद्यमशीलता, सकारात्मक सोचको विकास हुने खालका पुस्तक संकलन गरी हस्तान्तरण गरिएको रावलले जानकारी दिए। उनका अनुसार लेखकद्वारा लिखित ३९ प्रकारका ६६ थान पुस्तक हस्तान्तरण गरिएको हो।

भिरबाट लडेर एक पुरुषको मृत्यु

मकवानपुर/ कैलाश गाउँपालिकामा भिरबाट लडेर एकजना पुरुषको मृत्यु भएको छ। मकवानपुर प्रहरीका अनुसार आइतबार राति जिल्लाको कैलाश गाउँपालिका- ७ घर भएका अन्दाजी ५० वर्षका आइतराम चेपाङको भिरबाट लडेर मृत्यु भएको हो। कैलाश गाउँपालिका- ३ स्थित कालिकाटार बजारबाट घरतर्फ फर्कने क्रममा आइतराम गोरेटो बाटोबाट अन्दाजी दुई सय मिटर तल भिरबाट खसेको प्रहरीले जनाएको छ। स्थानीयले खबर गरेपछि इलाका प्रहरी कार्यालय मनहरी र प्रहरीचौकी भार्तावाट गएको प्रहरी टोलीले चेपाङको शव घटनास्थलबाट निकालेको थियो।

२८५ किलो गाँजा बरामद

काभ्रे/ पनौती नगरपालिका- ५ आइटी पार्कस्थित पनौती-बनेपा सडक खण्डबाट दुई सय ८५ किलो गाँजासहित तीनजना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार सोमबार पनौती-बनेपा सडकखण्डमा सवारी चेकजाँच गर्ने क्रममा बनेपातर्फ जाँदै गरेको बा.६च २९६ नम्बरको डिआई गाडीमा लोड गरी ल्याइएको अप्रशोधित (भर्खर काटेको जस्तो हरियो देखिने) गाँजा प्लास्टिकका विभिन्न साइजको ७३ वटा बोरामा दुई सय ८५ किलो गाँजा र गाडीसहित तीनजनालाई नियन्त्रणमा लिइएको हो।

पक्राउ पर्नेहरूमा गाडीचालक नुवाकोट विदुर नगरपालिका- ११ घर भई हाल काठमाडौं बालाजु डेरा गरी बस्ने ३५ वर्षका बुद्धमान तामाङ, रामेछापको रामेछाप नगरपालिका- ८ घर भई हाल काठमाडौं बालाजु डेरा गरी बस्ने २० वर्षका सञ्जीव तामाङ र रामेछाप- ८ घर भई काठमाडौंको बालाजु डेरा गरी बस्ने ५३ वर्षकी विमला तामाङ छन्।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सूपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं
सडक डिभिजन काठमाडौं

नि.व्य. श्री श्रेष्ठ कन्स्ट्रक्सन कम्पनी प्रा.लि.लाई कार्यालयमा सम्पर्क गर्ने बारे अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/१०/२३

यस डिभिजनको ठेक्का नं.DROKTM/3371494/070/71/202 अन्तर्गत रत्नराज्य स्कुल मिलनचोक कात्यानी चोक वाणगंगा मार्ग सडक निर्माण सुधार कार्यका लागि त्यस फर्मसंग मिति २०७१।०२।१९ मा सम्झौता भएकोमा हालसम्म पनि निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको र पटक-पटक सम्पर्क गर्दा पनि कार्यालयको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आधिकारिक प्रतिनिधि स्वयं यस कार्यालयमा स्पष्टीकरण सहित अनिवार्य रुपमा उपस्थित हुनुहुन जानकारी गराइन्छ।

डिभिजन प्रमुख

नेटफ्लिक्समा ब्ल्याक

सिनेमाघरमा रिलिज भएको १९ वर्षपछि अमिताभ बच्चन अभिनीत ब्ल्याक ओटिटी प्लेटफर्ममा रिलिज भएको छ। नेटफ्लिक्सबाट रिलिज गरिएको यस फिल्ममा अमिताभ र रानी मुखर्जी मुख्य भूमिकामा छन्। निकै प्रशंसा कमाएको यो फिल्ममा एक शिक्षक र विद्यार्थीको कथा देखाइएको छ। त्यस्ती विद्यार्थी जसले न देख्न सक्छन्, न सुन्न नै सक्छन्।





एक्सन अवतारमा वरुण

बलिउड अभिनेता वरुण धवन नयाँ फिल्म 'बेबी जान'मा एक्सन अवतारमा देखिँदै छन्। जवानका निर्देशक एट्लीले निर्माण गर्ने यस फिल्मलाई कलिसले निर्देशन गर्दै छन्। फिल्ममा वरुणको अपोजिटमा कीर्ति सुरेश र वामिका गब्बी हुनेछन्। यो फिल्म सन् २०१६ मा रिलिज भएको तलिम फिल्म 'थेरी'को रिमेक हो।

पिसाब जाँच गर्दा ख्याल गरौं



पिसाब शरीरको बिकार बाहिर फाल्ने प्रमुख माध्यम हो। त्यसैले, विभिन्न रोगको पहिचानका लागि पिसाबको जाँच गरिन्छ। मूत्र प्रणाली तथा अन्य प्रणालीको रोग पत्ता लगाउन जुनसुकै विषयका बहिरंग तथा अन्तरंग विभागबाट चिकित्सकले पिसाबको जाँच प्रायः पठाइराख्छन् किनकि पिसाब जाँचले मूत्र प्रणालीको अवस्था मात्र नभई अन्य धेरै मेडिकल र सर्जिकल अवस्थाबारे चिकित्सकलाई जानकारी दिने गर्दछ। पिसाबको जाँच गर्नका लागि नमुना संकलन गर्दा धेरै सावधानी अपनाउन सकिएन भने नतिजा राम्रो नआउन सक्छ।

डाक्टरको सल्लाह



डा. अनिल साह
कन्सल्ट्यान्ट युरोलोजिस्ट
नेपाल मेडिसिटी बयोधा अस्पताल, वीरगन्ज

कस्तो अवस्थामा जाँच गरिन्छ ?

पिसाबमा अनेकौं रोगका लागि अनेकौं जाँच गर्न सकिन्छ। साधारणतया बहिरंग र अन्तरंग विभागबाट पठाइने जाँच भनेको सामान्य जाँच मात्र हो। बाहिरबाट स्वस्थ अनुभूति भइराखेको व्यक्तिलाई पनि पिसाबको जाँचको आवश्यकता पर्न सक्छ। पिसाब पोल्ने, पिसाबमा रगत देखापर्ने, साबिकभन्दा छिटो पिसाब लाग्ने, पिसाब निख्रिएर नआउने, धारा मसिनो आउने, अन्डकोष तथा तल्लो पेट दुख्ने, कोखा दुख्ने र काम ज्वरो आउने, पिसाब चुहिने समस्या, मूत्र प्रणाली तथा त्यसका वरपरका अंगसम्बन्धी कुनै शल्यक्रिया हुनुपूर्व आदि समस्यामा पिसाब जाँच गरिन्छ।

संकलन गर्दा प्रयोग हुने भाँडो कस्तो हुनुपर्छ ?

यसरी पिसाब संकलन गर्दा प्रयोग हुने भाँडो नयाँ, सफा, राम्रो अवस्थाको बिर्को भएको र नफुटेको हुनुपर्छ। पिसाब कल्चर गर्न प्रयोग हुने भाँडा पूर्ण रूपमा कीटाणुरहित हुनुपर्छ, जुन प्रयोगशालाबाट नै प्रदान गरिन्छ।

संकलन गरिएको नमुना के गर्ने ?

यसरी विभिन्न विधिबाट संकलन गरिएको पिसाबको नमुना तुरुन्त प्रयोगशालामा बुझाउनुपर्ने हुन्छ। प्रयोगशालामा पठाइएको नमुना बढीमा एक घण्टाभित्र जाँच गरिसक्नुपर्ने हुन्छ। यदि जाँचका लागि केही समय लाग्ने अवस्था भएमा उक्त स्याम्पललाई २-८ डिग्री सेल्सियसको तापक्रममा फ्रिज गरिराख्नुपर्ने हुन्छ।

के-के जाँच गरिन्छ ?

साधारणतया पिसाबको रंग, रूप, एसिडिटीको तह, सुगर र प्रोटिन हेरिन्छ भने माइक्रोस्कोपमा पिप, रगत, इपिथेलियम, कास्ट र क्रिस्टलका कणहरू हेरिन्छन्।

यसरी हेरिने एक-एक कुराको विभिन्न रोग निदान गर्न आ–आफ्नै तरिकाको महत्त्व हुन्छ। अन्य गरिने जाँचहरूमध्ये पिसाब कल्चर, पिसाबमा क्यान्सरको कोष, विभिन्न किसिमका हर्मोनको जाँच, मूत्र प्रणालीको पत्थरीको विशेष जाँच इत्यादि हुन्।

जाँचका लागि पिसाब संकलन कसरी गर्ने ?

चिकित्सकले पिसाबको जाँच गर्न सुझाव गरिसकेपछि बिरामी, बिरामीका आफन्त र प्रयोगशालाकर्मीले निम्न कुरामा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ। प्रयोगशालाकर्मी, बहिरंग अथवा अन्तरंग विभागमा कार्यरत नर्स, कर्मचारी तथा स्वास्थ्य सहायकले बिरामी र उनका आफन्तलाई पिसाब जाँचका लागि पिसाब संकलन गर्ने तरिकाबारे उचित परामर्श गर्नु अति अवश्यक देखिन्छ। नमुना संकलनका लागि प्रयोगशालाबाट प्रदान गरिने उपयुक्त भाँडाको व्यवस्था मिलाउन सुझाव गरिन्छ। उचित सरसल्लाहविना संकलन गरिएको नमुनाबाट अनावश्यक र गलत तरिकाको रिपोर्ट आउन सक्ने सम्भावना उत्तिकै हुन्छन्।

पुरुषको पिसाब संकलन : पुरुषहरूको पिसाब संकलन गर्नुअघि लिंग र लिंगवरपरको छाला राम्ररी साबुन पानीले सफा गरेर एक हातले छालामाथि फर्काएर पिसाब फेर्न सुरु गर्ने र बीचको धाराबाट ५–१० मिलिलिटर पिसाब प्रयोगशालाबाट दिइएको भाँडामा संकलन गर्ने। उक्त नमुना तुरुन्त प्रयोगशालामा जाँचका लागि बुझाउने। बिरामी आफैंले स्वस्फूर्त फेरेको पिसाबको बीचको धारबाट लिइएको नमुना सर्वोत्कृष्ट मानिन्छ।

महिलाको पिसाब संकलन : नमुना संकलन गर्नुअघि सफापानीले यौनांग राम्ररी सफा गरी बसेर पिसाब फेर्ने र बीचको धाराको ५–१० मिलिलिटर पिसाब प्रयोगशालाले प्रदान गरेको भाँडामा संकलन गरी तुरुन्त बुझाउनुपर्ने हुन्छ।

बच्चाको पिसाब संकलन : बच्चामा पिसाब संकलन गर्ने प्रक्रिया आफैंमा अलि जटिल कार्य हो। बोलीचाली बुझ्न सक्ने उमेरको बच्चाले आमाबुबाको आदेश सजिलै पालन गर्ने हुनाले उक्त उमेरका बच्चामा माथि उल्लेखित वयस्क बिरामीमा झैं नमुना संकलन गर्न सकिन्छ। तर, कम उमेरको बच्चामा पिसाब फेर्ने अंगमा विशेष किसिमको एउटा झोला लगाई नमुना संकलन गर्नुपर्ने हुन्छ। उक्त किसिमको झोला प्रयोगशालाकर्मीको सहयोगबाट उपलब्ध गराउन सकिन्छ। आवश्यक परेमा पिसाब गर्ने ठाउँबाट क्याथेटर लगाई पिसाबको नमुना संकलन गर्नुपर्ने हुन सक्छ।

क्याथेटर लगाइएका बिरामीको पिसाब संकलन : अस्पतालमा उपचारको क्रममा विभिन्न कारणवश पिसाब गर्ने ठाउँमा क्याथेटर लगाइएका बिरामी पनि प्रशस्त भेटिन्छन्। उनीहरूमा पिसाब जाँचका लागि नमुना संकलन गर्नुपरे क्याथेटरबाट सिरिन्जको मद्दतले पिसाब लिन सकिन्छ अथवा क्याथेटर लगाई एकछिन क्लाम्प गरी त्यहाँबाट पनि बीचको धाराको नमुना लिन सकिन्छ।

बाइक सर्भिसिङ गर्दा...

- एक हजारदेखि एक हजार दुई सय किलोमिटरसम्म गुडिसकेपछि बाइकको मोबिल फेर्नुपर्छ। लामो समयसम्म मोबिल नफेर्दा इन्जिनमा समस्या आउन सक्छ। गुणस्तरीय मोबिल छनोट गरेर हाल्नुपर्छ। त्यस्तै, बाइक सर्भिसिङ गर्दा एयर फिल्टर जाँच गर्नुपर्छ। कडाखाले एयर फिल्टरलाई सर्भिसिङ गर्दा परिवर्तन गर्नुपर्छ। फोम एयर फिल्टरलाई सफा गर्न सकिन्छ। तर, धेरै फोहोर भइसकेको छ भने यसलाई पनि परिवर्तन गर्नुपर्छ।
- सर्भिसिङका क्रममा कार्बोरेटर पनि जाँच गरिन्छ। कार्बोरेटरले इन्जिनलाई आवश्यकताअनुसार हावा र इन्धन पुऱ्याउने काम गर्छ। मोटरसाइकल गुड्नका लागि यसले इन्जिनलाई शक्ति दिन्छ।



- ब्रेकको जाँचमा ध्यान दिन जरुरी छ। डिस्कब्रेकवाला मोटरसाइकलमा ब्रेक आयल पनि चेक गर्नुपर्छ। इन्जिनको पावरलाई पछाडिको पांग्रासम्म पुऱ्याउने काम चेनले गर्छ। त्यसैले यसलाई सफा राख्नुपर्छ। सफा गरेपछि यसमा हल्का ग्रिज लगाउनुपर्छ।
- सर्भिसिङका क्रममा फ्युलपाइप पनि चेक गरिन्छ। फ्युलपाइप जाम भएको वा प्वाल परेको भए फेर्नुपर्छ। फ्युल लाइनमा अवरोध हुँदा इन्धन चुहिने, इन्धन सर्कुलरमा असर पुगेर स्टार्ट नहुने, बीचबीचमा बाइक बन्द हुनेलगायत समस्या देखिन्छन्।
- टायरको एयर प्रेसर जाँच गर्नुपर्छ। हावा कम वा धेरै हुँदा पनि बाइकको माइलेजमा असर गर्छ। एयर प्रेसरलाई समय-समयमा जाँच गरिराख्नुपर्छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय पाठन, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/२३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय पाटन, ललितपुरबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गरीसमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७८/०४/१९ मा दर्ता नं. २६६६२५/०७८/०७९ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ५, मानभवन स्थित **फाईन बुलियन्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. विकु लाल प्रधानको नाति, नारायण प्रसाद प्रधानको छोरा, काठमाण्डौ जिल्ला, काठमाण्डौ न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ३४ स्थित स्थायी ठेगाना भएको **सुदन प्रधान (ना.प्र.प.नं. ८२६१/८४०३, काठमाण्डौ)**

२. कान्छा काजी शाक्यको नाति, रबिन्द्र मान शाक्यको छोरा, ललितपुर जिल्ला, ललितपुर न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको **महेश्वर मान शाक्य (ना.प्र.प.नं. ८७२६४, ललितपुर)**

३. नारायण प्रसाद प्रधानको बुहारी, सुदन प्रधानको पत्नी, काठमाण्डौ जिल्ला, काठमाण्डौ न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **बबिना श्रेष्ठ (ना.प्र.प.नं. ६३२०, काठमाण्डौ)**

प्रभु बैंक लिमिटेड शाखा कार्यालय टांडी, चितवनका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको तथ धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५(पन्ध्र) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/२३ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०८/२७ गते बुधवारको चितवन पोष्ट् राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय टांडी, चितवनमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/११/०९ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय टांडी, चितवनमा** दिनको ठीक ३ :०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : कमल कुमार महतो (ना.प्र.नं. २४५७/०४४ जारी मिति २०५४/११/१२ जारी गर्ने जि.प्र.का.चितवन)। ठेगाना : चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं.१। बाबु : नाथु राम महतो। बाजे : सुरबलि।	**ऋणी : गिता महतो** (ना.प्र.नं. २५९३/०४४ जारी मिति २०६२/०२/१३, जारी गर्ने कार्यालय जि.प्र.का चितवन)। ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा.वडा नं.८ (हाल रत्ननगर न.पा.वडा नं. १)। बाबु : कारी महतो। पति/ससुरा : कमल कुमार महतो/नथु राम महतो।
जमानतकर्ता : नगीया थरुनी ना.प्र.नं.२४९१ जारी मिति २०३९/१२/०९, प्रतिलिपी जारी मिति २०६५/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का चितवन)। ठेगाना : चितवन जिल्ला देवौली गा.वि.स वडा नं.२ (हाल रत्ननगर न.पा.वडा नं. १)। पति : नाथु राम महतो। बाबु/ससुरा : भुखली महतो/सुरवलि महतो।	**ख. लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :** कमल कुमार महतोको नाममा मालपोत कार्यालय भरतपुर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला देवौलि गा.वि.स. वडा नं. २ नक्सा सिट नं.२ख स्थित कित्ता नं. २९७ र १४८० को क्षेत्रफल ०-२-१८-० (विघा) (९८१.९२ व.मी) र १४३.९३ वर्ग मिटर को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय टाँडी चितवन**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोकेे बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय टाँडी चितवनमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको
गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना
(प्रकाशित मिति २०८०/१०/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०/११/०१ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरुको विवरण: तपसिल

क्र.स.	जिल्ला	न.पा.	वडा नं./नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	मोरङ्ग	बखरी	७/७ख	९९७	५०७.९३	घरजग्गा
२.	मोरङ्ग	कसेनी	१/१ग	२२८९	०-०-१४-१	जग्गा
		कसेनी	१/१ग	२८८१	०-०-१३-०	जग्गा
		कसेनी	१/१ग	२८८३	०-०-४-२	जग्गा
		कसेनी	१/१ग	२८८५	०-०-१४-२	जग्गा
		कसेनी	१/१ग	२२८८	०-०-१०-०	जग्गा
		कसेनी	१/१ग	२६८४	०-०-५-३	जग्गा
		कसेनी	४/४झ	१८५	०-१०-०-०	जग्गा
		कसेनी	४/४ण	४८०	०-१-०-०	जग्गा
		कसेनी	४/४ण	४२६	०-०-१०-०	जग्गा
		डांगीहाट	९/९क	१९५०	०-२-०-०	जग्गा
		डांगीहाट	९/९क	१९५१	०-३-४-०	जग्गा
		बाहुनी	६/६क	५१५	०-३-३-०	जग्गा
		बाहुनी	६/६क	५१४	०-३-३-०	जग्गा
		बाहुनी	६/६क	५१६	०-३-४-०	जग्गा
३.	तनहुँ	मैवल	२/२ग	५३७	१२७.१८	जग्गा
४.	झापा	दमक	१३/१७९००१७१६	१९१	१६४.००	जग्गा
			१३/१७९००१७१६	१९३	११७.००	जग्गा
		मधुमल्ला (दमक)	६/६घ	६८०	१४१३.८२	घरजग्गा
५.	इलाम	इलाम	४/४घ	२६७	२७८.१७	जग्गा
६.	मोरङ्ग	मधुमल्ला	९/९घ	१७२०	१८६२.५२	जग्गा
७.	झापा	शिवगञ्ज	१३२८	६२६४.८३	जग्गा	
८.	कञ्चनपुर	कालिका	४/०२६०९५८	११०५	८५.००	घरजग्गा
९.	रुपन्देही	बुटवल	९/०९८११९९०५	६१	१८६.२५	घरजग्गा
१०.	रुपन्देही	परोंहा	१/१ग	८४८	६७.७३	घरजग्गा
		परोंहा	१/१ग	८५०	६७.७३	घरजग्गा
		परोंहा	१/१ग	८६६	८८.८९	घरजग्गा
		परोंहा	५/५ख	३३४२	१५२.३९	जग्गा
११.	झापा	भद्रपुर	५/१८००३२६०९	२१	४२५.००	घरजग्गा
१२.	बारा	निजगढ	३/३	१२६९	८६७.७३	जग्गा
१३.	मकवानपुर	ज्यामिरे	५/५	१५६२	३०८.९७	घरजग्गा
१४.	मकवानपुर	बसामाडी	२/२	४३०४	२७०९.०४	जग्गा
१५.	झापा	पृथ्वीनगर	६/१८००६८६	७४७	१,१४१.८३	जग्गा

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


पाकिस्तानमा नागरिक सर्वोच्चतासँग सम्झौता

वर्तमान राजनीतिक अराजकतामा पाकिस्तानका राजनीतिक दल उत्तिकै कसुरदार छन्



● पामिर गौतम

अग्रलेख



हास्यकार र लेखक मार्क ट्वेनलाई श्रेय दिइएको, 'इतिहास आफैँ दोहोरिँदैन, तर अक्सर गुन्जिरहन्छ' भन्ने टिप्पणी वर्तमान पाकिस्तानी राजनीतिमा सान्दर्भिक देखिन्छ। ट्वेनले भनेझैँ विवरण, परिस्थिति, सेटिङ र पात्रहरू नदोहोरिए पनि समान घटना दोहोरिरहन्छन्। फेब्रुअरी ८ मा हुन गइरहेको पाकिस्तानको आमचुनावमा, एक परिचित ढाँचा तर भिन्न पात्रका साथ दोहोरिएको छ। अपदस्थ प्रधानमन्त्री इमरान खान तीनवटा मुद्दामा दोषी ठहर भएर जेलमा छन्। उनीविरुद्ध करिब १७० वटा अभियोग अझै अदालतमा विचाराधीन छन्। अर्कोतर्फ केही वर्षअघि मात्रै भ्रष्टाचारको मुद्दामा दोषी ठहर भई आजीवन सार्वजनिक पदमा रहन अयोग्य ठहरिएका पूर्वप्रधानमन्त्री नवाज सरिफ सेनाको समर्थनमा उम्मेदवार बन्न निर्वासनबाट फर्किएका छन्।

वर्तमान पाकिस्तानी राजनीतिमा बढेको अराजकतालाई सम्बोधन गर्न सक्ने उपयुक्त पात्रको रूपमा पाकिस्तानी सेनाले सरिफको चुनावी प्रतिस्पर्धाका लागि मैदान तयार गरिरहेको छ भने खान र उनको राजनीतिक पार्टी, पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई) लाई पूरै खोक्रो बनाउन लागिपरेको छ। स्मरण रहोस्, २०१८ को चुनावमा सरिफ कानुनी समस्यामा फसेका थिए र खान सैन्य प्रतिष्ठानको प्रिय उम्मेदवार थिए, जसलाई पाकिस्तानमा व्याप्त गन्दा राजनीतिलाई सफा गर्ने मसिहाको रूपमा प्रस्तुत गरिएको थियो। यी दुवै केसमा लाभार्थीका लागि सैन्य गतिविधि सही थियो भने वञ्चितका लागि रुवावासीको विषय। राजनीतिक प्रणालीको नारा केवल वञ्चित वर्गका जुलुस र सभामा गुन्जिए। पाकिस्तानी संस्थापकहरू यसलाई एक संसदीय प्रजातन्त्रको रूपमा विकास गर्न चाहन्थे। तर, सन् १९४७ मा आफ्नो स्थापना भएको यतिका वर्षसम्म पाकिस्तानको राजनीतिक अभिजात वर्गले एउटै प्रभावकारी र स्थिर सरकार बनाउन सकेको छैन। पाकिस्तानको राजनीतिक इतिहासमा कुनै पनि निर्वाचित सरकारले आफ्नो पूर्ण कार्यकाल पूरा गर्न सकेको छैन भने अधिकांश समय सेनाले शासन (सन् १९५८-१९७१, सन् १९७७-१९८८ र सन् १९९९-२००८) गरेको छ। स्वतन्त्रताको एक वर्षपछि सन् १९४८ मा भारतविरुद्धको युद्धपछि पाकिस्तानका विभिन्न निकायमा सेनाको वर्चस्व सुरु भएको थियो भने रक्षामा राष्ट्रिय बजेटको ७० प्रतिशतसम्म विनियोजन गरिएको थियो। त्यसको एक दशकपछि सेना प्रमुख जनरल अयुब खानले विद्रोह गरेर सत्तामा आएपछि पहिलोपटक देशमा सैन्य कानुन लागू भएको थियो। त्यसपछि त पाकिस्तानको राजनीतिमा सैन्य हस्तक्षेप सामान्य भयो। संविधान, राष्ट्रिय र प्रादेशिक सभाजस्ता व्यवस्थापिकामाथि बारम्बार सैन्य र नोकरशाहीले अवरोध वा विघटन गरेका छन्।

राष्ट्रपतिको नेतृत्वमा राष्ट्रिय सुरक्षा परिषद् गठन गर्ने कार्यकारी आदेशमा पूर्वपाकिस्तानी सैन्य प्रमुख एवं राष्ट्रपति पर्वेज मुसर्रफले सेनालाई बाहिर राख्ने (बाइपास गर्ने) प्रयास भयो भने सेना झन् भित्र आउने (थप राजनीतिक संलग्नता बढाउने) घोषणा गरेका थिए। विधिको शासनका लागि कार्यशील सम्मानित न्यायपालिका अत्यावश्यक हुन्छ। तर, पाकिस्तानमा न्यायपालिकाले प्रायः सैनिक सरकारका लागि वैधता प्रदान गर्ने कार्य गर्दै आएको छ। पाकिस्तान, जहाँ सेना मात्र एक त्यस्तो संस्था हो, जसले आफ्नो संगठनात्मक एकता, शक्ति र प्रभाव कायम राख्न सकेको छ। जहाँ राजनीतिमा सफल हुन सैन्य समर्थन लिनैपर्ने वा कमसेकम सैन्य चुनौतीबाट जोगिनैपर्ने तथ्य स्थापित छ, त्यहाँको न्यायपालिका सेनाको प्रभावमा पर्नु सामान्य हो। स्थापनाकालदेखि नै पाकिस्तानको अस्तित्वको केन्द्रबिन्दु नै यहाँको सेना रहेको कथन निर्माण भएको र केवल पारम्परिक सुरक्षाको उद्देश्यले प्राथमिकता पाएको पाकिस्तानमा आजसम्म विकास र जवाफदेहिताको उपेक्षा हुँदै आएको छ। नियमितको संसदु विघटन र सैन्य हस्तक्षेपले पाकिस्तानमा राजनीतिक र आर्थिक अस्थिरता निम्तिएको छ।

प्रधानमन्त्री सेहबाज सरिफ (नवाज सरिफका भाइ) ले गत वर्ष संसद् भंग गर्नुभन्दा केहीअघि पाकिस्तानी संसद्ले दुईवटा संशोधन विधेयक पारित गऱ्यो, जसले पहिले नै शक्तिशाली सैन्य प्रतिष्ठानलाई थप शक्ति प्रदान गरेको छ। पाकिस्तानी सेना (संशोधन) विधेयक २०२३ ले व्यापारिक गतिविधिमा सेनाको संलग्नतालाई कानुनी मान्यता दिएको छ भने सेनाको आलोचनालाई अपराधीकरण गरेको छ। त्यस्तै आधिकारिक गोपनीयता (संशोधन) विधेयक २०२३ ले सुरक्षा एजेन्सीलाई उनीहरूले खतरा मानेका कुनै पनि व्यक्तिलाई पक्राउ गर्न असीमित विवेकाधिकार दिएको छ। एक विश्लेषकका अनुसार यी दुई कानुनले पाकिस्तानको राजनीति, अर्थतन्त्र र न्याय प्रणालीलाई थप सैन्यीकरण गर्नेछ।

नोभेम्बर २०२२ मा तत्कालीन पाकिस्तानी सेना प्रमुख कमर जावेद बाजवाले आफ्नो बिदाइ सम्बोधनमा पाकिस्तानको सेनाले दशकौँदेखि राजनीतिमा हस्तक्षेप गरेको स्वीकार गर्दै भविष्यमा सेनाले पाकिस्तानको लोकतान्त्रिक कार्यमा हस्तक्षेप नगर्ने वाचा गरेका थिए। बाजवा उनै हुन्, जसले नवाज सरिफलाई आजीवन अयोग्य घोषणा गर्न भूमिका खेलेका थिए। उनकै मद्दतले इमरान खान पाकिस्तानका प्रधानमन्त्री बन्न सफल भएका थिए। बदलामा इमरानले सन् २०१९ मा बाजवाको कार्यकाल लम्ब्याइदिएका थिए। पाकिस्तानमा आफूलाई किंगमेकरको रूपमा स्थापित गरेको पाकिस्तानी सेनाले प्रधानमन्त्रीलाई आफ्नो बोस मानेर बस्ने कुरै भएन। सन् २०२२ मा इमरान खानले नयाँ चुनावसम्म जनरल बाजवाको कार्य अवधि पुनः लम्बाउने बताए पनि पछि आफ्नो अडान परिवर्तन गरेका थिए। विभिन्न प्रान्तका मुख्यमन्त्री र इन्टर-सर्भिसेस इन्टेलिजेन्स (आइएसआई) को प्रमुखको नियुक्तिलाई लिएर दुईबीच सम्बन्ध चिसिएको थियो। दुईबीचको टकराव बढ्दै जाँदा जनरल बाजवाले पाकिस्तान मुस्लिम लिग (नवाज समूह) र अन्य राजनीतिक दललाई इमरान खानविरुद्ध अविश्वासको प्रस्ताव पेस गर्न र त्यसलाई सफल बनाउन भूमिका खेलेका थिए। अप्रिल २०२२ मा अविश्वासको मतमार्फत खानलाई सत्ताबाट हटाएपछि खानले सीधै सेना र अमेरिकालाई आफ्नो निष्कासनको दोषी ठहराउँदै विभिन्न समारोहमा सेनामाथि नियमित मौखिक आक्रमण गरे। खानको त्यो आरोप दुईबीचको अस्तित्वको लडाइँमा परिणत भयो। सेनाविरुद्धको इमरान खानको टिप्पणीले उनका कार्यकर्ता र आन्तरिक राजनीतिमा सेनाको भूमिकाप्रति असन्तुष्ट समूहलाई झन् उत्तेजित बनायो। अर्कातर्फ इमरान खान पाकिस्तानी राजनीतिमा सफल भएको खण्डमा पाकिस्तानी सेनाको हैसियत हेर्न लायक हुने निश्चित थियो। विभिन्न राय सर्वेक्षण एजेन्सीहरूको डिसेम्बर २०२३ सम्मको तथ्यांकले पनि इमरान खान र उनको दल जनताबीच सबैभन्दा लोकप्रिय दल रहेको बताइरहँदा त्यसले अवश्य पनि सैन्य प्रतिष्ठानलाई झस्काएको हुनपर्छ। कुनै पनि हालतमा इमरान खानको राजनीति सक्ने होडमा लागेको पाकिस्तानी सेना झन् सक्रिय भएको छ। पाकिस्तानी सेना (संशोधन) विधेयक २०२३ र आधिकारिक गोपनीयता (संशोधन) विधेयक २०२३ अन्तर्गत जेल चलान गराइएका खान चुनाव लड्न अयोग्य ठहरिए। त्यस रणनीतिले समेत काम नगर्ने देखेपछि इमरान खानको दलको चुनाव चिह्न क्रिकेटको ब्याट त्यहाँको निर्वाचन आयोगले खारेज गऱ्यो। ग्रामीण क्षेत्रमा अधिक लोकप्रिय इमरान खान र चालीस प्रतिशत अशिक्षित रहेका पाकिस्तानी मतदाताले इमरानलाई पहिचान गर्ने त्यही चुनाव चिह्न थियो। चुनाव चिह्न नभएकाले खानका दलका उम्मेदवार स्वतन्त्र रूपमा प्रतिस्पर्धा गर्न बाध्य बनाइएका छन्। इमरानसँग सम्बद्धता राखेको शंकामा मात्र त्यहाँको निर्वाचन आयोगले उम्मेदवार दर्ता गर्न अस्वीकार गरेको घटना बढेपछि त्यहाँको न्यायालय यस विषयमा बोल्न बाध्य भएको छ। पाकिस्तानको मानवअधिकार आयोगले खानको पार्टीका धेरै उम्मेदवार अस्वीकृत भएकाले स्वतन्त्र र निष्पक्ष संसदीय निर्वाचनको सम्भावना कम रहेको बताएको छ।

> पाकिस्तान, जहाँ सेना मात्र एक त्यस्तो संस्था हो, जसले आफ्नो संगठनात्मक एकता, शक्ति र प्रभाव कायम राख्न सकेको छ। जहाँ राजनीतिमा सफल हुन सैन्य समर्थन लिनैपर्ने वा कमसेकम सैन्य चुनौतीबाट जोगिनैपर्ने तथ्य स्थापित छ, त्यहाँको न्यायपालिका सेनाको प्रभावमा पर्नु सामान्य हो।

इमरान खान र उनका कार्यकर्तालाई अझ हतोत्साही गर्न, खानलाई थप बदनाम गर्न र मतदातालाई प्रभाव पार्न चुनावको एक हप्ताअघि मात्र इमरान खानलाई विभिन्न विशेष अदालतबाट तीनवटा मुद्दामा हठात् दोषी ठहर गर्दै सजाय सुनाइएको छ। गत मंगलबार खानलाई त्यहाँको एक विशेष अदालतले एउटा च्यालीमा गोप्य सरकारी दस्तावेज देखाएर राज्यको गोप्य कुरा उजागर गरेको आरोपमा १० वर्षको जेल सजाय सुनाएको छ। बुधबार इमरान खान र उनकी श्रीमती बुसरा बिबीलाई प्रधानमन्त्री छँदा राज्यको उपहारको अवैध बिक्रीसँग सम्बन्धित 'तोषाखाना मुद्दा'मा १४ वर्षको जेल सजाय सुनाइएको छ भने त्यसको केही दिनमा फेरि इमरान खान र बुसरा बिबीको २०१८ को विवाहले इस्लामिक कानुनको उल्लंघन गरेको ठहर गर्दै सात वर्षको जेल सजाय सुनाएको छ।

पाकिस्तानको वर्तमान राजनीतिक अराजकतामा त्यहाँका राजनीतिक दल उत्तिकै कसुरदार छन्। उनीहरूको असफलताको कारण 'बारम्बारको सैन्य हस्तक्षेप' हो। राजनीतिक वर्ग विभाजित छन् र आफ्ना विपक्षीलाई परास्त गर्न अथवा तह लगाउने हठमा अक्सर सेनासम्म पुगेका छन्। स्मरणीय के भने मुसर्रफको शासनताका सन् २००६ मा पाकिस्तानका दुई प्रमुख दल पाकिस्तान पिपुल्स पार्टी र पाकिस्तान मुस्लिम लिग (नवाज) दुवै मिलेर २००६ मा प्रजातन्त्रको बडापत्रमा हस्ताक्षर गरेका थिए, जसअनुसार दुवै दलका नेताले असंवैधानिक माध्यमबाट एक-अर्कालाई कमजोर पार्ने खेलमा नलाग्ने र सत्तामा पुग्न सैन्य समर्थन नखोज्ने कुरामा उनीहरू सहमत भएका थिए। यसले सेनामाथि नागरिक सर्वोच्चता स्थापित गर्ने उनीहरूको भनाइ थियो। तर, आज तिनै पाकिस्तान पिपुल्स पार्टी र पाकिस्तान मुस्लिम लिगका अधिकांश प्रतिनिधि रहेका पाकिस्तानी संसद्ले विनाछलफल र वादविवाद संसद्बाट सेनालाई थप शक्तिशाली बनाउने पाकिस्तानी सेना (संशोधन) विधेयक २०२३ र आधिकारिक गोपनीयता (संशोधन) विधेयक २०२३ पारित गरेको छ। यो कानुन पारित गरेर संसद्ले पाकिस्तानको राजनीतिमा आफूलाई सेनाको सहायकको रूपमा प्रस्तुत गरेको छ।

---

३ प्रश्न

अभियन्ता **उज्ज्वलविक्रम थापा**लाई



■ आगोलगायतले पोलेको अर्थात् 'जलन' कस्तो समस्या हो ?

सबैभन्दा पहिला जलनलाई स्वास्थ्य समस्याका रूपमा हेर्नु हुँदैन। जलन स्वास्थ्य समस्याभन्दा पनि दुर्घटना हो। यसको समाधानचाहिँ उपचार हो। समस्या भने स्वास्थ्यको होइन। बिरामीको उद्धार गर्ने सरकारका प्रहरीलगायत सुरक्षा वा अन्य संयन्त्र, ह्यान्डओभर अस्पतालमा। यसरी, दुइटा मन्त्रालयको चेपुवामा परेर यो समस्याको सही समाधान अहिलेसम्म गर्न नसकिएको हो। सम्बोधनका दृष्टिले समस्या यहाँनेर छ।

■ पीडितले जलनको उपचारमा कस्ता कठिनाइ व्यहोर्नुपर्छ ?

कठिनाइ के भने सातै प्रदेशमा अस्पताल खोल्ने, ह्यानत्यान कुरा हुन्छ। तर, वास्तविक समस्यामा प्रवेश नै गरिँदैन। जलनको समस्या व्यहोर्ने ९५ प्रतिशत निम्नवर्गका हुने गर्छन्, त्यसमा पनि दुर्गम स्थानका। सचेतना एवं सुरक्षा प्रबन्धका कारण सहरी क्षेत्रमा जलनको समस्या निकै कम हुन्छ। यसकारण सचेतना र 'उपचार खर्च'लाई मूल समस्याका रूपमा देखेको छु। यसर्थ, मैले सधैँ 'जलन उपचार कोष'को कुरा गर्ने गर्छु। आयल निगम, ग्यास कम्पनीहरू र विद्युत् प्राधिकरणबाट सानो शुल्क लिएर जलन उपचार कोष खडा गरिदिने हो भने यो समस्या धेरै हदसम्म समाधान हुन्छ। नेपाल अधिराज्यभर जति पनि उपचार संस्था छन्, उनीहरू स्वयंले नै 'जलन वार्ड' खोल्छन्। यसको समाधान जलन उपचार कोष हो। यसबाट उपचारमा पहुँच खुल्छ। अहिले जलनका सबै बिरामी काठमाडौं ल्याउनुपर्ने बाध्यता किन छ भने 'जल्ने मान्छे गरिब हुन्छ, उसले पैसा तिर्न सक्दैन' भनेर कसैले भर्ना नै लिँदैनन्। जनरल सर्जनले १० प्रतिशत जलेको बिरामी हेर्न नजानेको होइन, नचाहेको हो।


■ जलनसम्बन्धी समस्याको न्यूनीकरणका उपाय के हुन सक्छन् ?

जलन दुर्घटनाजन्य समस्या भएकाले यसका लागि सचेतना कार्यक्रम हुनुपर्छ। दुर्भाग्य, नेपालमा यस्ता कार्यक्रम छैनन्। हामी ग्रामीण विद्युतीकरण गर्छौं, तर विद्युत्ले जल्छ है भनेर सचेतना सिकाउँदैनौं। ग्यास पुऱ्याउँछौं, तर जनचेतना पुऱ्याउँदैनौं। यति धेरै ग्यास कम्पनी, पेट्रोल पम्प छन्, कसैले कहीं जलनसम्बन्धी सचेतना कार्यक्रम चलाएको सुनिँदैन। यसमा उनीहरूको दायित्व हुनुपर्ने होइन र ? यो काम सामाजिक उत्तरदायित्वअन्तर्गत उनीहरूलाई लगाउनुपऱ्यो।

प्रेरक प्रसंग

विपत्ति : शक्तिको स्रोत

एक किसान थिए, जो खेतबारीमा खुब मिहिनेत गर्थे। तर, कहिल्यै पनि पूरा बाली उठाउन पाउँदैनथे। कहिले असिना पर्थ्यो, कहिले आँधी आउँथ्यो। कहिले खडेरी त कहिले बाढी खेप्नुपर्थ्यो। यसकारण, उनी भगवान्सँग खुसी थिएनन्। उनले एक दिन बढो भावुक भएर भगवान्सँग भने, 'म यति धेरै मिहिनेत गर्छु। तर, तपाईंले सबै गडबड गरिदिनुहुन्छ। जेनतेन दुई छाक खान पुग्नेजति मात्रै बाली बच्छ।' उनले भगवान्सँग प्रार्थना गर्दै भन्यो, 'एक सालकै लागि भए पनि म जस्तो चाहन्छु, त्यस्तै मौसम दिनुहोस् प्रभु !'



भगवान्ले उसको प्रस्ताव स्वीकार गर्नुभयो। त्यो किसानले मौसमलाई आफ्नो अनुकूल राख्यो। चाहिएका वेला गर्मी बनायो। सिँचाइ गर्नुपर्दा पानी पाऱ्यो। बाढी, आँधी, खडेरी आउन दिएन। असिना त पर्ने दिएन। जब बाली पाक्यो र काट्ने वेला भयो, किसान एकदमै आश्चर्यमा पऱ्यो। किनकि, बालीमा दाना नै लागेको थिएन। उसले भगवान्सँग सोध्यो, 'भगवान् ! तपाईंले यो के गर्नुभएको ?'

भगवान्ले उत्तर दिए, 'तिमीले यसको देखभाल त निकै मिहिनेतसाथ गऱ्यौ। तर, बालीलाई चाहिने हुरी बतास, पानी, असिना र तुफानजस्ता विपत्तिसँग लड्ने शक्ति भने दिएनौ। विपत्तिबाट मिल्ने ऊर्जाबाट नै त त्यो शक्ति विकास हुन्छ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

वृद्धवृद्धाको सास भत्ताको आस

नेपालका पूर्वप्रधानमन्त्री स्व. मनमोहन अधिकारीबाट सुरु भएको वृद्धभत्ताको व्यवस्था वृद्धवृद्धाको ठूलो सहारा भएको छ। यही भत्ताले धेरै वृद्धवृद्धाको जीवन सहज भएको हुँदा समयमा वृद्धभत्ता नआउँदा उनीहरूले अप्ठ्यारो महसुस गर्नु स्वाभाविकै हो। तीन-तीन महिनामा पाउने गरेको वृद्धभत्ता यसपालि माघको २१, २२ सम्म पनि नआउँदा वृद्धहरू छट्पटिएका छन्। वृद्धभत्ता समयमै वितरण गर्नुपऱ्यो। साथै, उनीहरूले सरकारले अब आउने बजेटमा वृद्धभत्तामा केही वृद्धि गरिदिन्छ कि भन्ने आशा पनि गरेका छन्। सरकारले यसतर्फ पनि ध्यान देओस्।

● **बलराम थापा**, कुश्लेचौर, क्षेत्रपाटी, काठमाडौं

संसद्को क्यालेन्डर, राम्रो काम !

संसद्को अधिल्लो अधिवेशन एउटा मात्रै कानुन बनाएर सकिएको थियो। संसद्ले थुप्रै अपरिहार्य ऐन, कानुन बनाउनुपर्नेछ। दुवै सदनले आफ्नो समयतालिका बनाएर राम्रो सन्देश दिएका छन्। अब क्यालेन्डरअनुसार चलेर संसद्ले आफू सुधिएको प्रमाणित गर्नुपर्छ। संसद्को क्यालेन्डर निर्माणको आवाज उठाउने सुमनालगायत माननीयलाई धन्यवाद !

● **अनुराधा पाण्डे**
चाबहिल, काठमाडौं

प्रमाणित भए सजाय भोग्ने हो

बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा किर्ते, अपचलन गरी लिएको अरोपमा पक्राउ परेका अरुण चौधरीले अपराध प्रमाणित भए जमिन फिर्ता गर्छु भनेको हुँ भनेछन्। यसअघि उनले आफू जमिन फिर्ता गर्न तयार भएको समाचार आएका थिए। गैरकानुनी रूपमा कब्जा गरेको प्रमाणित भए उनले जमिन फिर्ता गर्नैपर्दैन। कानुनअनुसार आफैँ फिर्ता हुन्छ। उनले त्यसबापत सजायचाहिँ भोग्ने हो।

● **वीरबहादुर तामाङ**
जोरपाटी, काठमाडौं

सहकारीको नियमन कडा बनाऊ

दसौँ लाख सर्वसाधारण नागरिकले गारोसाँघुरोमा भरथेग हुन्छ भनेर खाई-नखाई सहकारीमा राखेको खर्बभन्दा धेरै निक्षेप सहकारीका सञ्चालकले हिनामिना गरेको कुरा निकै अघिदेखि बाहिर आइरहेकै हो। तर, सरकार भने सहकारीलाई नेपालको आर्थिक विकासको एउटा मजबुत स्तम्भका रूपमा परिभाषित गर्नमा लागिरहयो। सहकारीका बदमासी नियमन गर्ने सबल र उपयुक्त संरचना निर्माण गर्न उदासीन भइदियो। सहकारी खोल्ने आकर्षक ब्याजको लोभ देखाउँदै सर्वसाधारण मानिसबाट ठूलो राशीमा निक्षेप संकलन गर्ने र त्यसलाई घरजग्गा, हाउजिङजस्ता अनुत्पादक क्षेत्रमा खन्याउने र रातारात अर्बपति हुने लहर नै चल्यो। राजनीतिको छत्रछायामा यो धन्दा निकै मौलायो। तिनले नगरेको कुनै बदमासी रहेन।

सहकारीका सञ्चालकले आफ्नो मात्रै होइन, परिवार र आफन्तको नाममा घरजग्गा जोड्ने र निक्षेपकर्तालाई घर न घाटको बनाउने क्रम अझै रोकिएको छैन।डेढ दशकअघिको ओरियन्टल ठगीका पीडितले अझै आफ्नो पैसा फिर्ता पाउन सकेका छैनन्। त्यसयता हरेक वर्ष सहकारी डुब्ने क्रम थपिँदै गएको छ। र, पनि सरकार र जिम्मेवार राजनीतिक दल र तिनका नेता यो समस्या समाधानमा गम्भीर देखिएका छैनन्।

सहकारी अवैध धन्दा र कालो धनलाई सेतो बनाउने अखडा भएको तथ्य कसैबाट छिपेको छैन। तर, यसलाई राष्ट्र बैंकको नियमनमा ल्याउने पहल कसैबाट भएन। सर्वसाधारण जनताको पैसा यसरी डुबिरहँदा पनि सरकारले गम्भीर पहल नलिनुले अनेकौँ आशंका उब्जिन्छन्। सरकारले यस सम्बन्धमा कठोर कदम चाल्न अब ढिला गर्नु हुँदैन। ठगीको यो धन्दाको जालो तोड्दा मात्रै नेपालको अर्थतन्त्रले सकारात्मक गति लिन सक्छ।

● **शिवजी राउत**, ठैब, ललितपुर

मध्यपूर्वमा युद्धका लागि उद्यत् अमेरिका

प्यालेस्टाइन-इजरायल युद्धको मूल कारण संज्ञानमा नलिए 'आक्रमण र प्रत्याक्रमण'को चक्र दोहोरिरहन्छ। वासिंटनले 'सम्भावित युद्ध'लाई सम्हाल्न सक्नेछैन।

देश/विदेश

शुक्रबारको दिन अमेरिकाले इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स कर्पस् कुड्स फोर्स र सम्बद्ध मिलिसिया समूहविरुद्ध इराक र सिरियामा ८५ भन्दा बढी ठेगानामा हवाई आक्रमण गरेको बताएको छ। यसले अमेरिका र इरानबीच पहिलेदेखि नै निष्क्रिय रहेको सम्बन्धलाई थप जटिल र खतरनाक अवस्थामा पुऱ्याएको छ। दुवै देशले एक-अर्कासँग युद्धको कुनै मनसाय नरहेको दाबी गरेका छन्। तर, दुवै पक्ष प्रत्यक्ष द्वन्द्व सम्मुख भइरहेका छन्। यो परिस्थितिका पछाडि कुन शक्ति र तर्क छ भनी अन्वेषण गर्न आवश्यक छ।

अमेरिकी कारबाहीपछि तीन देश इराक, सिरिया र इरानले अमेरिकी हवाई हमलाप्रति कडा निन्दा गरेका छन्। अमेरिकाको यो कार्य इराक र सिरियाको सार्वभौमसत्ताको स्पष्ट उल्लंघन हो। राष्ट्रसंघको बडापत्रको उद्देश्य र सिद्धान्तविरुद्ध पनि हो। अमेरिकाले 'इरान समर्थित सैन्य समूह'मा आक्रमण गरेको दाबी गरेको छ, तर यसले इराक र सिरियामा सर्वसाधारणको हताहती भएको छ। अमेरिकाले आफ्नो वर्चस्व कायम गर्न देखाएको लापरबाहीलाई रोक्न अन्तर्राष्ट्रिय समुदायले उपाय खोज्नुपर्छ। चीनले सधैँ शान्तिपूर्ण माध्यमबाट विवादको समाधानको पैरवी गर्दै आएको छ र अन्तर्राष्ट्रिय सम्बन्धमा बल प्रयोग वा धम्कीको विरोध पनि गर्दै आएको छ। सबै पक्षले राष्ट्रसंघको बडापत्रका उद्देश्य एवं सिद्धान्त र अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यतालाई प्रभावकारी रूपमा पालना गर्नुपर्छ। इराक र सिरियाको सार्वभौमसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डतालाई प्रभावकारी रूपमा सम्मान र संरक्षण गरिनुपर्छ। चीन अमेरिकाको कारबाहीको विरोध र निन्दा गर्नेमा स्पष्ट छ।

यसबाहेक हामी भूराजनीतिक जोखिम र तिनका मूल कारणलाई गहिरो रूपमा खोतल्नका लागि अमेरिका-इरान भूराजनीतिक खेललाई उदाहरणका रूपमा लिन चाहन्छौं। हालैका दशकमा अमेरिका र इरान एक-अर्कासँग जेलिएका द्वन्द्वमा संलग्न छन्, जसले मध्यपूर्वको अहिलेको अवस्था निम्त्याएको छ। अमेरिका र इरान भूराजनीतिक खेलाडी हुन्। तर, स्थिति सम्भावित प्रत्यक्ष द्वन्द्वतर्फ बढिरहेको छ भन्न हिच्किचाउनु पर्दैन। यदि हामीले द्वन्द्वलाई अघि बढ्न दियौं भने यो क्षेत्र विनाशतर्फ जानेछ। त्यसवेला अमेरिका र इरान दुवैले परिस्थितिलाई नियन्त्रण गर्न सक्नेछैनन्, न त कुनै पक्षले आफ्नो इच्छाअनुसारको ढाँचा बनाउन सक्छन्। यसबाहेक द्वन्द्वको प्रभावको दायरा अमेरिका र इरानको बीचमा मात्र सीमित हुनेछैन, किनभने मध्यपूर्वमा हुने जुनसुकै द्वन्द्वले बहुआयामिक प्रभाव पार्नेछ।



तस्बिरः लुई रुई/ग्लोबल टाइम्स

अमेरिकी वर्चस्व नै मुख्य मुद्दा हो। अमेरिकाको विश्वव्यापी वर्चस्व र क्षेत्रीय शक्तिबीच संरचनात्मक विरोधाभास विद्यमान छ। आफ्नो वर्चस्व कायम राख्न अमेरिकाले अझै पनि आर्थिक प्रतिबन्ध र सैन्य हमलाको सरल तर क्रूर माध्यम प्रयोग गरिरहेको छ। यी उपाय अहिलेको जटिल र द्रुत रूपमा विकसित अवस्थालाई सम्बोधन गर्न कम प्रभावकारी साबित भइरहेका छन्। प्यालेस्टाइन-इजरायल द्वन्द्वपछि मध्यपूर्वमा हुने हरेक सैन्य कारबाही (शुक्रबारको आक्रमणसहित) पछि अमेरिकाले आफूले 'बृहत्तर युद्ध' नखोजेको भन्नेमा जोड दिन्छ। यद्यपि अमेरिका आफ्नै व्यवहारलाई रोक्न र मध्यपूर्व नीति समायोजन गर्नका लागि पहल गर्न इच्छुक देखिँदैन। नतिजा अमेरिकाले जति धेरै द्वन्द्वलाई पछ्याउँदैन भन्छ, त्यति नै अमेरिका द्वन्द्वमा फसिरहेको देखिन्छ।

अमेरिकी सैन्य बमवर्षक आधारबाट आक्रमणका लागि उडेका दिन बिबिसीले अमेरिका र युरोपमा आठ सयभन्दा बढी सेवारत अधिकारीले एउटा वक्तव्यमा हस्ताक्षर गरेको खुलासा गरेको थियो। गाजा द्वन्द्वलाई लिएर यी अधिकारीको वक्तव्यमा आफ्नै सरकारको नीतिले 'अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन' गर्न सक्ने चेतावनी उल्लेख छ।

यी अधिकारीले सुरुमा आफ्नो व्यावसायिक चिन्ता आन्तरिक रूपमा व्यक्त गरेका थिए, तर यी चिन्ता 'राजनीति एवं वैचारिकीबाट' खारेज गरिएका थिए। यो अभूतपूर्व घटनाले पश्चिमा साझेदार मुलुकभित्र नै असहमति छ भन्ने देखाउँछ। यसले पश्चिमा मुलुक विशेषतः अमेरिकाकै मध्यपूर्वको नीति समस्याग्रस्त छ भन्ने देखाउँछ। निःसन्देह मध्यपूर्वमा अमेरिकाको महत्त्वपूर्ण प्रभाव र सैन्य उपस्थिति छ। अमेरिकाको मध्यपूर्व मामिलामा 'प्रत्याशित' प्रवेश होस् वा 'अपेक्षित' जवाफी कारबाही होस्, मध्यपूर्वमा अमेरिकी दृष्टिकोण अब प्रभावकारी छैन भन्ने पुष्टि भइसकेको छ। प्यालेस्टाइन-इजरायल द्वन्द्वमा प्यालेस्टिनी जनताको आकांक्षालाई उपेक्षा गर्न सकिँदैन र दुई राज्यीय समाधान नै अन्तिम उपाय हो। यसमा नै अहिलेसम्म अन्तर्राष्ट्रिय रूपमा साझा मत प्रकट भएको देख्न सकिन्छ। प्यालेस्टाइन-इजरायल युद्धको मूल कारणको संज्ञान लिइँदैन भने 'आक्रमण र प्रत्याक्रमण'को चक्र दोहोरिरहन्छ र वासिंटनले 'सम्भावित युद्ध'लाई सम्हाल्न सक्नेछैन।

अमेरिकाले इरानमाथि धेरै वर्षदेखि व्यापक प्रतिबन्ध लगाउँदै आएको छ। हाल अमेरिकाले 'इरान-समर्थित सैन्य बल' भनेर इरानविरुद्ध प्रत्यक्ष रूपमा सैन्य हवाई आक्रमण गरेको छ। यो आक्रमणले केही हदसम्म अमेरिकी प्रतिबन्धको प्रभावहीनतालाई पनि संकेत गर्छ। बल प्रयोगको दुष्परिणाम स्पष्ट रूपमा प्रतिबन्ध भन्दा हुन्छ र अमेरिकाले यो महसुस पनि गरेको छ। तैपनि, वर्षौंदेखि प्रतिबन्ध र बल प्रयोगमा निर्भरता कम गर्नुको सट्टा अमेरिकाले यसलाई अझ बलियो बनाएको देखिन्छ। अमेरिकाले सामना गरिरहेको रणनीतिक चुनौती महत्त्वपूर्ण क्षेत्रीय र विश्वव्यापी चिन्ताको रूपमा विकसित भएको छ।

- ग्लोबल टाइम्सको ४ फेब्रुअरीको सम्पादकीयबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्वलाई जोड्ने इन्टरनेट केबल सञ्जालमा हुथीको आँखा

अन्तर्राष्ट्रिय समुद्री केबललाई निसाना बनाउने हुथी विद्रोहीको चेतावनी, यमनको जनरल टेलिकम्युनिकेसन कर्पोरेसनले गऱ्यो विरोध

संयुक्त राष्ट्रसंघले मान्यता दिएको यमनी सरकारसँग आबद्ध टेलिकम संस्थानले हुथी विद्रोहीले लालसागरमुनि बिछ्याएको केबल सञ्जालमा क्षति पुऱ्याउन सक्ने चेतावनी दिएको छ। सो क्षेत्रको केबल सञ्जालले एसिया-पश्चिमी राष्ट्रबीचको इन्टरनेट सञ्जाल र वित्तीय तथ्यांक आदानप्रदान गर्ने भएकाले तिनमा क्षति पुग्दा त्यसको असर विश्वभर महसुस हुनेछ। केही समयअघि हुथी आफैंले उसको एक टेलिग्राम च्यानलमा लालसागरको पिँधमा बिछ्याइएका केबल सञ्जालको नक्सा प्रकाशित गर्दै लेखेको थियो, 'समुद्रको पिँधमा बिछ्याइएका तारको सञ्जालले विश्वको सबै भेगलाई एउटै इन्टरनेट सञ्जालमा जोड्छ। र, यमन रणनीतिक बिन्दुमा उभिएको छ, ऊ दुई देशलाई जोड्ने होइन, सम्पूर्ण विश्वलाई जोड्ने इन्टरनेट केबल गएको भागको नजिक छ।'

यमनको जनरल टेलिकम्युनिकेसन कर्पोरेसनले एक वक्तव्य निकाल्दै अन्तर्राष्ट्रिय समुद्री केबललाई निसाना बनाउने हुथीको चेतावनीको आलोचना गरेको छ। लालसागरका पिँधमा रहेको फाइबर केबलले विश्वको कुल इन्टरनेट आवागमनको १७ प्रतिशत हिस्सा बोक्ने तथ्यांकले देखाउँछ। लालसागरको पिँधमा रहेका करिब १६ समुद्री केबलमध्ये सबैभन्दा महत्त्वपूर्ण मानिएको २५ हजार किमी लामो 'एसिया-अफ्रिका-युरोप एई-१' केबल लालसागरलाई बीचमा पारेर युरोपदेखि दक्षिणपूर्वी एसियासम्म फैलिएको छ। खाडी सुरक्षा फोरमका सुरक्षा विश्लेषकले गतसाता समुद्री केबल हुथीको न्यून प्राविधिक क्षमताका कारण मात्र सुरक्षित रहिरहेको बताएका थिए। 'हुथीहरूसँग जमिनमा देखिने जहाजमा क्षति पुऱ्याउन आवश्यक मिसाइल र ड्रोन भए पनि समुद्री पिँधमा पुग्ने पनडुब्बुजस्ता उपकरणको अभाव छ,' ती विश्लेषकले भनेका छन्।

तर, केही बिन्दुमा केबल जम्मा सय मिटरजतिको गहिराइमा मात्र रहेकाले उच्च प्रविधियुक्त पनडुब्बीसमेत आवश्यकता नपर्न सक्छ। सन् २०१३ मा तीनजना सामान्य गोताखोर एलेक्जेन्ड्रियानजिक यस्तो केबल काट्ने प्रयास गरिरहेको अवस्थामा पक्राउ परेका थिए। पछिल्लो समय अमेरिका र उसका मित्रशक्तिले हुथी समूहका आधार क्षेत्रमा आक्रमण बढाएसँगै समूहबाट ठूलो जवाफी कारबाहीको चिन्ता बढ्न थालेको छ। पश्चिमी शक्तिले नोभेम्बरयता हुथीले लालसागर क्षेत्रमा आउजाउ गर्ने जहाजलाई निसाना बनाएको प्रतिक्रियामा ती आक्रमण गरेका हुन्। हुथीले सुरुका दिनमा गाजा क्षेत्रका प्योलेस्टिनीको समर्थनमा इजरायलसँग सम्बन्धित जहाजमा मात्र आक्रमण गरेको बताएको थियो। यी आक्रमणलाई निस्तेज बनाउन अमेरिका र बेलायतले आफ्ना रणनीतिक आधारमा बमबारी गरेपछि हुथीले ती दुई देशका पूर्वाधारलाई पनि निसाना बनाउने बताएको छ।

हुथीका प्रवक्ता मोहम्मद अब्दुल सलामले यमनविरुद्धको अमेरिका-बेलायतको आक्रामकतालाई रोक्न नयाँ रणनीति प्रयोग गर्न तयार रहेको बताएका छन्। 'हामी गाजालाई समर्थन गर्ने हाम्रो निर्णयमा अडिग र प्रतिबद्ध छौं। हामीलाई कुनै आक्रमणले यस क्षेत्रबाट विचलित बनाउन सक्दैन। जहाँसम्म यमनीहरूको सैन्य क्षमताको कुरा छ, यो अत्यन्त निर्मम युद्धका दौरान पुनर्निर्माण भएकाले यसलाई नष्ट गर्न सजिलो छैन। बरु अमेरिका र बेलायतले यस भेगमा थप द्वन्द्व भड्काउने र युद्धको नयाँ मोर्चा खोल्नेभन्दा विश्व समुदायको चाहनाअनुरूप इजरायली आक्रामकतालाई तत्काल रोकोस् र गाजामाथिको नाकाबन्दी खुलाओस्,' सलामले एएफपीलाई भने।

अक्टोबर ७ को हमासको आक्रमणपछि गाजामाथिको विध्वंसकारी इजरायली अभियान चलिरहँदा मध्यपूर्वभर इजरायलविरुद्ध आक्रोश बढेको छ। यस आक्रोशलाई प्रयोग गरी लेबनान, इराक, सिरिया र यमनमा रहेका इरान समर्थित समूहले इजरायलविरुद्ध विभिन्न तरिकाले आक्रमण गरिरहेका छन्।

- एफएफपीबाट



लालसागरको पिँधमा रहेका करिब १६ समुद्री केबलमध्ये सबैभन्दा महत्त्वपूर्ण मानिएको २५ हजार किमी लामो 'एसिया-अफ्रिका-युरोप एई-१' केबल लालसागरलाई बीचमा पारेर युरोपदेखि दक्षिणपूर्वी एसियासम्म फैलिएको छ।

अस्ट्रेलियाली लेखकलाई चीनमा निलम्बित मृत्युदण्ड

बेइजिङ / चीनको एक अदालतले अस्ट्रेलियाली लेखक याङ हेङजुनलाई निलम्बित मृत्युदण्डको सजाय सुनाएको छ। जासुसीको आरोपमा पक्राउ परेको पाँच वर्षपछि चिनियाँ अदालतले उनलाई उक्त सजाय सुनाएको हो। अस्ट्रेलियाली अधिकारीका अनुसार यो सजाय दुई वर्षपछि आजीवन कारावासमा परिणत हुन सक्छ (चिनियाँ कानुनमा निलम्बित मृत्युदण्डको सजायले दोषीलाई मृत्युदण्डबाट दुई वर्षको छुट दिन्छ, त्यसपछि यो स्वतः आजीवन कारावासमा परिणत हुनेछ)। डा. याङले आफूमाथि लाग्दै आएका आरोप अस्वीकार गरेका छन्, जुन सार्वजनिक गरिएको छैन। उपन्यासकारसमेत रहेका डा. याङले चिनियाँ राज्य मामिलाबारे ब्लग तयार पारेका छन्।

अस्ट्रेलिया सरकारले बेइजिङको कदमले स्तब्ध भएको बताएको छ। अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले बेइजिङको ऐतिहासिक भ्रमण गरेको तीन महिनापछि डा. याङलाई निलम्बित मृत्युदण्ड सुनाइएको हो। नोभेम्बर ४ देखि ७ सम्म भएको भ्रमणको उद्देश्य पछिल्लो समय बिग्रिएको दुई देशको सम्बन्ध सुधार ल्याउनु रहेको थियो। डा याङको सजायलाई लिएर विदेशमन्त्री पेनी वोंगले अस्ट्रेलियाका लागि चिनियाँ राजदूतलाई स्पष्टीकरणका लागि बोलाएकी छिन्। उनले सरकारले बेइजिङलाई 'सबैभन्दा कडा शब्दमा' आफ्नो प्रतिक्रिया दिने चेतावनी दिइन्।

'हामीले अन्तर्राष्ट्रिय मापदण्ड र चीनको कानुनी दायित्वअनुरूप न्यायको आधारभूत मापदण्ड, प्रक्रियागत निष्पक्षता र मानवीय व्यवहारका लागि निरन्तर आह्वान गरेका छौं,' उनले एक विज्ञप्तिमा भनिन्। 'सबै अस्ट्रेलियालीहरू डा. याङलाई आफ्नो परिवारसँग पुनर्मिलन भएको हेर्न चाहन्छन्। हामी हाम्रो वकालतमा पछि हट्नेछैनौं,' उनले भनिन्।

- बिबिसी

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५२ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**जमुना कुमाल** स्थायी ठेगाना: नवलपरासी जिल्ला, नयावेलहानी गा.वि.स. वडा.नं. ५ हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४ बाबु : भक्त बहादुर जि.सी. ससुरा : पुर्ण बहादुर कुमाल पति : भिन बहादुर कुमाल	सवारी मोडल : Ford Figo Trend 1.2 L ईन्जिन नं. : GA70114 च्यासिस नं. : MAJGXXMTKGGA70114 सवारी दर्ता नं. : बा १६ च ३७७५

जमानीकर्ताहरुको विवरण

१) भिन बहादुर कुमाल	२) अजय श्रेष्ठ	३) दिक्षा कुमाल श्रेष्ठ
स्थायी ठेगाना : नवलपरासी जिल्ला, नयावेलहानी गा.वि.स. वडा.नं. ५ हालको ठेगाना : नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४ बाबु : पुर्ण बहादुर कुमाल बाजे : लुर्क बहादुर कुमाल	स्थायी ठेगाना: नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा.नं. ३ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा.नं. २ बाबु : लक्ष्मण श्रेष्ठ बाजे : कृष्ण बहादुर श्रेष्ठ	स्थायी ठेगाना : नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा.नं. २ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा.नं. २ बाबु : भिन बहादुर कुमाल ससुरा : लक्ष्मण श्रेष्ठ पति : अजय श्रेष्ठ

ऋणीको विवरण

२) प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, भरतपुर, चितवनमा, प्रा.फ.र.नं. ९०५/०७५/०७६ स्थानीय व्यापार अन्तर्गत मिति २०७५/१०/१७ मा प्राइमेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९ स्थित **माता भवानी हार्डवेयर**

प्रोप्राइटर तथा जमानतकर्ता: प्रकाश महथा
ठेगाना : बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६
बाबु : राजेश महथा खत्री
बाजे : हरी किशोर महथा खत्री

धितोको विवरण

१) गणेश महथाको नाती, केदार महथाको छोरा, बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ बस्ने हरी किशोर महथा खत्रीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ५२० र ५२२ को क्षेत्रफल क्रमशः ०-५-० र ०-५-५ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।
२) केदार महथाको नाती, हरी किशोर महथाको छोरा, बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ बस्ने राजेश महथा खत्रीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४३९ को क्षेत्रफल ०-७-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।
३) रामबिलास महथाकी छोरी, हरी किशोर महथा खत्रीकी बुहारी, राजेश महथा खत्रीकी पत्नी, बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ बस्ने रुकमिन देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. १३३ को क्षेत्रफल ०-०-१२-१४$^{१/२}$(विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।
४) माता भवानी हार्डवेयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) कुन्दन महथा खत्री	२) रुकमिन देवी	३) हरी किशोर महथा खत्री	४) राजेश महथा खत्री
ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १३ बाबु : राजेश महथा खत्री बाजे : हरी किशोर महथा खत्री	ठेगाना : बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ बाबु : रामबिलास महथा ससुरा: हरी किशोर महथा खत्री पति : राजेश महथा खत्री	ठेगाना : बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ बाबु : केदार महथा बाजे : गणेश महथा	ठेगाना : बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ बाबु : हरी किशोर महथा खत्री बाजे : केदार महथा

ऋणीको विवरण

३) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा लघु.उ.द.नं. १७८/०७४/७५ अन्तर्गत मिति २०७४/०५/२९ मा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ६ स्थित **ओम सतिया ग्रील तथा ट्रली उद्योग**

प्रोप्राईटर तथा जमानीकर्ता: दुर्गावती तेली

धितोको विवरण

१) राम अचल तेलीकी छोरी, सुखराम तेलीकी बुहारी, सुर्जभान तेलीकी पत्नी, रुपन्देही जिल्ला, छोटकी रामनगर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ६ बस्ने दुर्गावती तेलीको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, छोटकी रामनगर गा.वि.स. वडा नं. २/क (हाल ओमसतिया गा.पा. वडा नं. ६) स्थित कित्ता नं. ८१४ को क्षेत्रफल ०-३-२.५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) ओम सतिया ग्रील तथा ट्रली उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables)उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) दुर्गावती तेली	२) सुर्जमान तेली
स्थायी ठेगाना : रुपन्देही जिल्ला, छोटकी रामनगर गा.वि.स. वडा नं. २ हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ६ बाबु : राम अचल तेली ससुरा : सुखराम तेली पति : सुर्जभान तेली	स्थायी ठेगाना : रुपन्देही जिल्ला, छोटकी रामनगर गा.वि.स. वडा नं. २ हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ६ बाबु : सुखराम तेली बाजे : मेढई तेली

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५

गैर बैंकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १घ (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. ३१२ को क्षेत्रफल ०-२-१०.५०-० (विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं.६ क (हाल कावासोती न.पा. वडा नं.९) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लागतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
८.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, विरगञ्जको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स.वडा नं.६ (हाल धोवीनी गा.पा.वडा नं.४) स्थित कित्ता नं.८४ को क्षेत्रफल ४३७.५० वर्ग मिटरको घर/जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, ज्ञुडिबेला गा.वि.स वडा नं. ७ (हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ७० क्षेत्रफल ०-९-१० (विगाह) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-३-० (विगाह) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँ नैकाप गा.वि.स. वडा नं. ६ (हाल चन्द्रागिरी न.पा वडा नं. १४) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ८५.४४ व.मि.को घरजग्गा ।



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने घरजग्गाको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने घर जग्गाको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८०/८/२६)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँपालिकास्थित मादी पावर प्रा. लि. अन्तर्गत सञ्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत आयोजना तथा ७८ मेगावाटको सान्जेन खोला जलविद्युत आयोजनाको लागि निम्न दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

सि. नं	पद	योग्यता	अनुभव	माग संख्य
1	**Electrical Operatorr**	BE (Electrical)	सम्बन्धित काममा कम्तिमा ७ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको	१
2	**Hydraulic Mechanical Engineer**	BE (water conservancy and hydropower engineering)	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको अङ्ग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको	१
3	**Mechanical Engineer**	BE(water conservancy and hydropower Mechanical)	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको	४
4	**Electrical Engineer**	Electrical Engineer (power generation, transformation , automation and transmission)	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको अङ्ग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको	५
5	**Chinese Cook**	+2	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको	१

नोटः चिनियाँ भाषा राम्रो ज्ञान भएको र स्थानीयलाई विशेष प्राथमिकता दिइने छ ।

गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकताअनुसार
काम गर्नु पर्ने क्षेत्र तथा स्थल : आयोजना स्थलको आवश्यकताअनुसार
कार्यरत रहने अवधि : १ वर्ष
संलग्न कागजातहरु : शैक्षिक प्रमाण पत्र र अनुभवका कागजहरू

सम्पर्क ठेगना :

१. मादी पावर प्रा लि
आयोजना स्थल
मादी ७, कास्की, गण्डकी, आमा छोदिङमो ५, रसुवा, बागमती
इमेलः career.madipower2@gmail.com

२ . मादी पावर प्रा लि
आयोजनाको कार्यलय, बालुवटार, काठमाडौं

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले थाइल्याण्डबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	HILUX DOUBLE CAB (AT)	PICK UP	TOYOTA	GUN126R-DTTHX	2755	THAILAND	1	13,900,000.00	13,900,000.00

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुर पश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति : २०८०/१०/२३

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८०/०८१ अन्तर्गत तपसिलमा उल्लेखित खरिद कार्यका लागि मिति २०८०/०८/२७ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिलका बोलपत्रदाताले पेश गरेका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

ठेक्का न.	योजनाको नाम	फर्म/ कम्पनि	कबोल रकम (मु.अ.कर. बाहेक)
40/DSMC/2079/080	Procurement for Supply and Delivery 1 (One) Unit of Fire Fighting Vehicle	श्री द वेभ ग्रुप ट्रेडिंग प्रा.लि., लैनचौर, काठमाडौं	रु. ६६,३५,३५०/००

प्रमुख प्रशासकीय अधिकृत

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२२/२२५)
फ्याक्सः +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग धरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्रा.फ.र.नं. ८५६४/०७१/०७२ स्थानीय व्यापार अन्तर्गत मिति २०७१/०४/१६ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ३ स्थित **सुशिल एण्ड सन अटो पार्टस** **प्रोप्राइटर तथा जमानीकर्ता : सुशिल राज लामिछाने** स्थायी ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ७ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २६ बाबु : भानुभक्त लामिछाने बाजे : त्रिलोचन लामिछाने	**२) सुशिल राज लामिछाने** स्थायी ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ७ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २६ बाबु : भानुभक्त लामिछाने बाजे : त्रिलोचन लामिछाने
	जमानीकर्ताहरुको विवरण	
	२) दुर्गा कुमारी पौडेल स्थायी ठेगाना : स्याङ्जा जिल्ला, विचारी चौतारा गा.वि.स वडा नं. ५ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २६ बाबु : तोय नाथ पौडेल ससुरा : भानुभक्त लामिछाने पति : सुशिल राज लामिछाने	
	धितोको विवरण	
	१) त्रिलोचन लामिछानेको नाति, भानुभक्त लामिछानेको छोरा, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २६ बस्ने सुशिल राज लामिछानेको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, खुदावज्ञार गा.वि.स. वडा नं. ७ (हाल सिद्धार्थनगर न.पा वडा नं. ८) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-७-१२ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) त्रिलोचन लामिछानेको नाति, भानुभक्त लामिछानेको छोरा, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २६ बस्ने सुशिल राज लामिछानेको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, भैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमशः १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१, र २-२-०-०,(रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सुशिल एण्ड सन अटो पार्टस को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
२)	**ऋणीको विवरण** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९२९९/१४९, स्थानीय अन्तर्गत मिति २०७७/०५/२३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ (हाल गढीमाई न.पा. वडा नं. १) स्थित **न्यु राजदेवी गाल्ला भण्डार** **प्रोप्राईटर तथा जमानीकर्ता: अजित कुमार यादव** स्थायी ठेगानाः रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बाबु : निर्सु राय यादव बाजे : सहदेव राय यादव	**धितोको विवरण** १) रामानन्द रायकी छोरी,निर्सु राय यादवकी बुहारी, अजित कुमार यादवकी पत्नि, रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बस्ने संजु कुमारीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. २९२०, २९९०, २८९२ र २२७० को क्षेत्रफल क्रमशः ०-०-१२, ०-०-१२, ०-०-५ र ०-०-१३-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) लखन रायकी छोरी, मखन राय यादवकी बुहारी, सहदेव रायकी पत्नि, रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बस्ने सुकेशरी देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, हर्दिया गा.वि.स. वडा नं. ५ (हाल वृन्दावन न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६९ को क्षेत्रफल ०-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) न्यु राजदेवी गाल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) तेतरी देवी स्थायी ठेगाना : रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बाबु : चलितर राय यादव ससुरा : सहदेव राय पति : निरसु राय यादव	**२) संजु कुमारी** स्थायी ठेगाना : रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बाबु : रामानन्द राय ससुरा : निर्सु राय यादव पति : अजित कुमार यादव
	३) सुकेशरी देवी स्थायी ठेगाना : रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बाबु : लखन राय ससुरा : मखन राय यादव पति : सहदेव राय	**४) निरसु राय** स्थायी ठेगाना:रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना:रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. १ बाबु : सहदेव राय बाजे : मखन राय यादव

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सुम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको
गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिकी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना
(प्रकाशित मिति २०८०/१०/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०/११/०१ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरुको विवरणः तपसिल

क्र.स.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	सिरहा	विष्णुपुर प्र.ध.	२/२ क	६०९	३३८.६४	जग्गा
		चैनपुर	९/९ क	३१५	२,०४०.३०	जग्गा
२.	झापा	हल्दीबारी	३/३ ख	२२२०	१४,६४६.१६	जग्गा
३.	झापा	शिवगञ्ज	७/७ स	२८९	६,२६३.७९	जग्गा
			७/७ स	२८८	४,७४०.१६	जग्गा
४.	झापा	भद्रपुर	४/१८००३६८०७	१३	६८५.००	जग्गा
५.	झापा	भद्रपुर	५/१८००३२६०९	१२	८५.००	घरजग्गा
६.	भक्तपुर	सुडाल	७/७ ड	११७	३८१.४८	घरजग्गा
७.	धनकुटा	चुलिवन	५/५	६६	४,२६८.६१	जग्गा
८.	मोरङ्ग	विराटनगर उ.म.न.पा.	१५/१७८०७४२२२	५१	३९९	घरजग्गा
			१५/१७८०७४२२२	५२	३४६	
९.	उदयपुर	गाईघाट	३/३ क	१०१५	१६९.२९	घरजग्गा
१०.	सुनसरी	इटहरी उ.म.न.पा.	६/६ क	२४९६	१३५.४६	जग्गा
			६/६ क	२८२०	९३.१३	जग्गा
			६/६ क	२०१४	३९७.९०	जग्गा
			६/६ क	२०१८	३००.५४	जग्गा
			२/२ झ	४५८१	२२०.१२	जग्गा
			२/२ झ	१५९६	१६५.०९	जग्गा
			२/२ झ	१४८५	८४.६५	जग्गा
११.	सुनसरी	इनरुवा न.पा.	५/५ क	२६४७	१६९.३२	घरजग्गा
			५/५ क	२६८७	१६९.३२	
१२.	दैलेख	नारायण	२/२	१०२	५७०	जग्गा
१३.	मोरङ्ग	मधुमल्ला	५/ ५ च	४२८०	५३३.३६	जग्गा
		मधुमल्ला	५/५ च	४३२८	१८६.२५	जग्गा
		मधुमल्ला	५/५ च	३४८५	१६९.३२	जग्गा
		मधुमल्ला	५/५ च	२३६७	३०९.०१	जग्गा
		मधुमल्ला	५/५ ड	४२२	१६९.२९	जग्गा
१४.	मोरङ्ग	मधुमल्ला	५/५ ज	९६०	८४.६५	जग्गा
		मधुमल्ला	५/५ ज	२५२४	६७.७२	जग्गा
		मधुमल्ला	५/५ झ	३४४१	८८.८९	घरजग्गा
		मधुमल्ला	५/५ झ	३४४३	३८.१०	घरजग्गा
		मधुमल्ला	५/५ झ	३४४५	२९.६३	घरजग्गा
१५.	उदयपुर	कटारी	१/१ क	७०८	८४.६५	घरजग्गा
		कटारी	१/१ क	६८७	८४.६५	घरजग्गा
		कटारी	१/१ क	२६०४	२९.६३	जग्गा
१६.	मोरङ्ग	करौन	५/५ ख	९८०	६७७.२८	जग्गा
		करौन	५/५ ख	१०४८	३८६४.७२	जग्गा
		करौन	५/५ ख	६६७	५५८.६६	जग्गा
१७.	बर्दिया	गुलरिया	७/७ घ	१९	१२,५२९.३४	जग्गा
१८.	ताप्लेजुङ्ग	फुङलीङ	७/७	१४१०	५०४.६८	जग्गा
१९.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)		सरावल	८/८ क	४३६	१८६.२२	जग्गा
			सरावल	८/८ क	४९५	२५६.०५	जग्गा
			सरावल	८/८ क	४२८	३३८.५८	जग्गा
			सरावल	८/८ घ	१३१	१९६४.११	जग्गा
२०.	काठमाण्डौं	महांकाल	९/१०२१०२७०३	५७	१९५.७५	घरजग्गा
२१.	कन्चनपुर	कालिका	३/०२६०९१६	३७	१३,६५०.००	जग्गा
२२.	सप्तरी	कुशाहा	६/६ ग	९७८	७१.९६	जग्गा
		कुशाहा	६/६ ग	६८९	१६०.८५	जग्गा
		कुशाहा	६/६ग	६१४	२२०.१२	जग्गा
		कुशाहा	६/६ ग	९८०	१२.७०	जग्गा
		कुशाहा	६/६ ग	७०२	९३.१३	जग्गा
		कुशाहा	६/६ ख	६४९	५२९.१२	जग्गा
		कुशाहा	६/६ ख	६५३	७०६.९१	जग्गा
		कुशाहा	६/६ ख	६४६	१६९.३२	जग्गा

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २३ माघ ०८०

हाइड्रोजन गाडी दर्ता गर्न कानुनी बाधा

केन्द्र र प्रदेशका सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐनमा हाइड्रोजन गाडी दर्ता गर्ने व्यवस्था नै गरिएको छैन । काठमाडौं विश्वविद्यालयले दुई महिनाअघि आयात गरेको हाइड्रोजन कार दर्ता नहुँदा प्रांगणमा थन्किएको छ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

शतप्रतिशत स्वच्छ ऊर्जा अर्थात् हाइड्रोजनबाट चल्ने गाडी नेपालमा दर्ता गर्न कानुनी बाधा देखिएको छ । यसअघि स्वदेशमै उत्पादन भएका मोटरसाइकल (यात्री) दर्ता गर्न र दुईपांग्रेमै १०० लटमाथिको नम्बर प्लेट राख्न कानुन नै बाधक बनेको थियो ।

केन्द्र र प्रदेशका सवारी तथा यातायात व्यवस्था ऐनमा हाइड्रोजन गाडी दर्ता गर्ने सम्बन्धमा कुनै पनि व्यवस्था गरिएको छैन । फलस्वरूप हाइड्रोजन गाडी दर्ता नहुने अवस्था सिर्जना भएको छ । काठमाडौं विश्वविद्यालयले अध्ययनका लागि दुई महिनाअघि कोरियाबाट हाइड्रोजनबाट चल्ने हुन्डाई कम्पनीको कार ल्याएको थियो । तर, कानुनी व्यवस्था नहुँदा उक्त गाडीले नम्बर प्लेट, ब्लु बुक र रुट परमिट पाउन सकेको छैन । विश्वविद्यालयका हाइड्रोजन ल्याब प्रमुख विराजसिंह थापाले कानुनी व्यवस्था नहुँदा उक्त गाडी दर्ता गर्न नसकिएको बताए ।

'हामीले विशुद्ध प्राज्ञिक अध्ययनकै लागि यो गाडी ल्याएको हो । जुन प्रयोजनका लागि भए पनि गाडी दर्ता त गर्नुपर्ने हुन्छ होला । तर, कानुनी व्यवस्था नहुँदा दर्ता हुन सकेको छैन,' उनले भने, 'गाडीको ब्लु बुक, नम्बर प्लेट, रुट परमिट केही पनि छैन । अहिले विश्वविद्यालय हाताभित्रै उक्त गाडी प्रयोग गरिरहेका छौं ।'

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले नयाँ ऐनमार्फत यसलाई सम्बोधन गर्ने बताए । 'यो नयाँ प्रविधि हो, प्रचलित ऐनले यसलाई समेट्दैन । हामी अहिले यातायातसम्बन्धी प्रचलित ऐनलाई संशोधन गरेर नयाँ ऐन ल्याउने तयारीमा छौं, त्यसमार्फत यसलाई सम्बोधन गर्नेछौं,' उनले भने, 'अहिले सवारी दर्तासम्बन्धी काम प्रदेशले नै गर्छ । तर, यसबारे एउटा एकीकृत मापदण्ड भने केन्द्रबाटै बनाउनेछौं ।'

यातायात क्षेत्रमा हाइड्रोजनबाट चल्ने गाडी नयाँ प्रविधि हो । नेपालमा यसको व्यावसायिक आयात तथा सञ्चालन सुरु भइसकेको छैन । बढ्दो जलवायु परिवर्तनका कारण विश्वभर नै हाइड्रोजन गाडीको महत्त्व बढ्दै गएको छ । छिमेकी मुलुक भारतलगायत देशमा हाइड्रोजन गाडी सञ्चालनमा आइसकेका छन् । टोयटा, बिएमडब्लू, हुन्डाई, होन्डाजस्ता ठूला कम्पनीहरूले हाइड्रोजन गाडी उत्पादन सुरु गरिसकेका छन् । जेसिइबीजस्ता कम्पनीले पनि हाइड्रोजनबाट सञ्चालन गर्न सकिने ह्याभी इक्विपमेन्ट उत्पादनमा जोड दिँदै छन् । त्यो अवस्थामा नेपालमा हाइड्रोजन गाडी भित्रिने सम्भावना उच्च छ । ३ माघको मन्त्रिपरिषद्ले ग्रिन हाइड्रोजन नीति-२०८० स्वीकृत गरेको छ, त्यसमा ग्रिन हाइड्रोजनबाट चल्ने गाडीको प्रवर्द्धन गर्ने परिकल्पना छ । त्यसअनुसार अबका दिनमा नेपालमा हाइड्रोजन उत्पादन र हाइड्रोजन गाडीको प्रयोग हुने सम्भावना उच्च छ ।

काठमाडौं विश्वविद्यालय हाइड्रोजन ल्याबका प्रमुख थापाले हाइड्रोजन गाडी दर्ता गर्न मिल्ने कानुनी व्यवस्था यथाशीघ्र गर्नुपर्ने बताए । 'सरकारले हाइड्रोजन नीति ल्याएर एउटा जग त बनाएको छ । अब आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका ल्याएर हाइड्रोजन गाडीको दर्ता गर्न बाटो खुला गर्नुपर्छ,' उनले भने, 'यसमा ढिलाइ गर्नुहुँदैन ।'

सरकारले पेट्रोलियम पदार्थ र विद्युत्बाट चल्ने गाडीका लागि भन्सार तथा कर तोकेको छ । तर, यस्ता गाडीको आयात गर्दा के-कति कर उठाउने भन्ने विषयमा पनि अन्योल छ । काठमाडौं विश्वविद्यालयले अध्ययन प्रयोजनका लागि भनेर भन्सार छुटमा उक्त गाडी आयात गरेको थियो । व्यावसायिक रूपमा आयात गर्दा भने कर तिर्नुपर्छ, त्यस सम्बन्धमा प्रचलित कानुनमा कुनै पनि व्यवस्था छैन ।

बढ्दो जलवायु परिवर्तनका कारण विश्वले नै पेट्रोलियम गाडीको प्रयोगलाई निरुत्साहन गरेको छ । नेपालले पनि सन् ०४५ सम्म शून्य कार्बनमा जाने लक्ष्य लिएको छ, त्यसका लागि पेट्रोलियम गाडी विस्थापित गर्नुपर्छ । त्यसको विकल्पमा विद्युतीय गाडीको प्रयोगलाई प्रोत्साहन गरिएको छ । तर, विद्युतीय गाडीको प्रयोग भने झन्झटिलो छ । बारम्बार चार्ज गर्नुपर्ने कारण लामो दूरीमा यस्तो गाडी प्रयोग गर्न कठिन छ । त्यसमाथि ठूला-ठूला मालवाहक ट्रकहरू पनि ब्याट्री (विद्युत्)बाट सञ्चालन गर्न गाह्रो हुन्छ ।



काठमाडौं विश्वविद्यालयपरिसरमा राखिएको हाइड्रोजन कार ।

■ नेपालमा हाइड्रोजन उत्पादन कति सम्भव छ ?

बिजुलीले पानीलाई टुक्र्याएर हाइड्रोजन उत्पादन गर्न सकिन्छ । इलेक्ट्रोलाइसिस प्रक्रियामार्फत पानीमा हुने अक्सिजन र हाइड्रोजन टुक्र्याइन्छ । नेपालमा प्रशस्त मात्रामा पानी उपलब्ध छ । साथै, विद्युत् उत्पादन पनि बढ्दै गएको छ । त्यो अवस्थामा नेपालमा ग्रिन हाइड्रोजनको उत्पादन सम्भव देखिएको छ । यद्यपि, कति हाइड्रोजन उत्पादन गर्न सकिन्छ भनेर औपचारिक अध्ययन भने भएको छैन । नेपालमा गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष शेष घले र अपि पावरले ग्रिन हाइड्रोजनमा लगानी गर्ने घोषणा गरिसकेका छन् । हाइड्रोजनबाट सवारीसाधन र उद्योग सञ्चालन तथा रासायनिक मल उत्पादन गर्न सकिन्छ । यो पेट्रोलभन्दा प्रदूषणरहित हुन्छ । अहिले प्रयोग भइरहेको पेट्रोल, डिजेल तथा कोइलाबाट उत्पादन हुने ऊर्जाले वातावरण नमज्जाले प्रभावित भएको छ । विभिन्न अध्ययनहरूले ठूला पानीजहाज, लक्जरी ट्रकहरू हाइड्रोजनमार्फत सञ्चालन गर्दा आर्थिक र वातावरणीय हिसाबले अत्यन्तै लाभदायी हुने देखिएको छ ।



काठमाडौं विश्वविद्यालयका हाइड्रोजन ल्याब प्रमुख विराजसिंह थापा भन्छन्–

हामीले विशुद्ध प्राज्ञिक अध्ययनकै लागि हाइड्रोजन गाडी ल्याएको हौ । जुन प्रयोजनका लागि भए पनि गाडी दर्ता त गर्नुपर्ने हुन्छ होला । तर, कानुनी व्यवस्था नहुँदा दर्ता हुन सकेको छैन । गाडीको ब्लु बुक, नम्बर प्लेट, रुट परमिट केही पनि छैन । अहिले विश्वविद्यालय हाताभित्रै उक्त गाडी प्रयोग गरिरहेका छौं ।



यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजाल भन्छन्–

यो नयाँ प्रविधि हो, प्रचलित ऐनले यसलाई समेट्दैन । हामी अहिले यातायातसम्बन्धी प्रचलित ऐनलाई संशोधन गरेर नयाँ ऐन ल्याउने तयारीमा छौं, त्यसमार्फत यसलाई सम्बोधन गर्नेछौं । अहिले सवारी दर्तासम्बन्धी काम प्रदेशले नै गर्छ । तर, यसबारे एउटा एकीकृत मापदण्ड भने केन्द्रबाटै बनाउनेछौं ।

■ पाँच डलरमा दुई सय किलोमिटर

साथै, यस्ता गाडी पेट्रोलियमभन्दा सस्तो पनि हुने देखिन्छ । १६७.५ रुपैयाँको एक लिटर पेट्रोलले औसत १५ किलोमिटरसम्म कार गुडाउन सकिन्छ । तर, पाँच डलरमा पाइने ग्रिन हाइड्रोजनले एउटा कार दुई सय किमिसम्म कुदाउन सकिनेछ । त्यसमाथि सन् ०३० सम्म एक किलो हाइड्रोजनको मूल्य एक डलरमा झार्ने लक्ष्य लिइएको छ । त्यसअनुसार निकट भविष्यमा एक डलरमा (१३३ रुपैयाँ) एउटा कारलाई दुई सय किमिसम्म कुदाउन सकिनेछ । अहिले विद्युतीय कारहरूमा औसत ७० पैसा, एसयुभीहरूमा ८० पैसा, माइक्रोबसमा ९० पैसा र बसहरूमा एक रुपैयाँ २० पैसा प्रतिकिलोमिटर खर्च लाग्नेछ । अहिले काठमाडौं विश्वविद्यालयले प्रयोग गरेको हाइड्रोजन कारको कम्पनी मूल्य ३३ हजार डलर रहेको छ । गाडीलाई चाहिने हाइड्रोजन विश्वविद्यालय आफैंले उत्पादन गरेको छ ।

आइपिओपछिको 'ओपनिङ रेन्ज' घटाउने तयारी

तीन गुणाबाट अंकित मूल्य वा नेटवर्थको दुई गुणासम्म मात्र दिइने गरी छलफल

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले सार्वजनिक निष्कासन (आइपिओ) जारी गरेका कम्पनीको पहिलो कारोबारी मूल्य घटाउने तयारी गरेको छ । आइपिओमा आउने कम्पनीको नेटवर्थको तीन गुणासम्म दिँदै आएको पहिलो कारोबारी मूल्यलाई संशोधन गरेर कम्पनीको नेटवर्थको डेढदेखि दुई गुणामा झार्न लागेको नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले जानकारी दिए । उनले भने, 'कम्पनीको नेटवर्थलाई तीन गुणासम्म ओपनिङ रेन्ज दिइने नीतिलाई अब दुई गुणासम्म दिन सकिन्छ भनेर छलफल गरेका छौं, यसले लगानीकर्ताको लगानीलाई सुरक्षित बनाउन भूमिका खेल्छ ।'

०६४ मा कम्पनीको पहिलो कारोबारी मूल्य नेटवर्थको पाँच गुणासम्म दिइने व्यवस्था थियो । पछि ०६८ सालमा नेटवर्थलाई घटाएर तीन गुणामा झारियो । कमजोर वित्तीय विवरण भएका कम्पनीको पहिलो कारोबारी मूल्य नेटवर्थकै आधारमा दिइँदा पनि मूल्य उच्च हुने र पछि लगानीकर्ता फस्न सक्ने जोखिम रहेको देखिएपछि यसलाई घटाउनु उपयुक्त देखिएको नेप्सको निष्कर्ष छ ।

कुनै पनि कम्पनी आइपिओ निष्कासनपछि नेपाल स्टक एक्सचेन्जमा सूचीकृत हुन्छ । सो कम्पनीको नेटवर्थका आधारमा नेप्सेको सञ्चालक समितिले अहिलेको नीतिअनुसार तीन गुणासम्म मूल्य दिने गर्छ । जस्तो मानौं, कुनै 'ए' नाम गरेको कम्पनीको नेटवर्थ १२० रहेको छ भने नेप्सेको सञ्चालक समिति बैठकले तीन सय ६० रुपैयाँसम्म निर्धारण गर्न सक्छ ।

प्रिमियम मूल्य र बुक बिल्डिङ प्रक्रियाबाट सेयर जारी गरेका कम्पनीको हकमा आइपिओकै मूल्य वा फेस भ्यालुलाई मात्र कारोबार मूल्य दिने गरी छलफल भएको छ । नेप्सेका अनुसार जुन कम्पनीले प्रिमियम मूल्यमा आइपिओ निष्कासन गरेको छ, त्यही मूल्यमा पहिलो कारोबारी तोकिने छलफल अन्तिम चरणमा पुगेको छ । त्यस्तै, बुक बिल्डिङको हकमा पनि अन्तिम कटअफ प्राइजकै मूल्यमा कारोबार हुनेछ ।

पछिल्लो समय अंकित मूल्यमा प्रिमियम थप गरेर सेयर जारी गर्ने कम्पनीहरूको होडबाजी नै देखिएको छ । यस्तै, बुक बिल्डिङ प्रक्रियाबाट पनि सेयर जारी गर्न कम्पनीहरू अग्रसर देखिएका छन् । यस्तो अवस्थामा प्रिमियम र बुक बिल्डिङबाहेक अंकित मूल्यमा सेयर निष्कासन गर्ने कम्पनीलाई कसिलो बनाउन खोजेको नेप्सेको जिकिर छ । नेपाल धितोपत्र बोर्डका पूर्वअध्यक्ष डा. रेवतबहादुर कार्कीले भने कम्पनीलाई धेरै कस्न पनि नहुने बताए । उनले भने, 'बजारलाई छाडा छोड्न पनि नहुने र धेरै कस्दा पनि कम्पनी र लगानीकर्तामा निराश उत्पन्न हुँदा त्यसको असर दोस्रो बजारमा पर्छ ।'

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

धितोपत्र बोर्डको अध्यक्ष सिफारिस समितिले थाल्यो काम

काठमाडौं/ धितोपत्र बोर्डको अध्यक्ष पद रिक्त भएको एक महिनापछि सिफारिस गर्ने समितिले बल्ल काम थालेको छ । समितिले अध्यक्ष छनोटका लागि कार्यविधि निर्धारण गर्न अर्को बैठकमा मस्यौदा पेस गर्ने निर्णय गरेको छ । अध्यक्ष चयन गर्ने अधिकारप्राप्त समितिको पहिलो बैठक सोमबार बसेसँगै नियुक्ति प्रक्रियाको औपचारिक सुरुवात भएको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव र धितोपत्रसँग सम्बन्धित विशेषज्ञ रहेको समितिको बैठक बसेको मन्त्रालयले जानकारी दिएको छ । समितिले यसअघिको नियुक्तिसम्बन्धी कार्यविधिलाई प्रतिस्थापन गर्ने अर्को कार्यविधिको मस्यौदा पेस गर्ने निर्णय गरेको छ ।

हालै सरुवा भएर आन्तरिक राजस्व विभागका महानिर्देशक बनेका सहसचिव भूपाल बरालले आफू मन्त्रालयको तालुक महाशाखाको नेतृत्वमा हुँदै कार्यविधिको मस्यौदा तयार पारेको जानकारी दिए । उनले सोमबारको बैठकमा उक्त कार्यविधि पेस गर्ने तयारी गरे पनि बीचमा उनको सरुवाको खबर आयो । जसकारण यो मस्यौदा पेस भएको छैन । महाशाखा प्रमुखमा सहसचिव नारायण रिसाल सरुवा भएर आएको मन्त्रालयले जानकारी दिएको छ । २२ पुसमा रमेश हमालको कार्यकाल समाप्त भएपछि बोर्डको अध्यक्ष पद रिक्त छ ।

■ नारायणगढ-बुटवल सडक

एक महिनामा खाल्डाखुल्डीरहित बनाउन मन्त्रीको निर्देशन



नयाँ पत्रिका

भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले नारायणगढ-बुटवल सडकखण्डलाई एक महिनाभित्र खाल्डाखुल्डीरहित बनाउन चिनियाँ ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन् । सोमबार मन्त्रालयमा भएको छलफलमा उनले सडक विस्तार निर्धारित समयमै पूरा गर्न चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेड (सिएससिइसी)लाई निर्देशन दिएका हुन् ।

देशकै लाइफलाइनका रूपमा रहेको पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल सडकखण्ड विस्तारमा ढिलाइ भएपछि सरकार र ठेकेदार कम्पनीको चौतर्फी आलोचना भइरहेको छ । प्रधानमन्त्रीदेखि स्थानीय जनप्रतिनिधिसम्मले सडक विस्तारलाई गति दिन दबाब दिइरहँदा पनि अपेक्षित उपलब्धि हासिल नभएको मन्त्री ज्वालाले बताए । सडक निर्माणले गति नलिएपछि सांसद विनोद चौधरीले विभागीय मन्त्री, सचिव, चिनियाँ ठेकेदार, ऋणदाता एडिबीका प्रतिनिधि, सडक विभागका महानिर्देशक, सांसद, स्थानीय तहका जनप्रतिनिधीसहितको छलफल डाकेका हुन् ।

'अब हामीले कुनै कारणले सडक विस्तारमा ढिलाइ भएको सहन सक्ने अवस्था छैन,' मन्त्री ज्वालाले भने, 'अब समयमा काम सक्नैपर्छ । अन्यथा ठेक्का तोड्नुपर्ने अवस्था आउन सक्छ, अब सह्य हुँदैन ।' म्याद थपिएको समयभित्र काम सम्पन्न नभए पुनः म्याद नथपिने उनको भनाइ थियो ।

बैठकको संयोजन गरेका सांसद चौधरीले ठेकेदारले प्रत्येक महिना लक्ष्यअनुसार काम गर्नुपर्ने र लक्ष्य पूरा नगरे उसको रकमबाट कट्टा हुने गरी अर्को ठेकेदारलाई जिम्मेवारी दिने व्यवस्था मिलाउन मन्त्रीलाई आग्रह गरे । ठेकेदार कम्पनीले पटक-पटक प्रतिबद्धता जनाउने, तर पूरा नगर्ने विषय अब सह्य नहुने बताउँदै उनले लक्ष्यअनुसार काम नगर्ने ठेकेदारबाट 'ड्यामेज क्लेम' गरी उसकै पैसामा अन्य ठेकेदारलाई परिचालन गर्न ढिलाइ गर्न नहुने बताए । उनले ठेकेदारलाई भने, 'सन् २०२४ को सेप्टेम्बरसम्म सम्पूर्ण काम सक्नुपर्छ । स्थानीय बासिन्दाले धेरै दुःख पाइसके, अब हामीले कुनै हालतमा छुट दिन सक्दैनौं ।'

यस्तै, भौतिक सचिव केशव शर्माले सडक विस्तारमा ढिलाइ हुँदा सवारीचालक, यात्रु र स्थानीयले धेरै दुःख पाइरहेको बताउँदै अब यो वा त्यो बाहना बनाएर ढिलाइ गर्न नपाउने निर्माण कम्पनीलाई चेतावनी दिए ।

एक सय १३ किलोमिटर लामो नारायणगढ-बुटवल सडक दुई खण्डमा विभाजन गरी विस्तार भइरहेको छ । १९ डिसेम्बसर २०१९ मा ठेक्का सम्झौता भएको सडक विस्तार १४ अगस्ट २०२२ मा सम्पन्न हुनुपर्थ्यो । तर, समयमा काम सम्पन्न नभएपछि सरकारले २१ जुलाई २०२४ सम्म म्याद थप गरेको छ । यो समयभित्र पनि निर्माण सम्पन्न नहुने भन्दै ठेकेदार कम्पनी म्याद थप्ने पक्षमा छ ।

नारायणगढदेखि दाउन्नेसम्मको पहिलो खण्डमा जनवरी २०२४ सम्म ४६.१३ प्रतिशत प्रगति भएको छ । यस्तै, दाउन्नेदेखि बुटवलसम्मको दोस्रो खण्डमा ४२.४६ प्रतिशत प्रगति हासिल भएको बताइएको छ ।

डेढ महिनामा कालोपत्रे गर्ने ठेकेदारको प्रतिबद्धता

ठेकेदार कम्पनीका प्रतिनिधिले एक-डेढ महिनाभित्र बर्दघाट र सुनवल बजारमा कालोपत्रे गरिसक्ने बताएका छन् । चिनियाँ ठेकेदार र आयोजनाका तर्फबाट खटिएका प्रोजेक्ट हेडहरूले बर्दघाट र सुनवल बजारमा कालोपत्रे फागुनभित्र काम सक्ने प्रतिबद्धता जनाएका छन् । सांसद चौधरीले छलफलमा बोलेको कुरा कार्यान्वयन गर्नका लागि दुम्किबास-बुटवल सडकखण्डका प्रोजेक्ट हेड शशांक मिश्रलाई निर्देशन दिए । उनले भने, 'नवलपरासीका नागरिकले धेरै सास्ती भोगेका छन् । अब पनि ढाँटछल गर्ने काम भयो भने सह्य हुनेछैन ।'

६ सुर्ती-गुट्खा उद्योगलाई पुँजी बढाउन स्वीकृति

नयाँ पत्रिका

सरकारले सुर्ती, खैनी तथा गुट्खा उद्योगलाई पुँजी बढाउने अनुमति दिएको छ । औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठकले ६ वटा यस्ता उद्योगलाई पुँजी वृद्धि तथा क्षमता बढाउन स्वीकृति दिएको हो । मोरङको विराटनगरमा रहेको पानमसला, गुट्खा, खैनी, स्विट सुपारी उत्पादन गर्ने मधु प्रोडक्ट्स प्राइभेट फर्मलाई ५० लाखको कुल पुँजी बढाएर चार करोड ५० लाख पुऱ्याउन स्वीकृति दिएको छ । उद्योगले अब दुई सय टन गुट्खा, सय टनसम्म खैनी र सय टन पानमसला उत्पादन गर्ने स्वीकृति पाएको छ । उत्पादन क्षमता बढाएसँगै विद्युत् क्षमता पनि सय केभिएबाट बढाएर दुई सय केभिए पुऱ्याइएको छ ।

कपिलवस्तुको शिवराज नगरपालिकामा रहेको लुम्बिनी पानमसला तथा सुर्ती उद्योगको कुल पुँजी ५० लाख रुपैयाँबाट बढाएर तीन करोड पुऱ्याइएको छ । वार्षिक उत्पादन क्षमताअनुसार गुट्खा वर्षको सात लाख ५० हजार किलो, सुर्ती तीन लाख ५० हजार किलो र पानमसला पाँच लाख किलो उत्पादन गर्न स्वीकृति दिइएको छ । यसलाई पनि विद्युत् क्षमता दुई केभिएसम्मको स्वीकृति दिइएको छ ।

महोत्तरीको सम्सी गाउँपालिकामा रहेको आइपिए गुट्खा उद्योगले हालको आठ लाख २५ हजारको पुँजी बढाएर पाँच करोड रुपैयाँ पुऱ्याउन स्वीकृति पाएको छ । करिब दुई हजार किलोसम्म वार्षिक गुट्खा र जर्दा उत्पादन गर्दै आइरहेको यो उद्योगले क्षमता बढाउन पाएको छ । १५ लाख किलो गुट्खा र ६ लाख ४० हजार जर्दा उत्पादन गर्ने भएको छ ।

सप्तरीको राजविराजमा रहेको बालाजी उद्योग प्रालिलाई १५ लाखको पुँजी बढाएर पाँच करोड ५० लाख पुऱ्याउन बोर्डले स्वीकृति दिएको छ । हालसम्म गुट्खा उत्पादन नगरेको यो उद्योगले अब एक हजार पाँच सय टन गुट्खा उत्पादन गर्ने भएको छ । उद्योगले अब पाँच सय टन सुर्ती उत्पादन गर्ने भएको छ ।

भक्तपुरको चाँगुनारायण नगरपालिकामा रहेको गोल्डेन टोबाको इन्डस्ट्रिज प्रालिलाई २३ लाख ७० हजारको कुल पुँजी बढाएर १० करोड पुऱ्याउँन बोर्डले स्वीकृति दिएको छ । ३० हजार किलो वार्षिक सुर्ती, खैनी उत्पादन गर्दै आइरहेको यो उद्योगले अब ५५ हजार किलोसम्म उत्पादन गर्न पाउने भएको छ । त्यस्तै, हालसम्म गुट्खा उत्पादन सुरु नगरेको यो उद्योगले वार्षिक १० लाख किलोसम्म गुट्खा उत्पादन गर्न पाउने भएको छ । सोही मात्राको पानमसला र स्विट सुपारीसमेत उत्पादन गर्न स्वीकृति पाएको छ ।

वीरगन्जमा रहेको एएम प्रोडक्ट्सले २० लाख ८६ हजार आठ सय ३२ को कुल पुँजी बढाएर पाँच करोड ५० लाखसम्म पुऱ्याउन स्वीकृति पाएको छ । यसले दुई हजार पाँच सय टन गुट्खा उत्पादन गर्न पाउने भएको छ ।

Bagamati Province Government
Ministry of Water Supply, Energy & Irrigation
Water Supply & Sanitation Division No. 1, Makwanpur

Invitation for Bids

Date of Publication: 2080-10-23 (2024 Feb 06)

1. Water Supply & Sanitation Division No. 1, Makwanpur **(WSSD1 Makwanpur)** invites following bids.

S. N.	Contract Identification Number	Description of Work	Estimated Amount with VAT (NRs.)	Bid Security Amount (NRs.)	Bid Validity / Bid Security Validity Period	Price of Bid Document (NRs.)
1.	WORKS/NCB/13/080/81/ WSSD1/Makwanpur	Deep Boring Construction work at Khatiwada Tole Hetauda 14 Makawanpur	3338146.07	85,000	90 days / 120 days	3,000.00
2.	WORKS/NCB/14/080/81/ WSSD1/Makwanpur	Deep Boring Construction work at Pakhrin Tole Hetauda 15 Makawanpur	3338146.07	85,000	90 days / 120 days	3,000.00
3.	WORKS/NCB/15/080/81/ WSSD1/Makwanpur	Deep Boring Construction work at Mushkan Tole Hetauda 12 Makawanpur	3338146.07	85,000	90 days / 120 days	3,000.00

2. **The Last date of bid submission is 2080/11/24 (2024 March 07)12:00 Noon & the bid Opening Date is 2080/11/24 (2024 March 07) 13:00 hours.**
3. **Bank Details**

Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
Rastriya Banijya Bank Ltd, Hetauda, Makwanpur; Office Code Number: 3130232013; **Revenue Account Number: 1000100200010000;** Rajaswa (Revenue) Sirshak No: 14229	Rastriya Banijya Bank Ltd, Hetauda Makwanpur; Office Code Number: 3130232013; Account Name: Pra. Le. Ni. Ka. Dharauti Khata; Deposit Account Number: 1300100202030000

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the office of **Water Supply & Sanitation Division No. 1, Hetauda, Makwanpur.** Email ID: pr3wssd1@gmail.com Phone no.: 057-520726.
5. In case of suppliers, it is mandatory to submit the official letter issued alone by the manufacturer for the sole purpose of sale.
6. All rights to accept, reject or partially accept the bid will be reserved in this office.
7. Bidder needs to submit their bid electronically by downloading the bidding docum0ents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp .**
8. The office will not be responsible if the E-bid is not registered in electronic submission or if the file is corrupted at the time of opening.
9. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date. In such case the validity period of Bid Security shall remain the same as prescribed for the original last date of bid submission.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement regulations, 2064 and other prevailing Rules and Regulations.

For Division Chief

फुङलिङमा नेपाल बैंकको एक्सटेन्सन काउन्टर

ताप्लेजुङ/ हिमाली जिल्ला ताप्लेजुङको फुङलिङ नगरपालिका परिसरमा नेपाल बैंकले एक्सटेन्सन काउन्टर स्थापना गरेको छ। बैंकले कोशी प्रदेशका स्थानीय तहमा तेस्रो काउन्टर सञ्चालनमा ल्याएको हो। नयाँ स्थापित शाखामार्फत कर्जाबाहेकका सेवा प्रवाह हुने बैंकको ताप्लेजुङ शाखाका प्रमुख वसन्धरा आचार्यले बताए। उनका अनुसार काउन्टरमार्फत दुई लाख रुपैयाँसम्मको भुक्तानी दिइनेछ। सोभन्दा बढी भुक्तानी लिनुपरेमा अग्रिम जानकारी गराउनुपर्ने उनले बताए। काउन्टरमा नगरपालिकामार्फत गठन हुने उपभोक्ता समिति र व्यक्तिगत दुवै किसिमका खातासमेत खोलिने बताइएको छ। ताप्लेजुङका तेल्लोक र सदरमुकाम दुईसहित कोशी प्रदेशमा ३८ शाखा विस्तार गरिरहेको नेपाल बैंकले स्थानीय तहमा तीन गरी आठ काउन्टर विस्तार गरेको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री
गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना
(प्रकाशित मिति : २०८०/१०/२३)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अधि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/१०/२९

बोलपत्र खोलिने मिति
२०८०/११/०१ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिको विवरण
१.	विविध कर्जा	**ऋणी : अजय शाही** (ना.प्र.नं. ३६३०५८/८२९, मिति २०६३/१०/२५ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) ठेगाना : बर्दघाट ०८, नवलपरासी बाबु : कमल बहादुर शाही बाजे : लाल बहादुर शाही **व्यक्तिगत जमानीकर्ताहरु :** **१. वाल माया शाही** (ना.प्र.नं. २२४, मिति २०४१/०४/१४ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको) पति : कमल बहादुर शाही ससुरा : लाल बहादुर शाही **२. उत्तर कुमार शाही** (ना.प्र.नं. ५१९८३, मिति २०५८/०४/१५ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : कमल बहादुर शाही बाजे : लाल बहादुर शाही **३. सपना शाह** (ना.प्र.नं. ३८२०५६/२११५०, मिति २०७१/०४/२३ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : राधेश्याम शाह बाजे : तेज विक्रम शाह	१. वाल माया शाहीको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, पंचनगर गा.वि.स./न.पा. वडा नं. ०१ (ख) स्थित कि.नं. १५ (०-२-०-० विगाहा) र कि.नं. ३७ (०-१-९-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। २. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : TATA Motors Bharat सवारीको मोडेल : LPT3118TC56 निर्माण वर्ष : २०१६ ईन्जिन नं. : 61A63492957 च्यासिस नं. : MAT466420G1A02198 सवारी दर्ता नं. : लु १ ख ९९२२
२.	विविध कर्जा	**ऋणी : संगिता बहुउदेश्य कृषि तथा पशुपंक्षी फर्म** प्रा.फ.नं. : ६८३५/०७८/०७९ ठेगाना : मरिण ०७, सिन्धुली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुरेश माझी** (ना.प्र.नं. २०१०२८/२२२, मिति २०६७/०८/२२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : डम्बर सिं माझी बाजे : राम कृष्ण माझी **२. डम्बर सिं माझी** (ना.प्र.नं. ६०७/३२११, मिति २०४७/१०/१७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : राम कृष्ण माझी बाजे : सनमान माझी **३. सुकु माया माझी** (ना.प्र.नं. २०३०२८/३८४, मिति २०६३/१०/०९ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : जित ब. माझी पति : डम्बर सिं माझी ससुरा : राम कृष्ण माझी **४. संगिता माझी** (ना.प्र.नं. २०-०१-७८-०९०५६, मिति २०७८/१०/२० मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : जित बहादुर माझी पति : सुरेश माझी ससुरा : डम्बर सिं माझी	डम्वर सिं माझीको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, डांडीगुरासे गा.वि.स./न.पा. वडा नं. ५ (क) स्थित कि.नं. ९७ (०-६-५-० विगाहा) र कि.नं. १६६ (०-११-१६-२ विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।
३.	विविध कर्जा	**ऋणी : एस.जि.सी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** दर्ता नं. १७१६५०/०७४/०७५ ठेगाना : चाँगुनारायण न.पा. वडा नं.५, भक्तपुर **व्यक्तिगत जमानीकर्ताहरु :** **१. चन्द्र कुमारी श्रेष्ठ** (ना.प्र.नं. ३४०४६-११९१०, मिति २०५४/०१/१८ मा जि.प्र.का. उदयपुरबाट जारी भएको) पति : ज्ञान कुमार तमाङ ससुरा : विगन सिं तमाङ **२. ज्ञान कुमार तमाङ** (ना.प्र.नं. २११०२६/२०९२४/४३६७, मिति २०४९/०५/३१ मा जि.प्र.का. रामेछापबाट जारी भएको) बाबु : विगन सिं तमाङ बाजे : बगन सिं तमाङ **३. धन बहादुर मगर** (ना.प्र.नं. ३३५३१-२११०१५-५६४२, मिति २०५३/०४/२९ मा जि.प्र.का. रामेछापबाट जारी भएको) बाबु : दिल बहादुर मगर बाजे : कृष्ण बहादुर मगर **४. प्रमता मगर** (ना.प्र.नं. ३२२३, मिति २०५८/०७/०२ मा जि.प्र.का. बाँकेबाट जारी भएको) पति : धन बहादुर मगर ससुरा : दिल बहादुर मगर	चन्द्र कुमारी श्रेष्ठको नाममा उदयपुर जिल्ला मालपोत कार्यालय गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, बसाहा गा.वि.स./न.पा. वडा नं. ०४ (क) स्थित कि.नं. ३० (०-७-०.२५-० विगाहा), कि.नं. २७७ (१-०-१६-० विगाहा), कि.नं. २७८ (०-२-७.२५-० विगाहा), कि.नं. २७९(०-२-७.२५-० विगाहा) र कि.नं. २५२ (०-२-८.७५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

नेपाल टेलिकम २१औं वर्षमा

नयाँ पत्रिका



नेपाल टेलिकम स्थापनाको २० वर्ष पूरा गरी २१औं वर्षमा प्रवेश गरेको छ। स्थापना दिवसको अवसर पारेर कम्पनीले विभिन्न प्रादेशिक निर्देशनालय र कार्यालयहरूका साथै केन्द्रीय कार्यालयमा विशेष कार्यक्रम आयोजना गरेको थियो।

वार्षिकोत्सव कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले ग्राहकलाई सर्वसुलभ तथा भरपर्दो रूपमा सेवा प्रदान गर्ने खालका नीति, योजना र कार्यक्रम सञ्चालन गर्नु जरुरी भएको बताइन्। पूर्वाधार विकास, सेवा पहुँच र सेवा विस्तारलगायतका विभिन्न कार्यक्रम समेटेर १९ जिल्लालाई नमुना दूरसञ्चारयुक्त जिल्ला बनाउने कार्यका साथ अगाडि बढेको चर्चा गर्दै मन्त्री शर्माले आगामी दिनमा सेवामा उल्लेखनीय सुधार र आय वृद्धिका लागि आवश्यक कार्य गर्न निर्देशन दिइन्। कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष रामकृष्ण सुवेदीले कम्पनीले संस्थागत सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने बताए। आन्तरिक कार्य वातावरण चुस्त बनाउँदै निर्णय प्रक्रिया, कार्य पद्धति र संस्थागत संरचनामा सुधार गरी प्रगतिशील संस्थाका रूपमा कम्पनीलाई विकास गर्नुपर्ने उनको भनाइ थियो। नेपाल दूरसञ्चार प्राधिकरणका कार्यवाहक अध्यक्ष नवराज अधिकारीले नेपालमा दूरसञ्चार सेवाको विकास र विस्तारमा नेपाल टेलिकमको अहं भूमिका रहेको उल्लेख गर्दै प्रविधिको परिवर्तनसँगै कम्पनीलाई समयसापेक्ष सुधार गर्न आवश्यक रहेको बताए। यसका लागि नियामक निकायको तर्फबाट सहयोग, समन्वय र सहजीकरण गर्ने उनले प्रतिबद्धता व्यक्त गरे।

प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले कम्पनीले देशका ७७ वटै जिल्लामा ताररहित फोरजी एलटिई प्रविधिमा आधारित मोबाइल र डेटा सेवा तथा ७४ जिल्लामा अप्टिकल फाइबरमा आधारित एफटिटिएच सेवा सञ्चालनमा ल्याएपछि ग्राहक आधारमा निरन्तर वृद्धि भइरहेको बताइन्। एनटी फाइबर सेवालाई थप आकर्षक बनाउन विभिन्न कार्य भइरहेको, हाइवे नेटवर्क सुधारको कार्य अगाडि बढाइएको र जिल्लावाइज नेटवर्क सुधार गर्ने उद्देश्यले १९ जिल्लालाई नमुना दूरसञ्चार जिल्ला घोषणा गरी तीव्रताका साथ काम अगाडि बढाइएको उनको भनाइ थियो। प्रबन्ध निर्देशक पहाडीले आगामी दिनमा विभिन्न सामुदायिक विद्यालयमा आइसिटी ल्याबको स्थापना गरिने, सरकारी तथा सामुदायिक विद्यालयमा एफटिटिएच डेटा तथा नमस्ते वाइफाई उपलब्ध गराइने बताइन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना
(प्रकाशित मिति २०८०/१०/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ०९ गते बुधबार**का दिन शाखा कार्यालय कलैया, बारामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताहरु को विवरण
प्राइभेट फार्म रजिष्ट्रसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज पर्सामा मिति २०७७/०३/१४ मा प्रा. फ.र.न:३९९६५/०७६/७७ कायम भई दर्ता रहेको पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. २४, रामगढवा स्थित रजिष्टर्ड कार्यालय रहेको **उशु ट्रेड लिंक**। **प्रोप्राईटर: धनन्जय कुमार महतो**	१. **धनन्जय कुमार महतो** ना.प्र.नं.: ३४-०१-७१-०१९८३ जारी मिति: २०७१/०२/२८, जि.प्र.का. पर्सा बाबु: शम्भु प्रसाद नुनिया बाजे: रामानन्द महतो नुनिया स्थायी ठेगाना: पर्सा जिल्ला सबैठवा गा.वि.स.वडा नं. ४ हालको ठेगाना: पर्सा जिल्ला, पकहाँ मैनपुर गा.पा.वडा नं. ५ २. **मनजय कुमार महतो** ना.प्र.नं.: ३४-०१-७५-०६२२६ जारी मिति: २०७५/०५/२१, जि.प्र.का. पर्सा बाबु: शम्भु प्रसाद नुनिया बाजे: रामानन्द महतो नुनिया ठेगाना: पर्सा जिल्ला, पकहाँ मैनपुर गा.पा.वडा नं. ५ ३. **शम्भु प्रसाद नुनिया** ना.प्र.नं.: ८०२३१४१५ जारी मिति: २०४४/१२/१०, जि.प्र.का. पर्सा बाबु: रामानन्द महतो नुनिया बाजे: राम गोविन्द महतो स्थायी ठेगाना: पर्सा जिल्ला सबैठवा गा.वि.स. वडा नं. ४ हालको ठेगाना: पर्सा जिल्ला, पकहाँ मैनपुर गा.पा. वडा नं. ५ ४. **रेन्जु देवी** ना.प्र.नं.: ३४३०६८/३० जारी मिति: २०६३/१२/११, जि.प्र.का. पर्सा बाबु: नथु चौधरी बाजे: रामचन्द्र चौधरी हालको ठेगाना: पर्सा जिल्ला, पकहाँ मैनपुर गा.पा. वडा नं. ५

लिलाम हुने सम्पत्तीको विवरण

१. **धनन्जय कुमार महतो** नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, सबैठवा गा.वि.स./न.पा वडा नं. ४ स्थित कित्ता नं. ८१, ९९, ७७, ९८, ५०, ९२, ३४७, र ८२ को क्षेत्रफल क्रमश ४७१०.००, ६९०.००, १४४६.००, ११४५.००, २१५.००, १७.००, १७५५.००, र १०२५.०० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **धनन्जय कुमार महतो**कोनाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स./न.पा वडा नं. ८ स्थित कित्ता नं. ५३, ५८२ र ५२ को क्षेत्रफल क्रमश ५७.५०, ८४.६५ र ५३.०० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **धनन्जय कुमार महतो**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, सबैठवा गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. १५८ को क्षेत्रफल क्रमश ८००.०० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. **सम्भु प्रसाद नुनिया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स./न.पा वडा नं. ८ स्थित कित्ता नं. ५८१, ५७२, ५७३, ४८, ५७१ र ४७ को क्षेत्रफल क्रमश ८४.८४, ५५.००, १२६.८१, १७८.००, ५५.०० र ८५.००, (ब.मि) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
५. **सम्भु प्रसाद नुनिया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, भेडीहारी गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. ३२ को क्षेत्रफल २५८०.००, (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
६. **सम्भु प्रसाद नुनिया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, लहावरथकरी गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. ५४४ र ४११ को क्षेत्रफल क्रमश ९०८०.०० , र २२७७.८५, (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
७. **सम्भु प्रसाद नुनिया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, लहावरथकरी गा.वि.स./न.पा वडा नं. ९ स्थित कित्ता नं.६९८ को क्षेत्रफल २३७२.५०, (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
८. **सम्भु प्रसाद नुनिया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, सबैठवा गा.वि.स./न.पा वडा नं. ३ स्थित कित्ता नं. ७४ र ७३ को क्षेत्रफल क्रमश ७५५.०० र ७३५.००, (ब.मि) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
९. **सम्भु प्रसाद नुनिया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, सबैठवा गा.वि.स./न.पा वडा नं. ४ स्थित कित्ता नं. ४, ५, र १६८ को क्षेत्रफल क्रमश ३८५.००, ३४५.०० र ३८५.००, (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
१०. **मनजय कुमार महतो**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, भौराटार गा.वि.स./न.पा वडा नं. ६ स्थित कित्ता नं. १५८६ र १५८५ को क्षेत्रफल क्रमश ०-१-१७ र ०-१-१७, (वि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
११. **रेन्जु देवी**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, भौराटार गा.वि.स./न.पा वडा नं. ६ स्थित कित्ता नं. ९५३, ८८९ र ८८८ को क्षेत्रफल क्रमश ०-१-१०, ०-२-१४ र ०-२-१४ (वि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० फागुन ०८ गते** भित्र बैंकको शाखा कार्यालय कलैया, बारामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया, बाराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० फागुन ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय कलैया, बारामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कलैया, बारामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० फागुन ०९ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

एनसेलले ल्यायो इन्डिया रोमिङ प्याक

काठमाडौं/ एनसेलले भारत भ्रमणमा बारम्बार जाने आफ्ना ग्राहकका लागि रोमिङ प्याक सञ्चालनमा ल्याएको छ। कम्पनीले ग्राहकलाई भारतमा रहँदा सबैभन्दा सुलभ शुल्कमा सहजै सम्पर्कमा रहन सक्ने सेवा सञ्चालनमा ल्याएको हो।

ग्राहकले एक सय रुपैयाँमै यो रोमिङ प्याक सुचारु गर्न सक्ने जनाइएको छ। यसले तीन दिनसम्म रोमिङ सेवाको फाइदा लिन सक्ने जनाइएको छ। यसका साथै प्याकका साथ ग्राहकले तत्काल पाँच सय एमबी डेटा तथा भ्वाइस र एसएमएस सेवामा छुटसमेत रहेको जनाएको छ। यो प्याकले वीरगन्ज, भैरहवा, नेपालगन्ज, विराटनगर, जनकपुरजस्ता सीमावर्ती सहरबाट बारम्बार भारत भ्रमण गर्ने साना व्यवसायी, यातायात मजदुरजस्ता ग्राहकको रोमिङ सेवाको मागलाई सम्बोधन गर्ने उल्लेख छ। भारतमा आकस्मिक भ्रमणमा जानुपर्ने ग्राहकलाई पनि यसको विशेष महत्त्व रहेको कम्पनीको दाबी छ।

यो सेवाबाट इनकमिङ कल उठाउन र भारतमा कल गर्नका लागि पेएजयुगो शुल्कमा ३२ प्रतिशत छुट पाउने जनाइएको छ। जसअनुसार ग्राहकले प्रतिमिनेट १६ रुपैयाँ ४८ पैसामा प्रतिमिनेट कल उठाउन र भारतमा कल गर्न सक्ने जनाइएको छ। त्यस्तै, प्रति एसएमएसको ६ रुपैयाँ ३४ पैसा पर्ने कम्पनीले जनाएको छ।

सिउरी न्यादीको सेयर निष्कासकमा एनएमबि क्यापिटल



काठमाडौं/ सिउरी न्यादी पावर लिमिटेडले सर्वसाधारणमा प्राथमिक सार्वजनिक निष्कासन गर्नका लागि एनएमबि क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। नियुक्तिसम्बन्धी सम्झौतामा सिउरी न्यादी पावरका कार्यकारी अध्यक्ष शैलेन्द्र गुरागाईं तथा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत दीपेशकुमार वैद्यले हस्ताक्षर गरेका हुन्।

अधिकृत तथा जारी पुँजी ६ अर्ब १९ करोड ६० लाख रुपैयाँ रहेको उक्त हाइड्रोपावरले जारी पुँजीको ४९ प्रतिशत अर्थात् तीन अर्ब तीन करोड ६० लाख रुपैयाँबराबरको प्रतिअंकित मूल्य एक सय रुपैयाँ दरका सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा गएका नेपाली, सामूहिक लगानी कोष योजना, कम्पनीमा कार्यरत कर्मचारी तथा सर्वसाधारणमा तोकिएअनुरूप जारी गर्ने कम्पनीले जनाएको छ।

नियामक निकायबाट तोकिएका सम्पूर्ण प्रक्रिया तथा आवश्यकता पूरा गरी यथासम्भव छिटो निष्कासनको प्रक्रिया अगाडि बढाइने कार्यकारी अध्यक्ष गुरागाईंले बताए। ४०.२७ मेगावाटको उक्त आयोजनाको हालसम्म करिब ५५ प्रतिशत भौतिक निर्माण कार्य सम्पन्न भइसकेको तथा सन् २०२५ सालदेखि सञ्चालनमा ल्याउने योजनाका साथ काम भइरहेको जनाइएको छ।

प्रोग्रेसिभ फाइनान्सको सञ्चालक समिति निर्विरोध



काठमाडौं/ प्रोग्रेसिभ फाइनान्स लिमिटेडले ६ सदस्यीय सञ्चालक समिति निर्विरोध चयन गरेको छ। संस्थाको २६औं साधारणसभाले आगामी चार वर्षका लागि नयाँ सञ्चालक समिति चयन गरेको हो।

नवनिर्वाचित सञ्चालकमा लक्ष्मीप्रसाद महर्जन, शम्भुलाल डंगोल, सविना महर्जन, प्रज्वलकुमार दाहाल, राजभाइ डंगोल र अनिश महर्जन रहेको जनाइएको छ। यसअघि साधारण सभाले आर्थिक वर्ष ०७८/७९ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरणका साथै सम्पूर्ण अनुसूचीसहितको वित्तीय विवरण पारित गरेको जनाइएको छ। त्यस्तै, आर्थिक वर्ष ०७९/८० का निम्ति बाह्य लेखापरीक्षकका रूपमा रञ्जीव एन्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ति गर्ने प्रस्ताव पारित गरेको कम्पनीले जनाएको छ।

साधारणसभामा अध्यक्ष किशोरकुमार महर्जनले संस्थाले आर्थिक वर्ष ०७८/७९ मा गरेका कार्यक्रम तथा गतिविधिबारे प्रकाश पारेका थिए। उनले आगामी आर्थिक वर्षमा संस्थाले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाहरूबारे जानकारी दिएका थिए। अध्यक्ष महर्जनले संस्था अपेक्षित रूपले प्रगतिपथमा लम्किरहेको बताउँदै आफ्नो अन्तिम कार्यकाल रहेको भन्दै आफ्नो कार्यकालमा बसाइएको जगलाई आगामी सञ्चालक समितिले अझ बलियो बनाउने विश्वास व्यक्त गरेका थिए।

चौधरी पक्राउप्रति वीरगन्ज उवासंघको आपत्ति

काठमाडौं/ सिजी होल्डिङ्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक अरुण चौधरीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गरेको पक्राउले आर्थिक समस्या निम्तने भन्दै वीरगन्ज उद्योग वाणिज्य संघले आपत्ति जनाएको छ। संघले देश आर्थिक समस्यासँग जुधिरहेका वेला समस्या निरूपणका लागि समग्र निजी क्षेत्र सक्रिय भइरहेकोमा अनुसन्धानका नाममा विभिन्न बहानामा उद्योगी-व्यवसायीमाथि भइरहेको धरपकड एवं पक्राउ, मानमर्दनले उद्योगी-व्यवसायी एवं निजीक्षेत्रमा निराशा छाएको भन्दै विज्ञप्ति प्रकाशित गरेको हो।

जुनसुकै पक्षबाट हुने गैरकानुनी विषयमा राज्यको तर्फबाट अध्ययन-अनुसन्धान र कानुनी कारबाही गरिनुपर्छ भन्ने संघको मान्यता रहेको भन्दै संघले गहिरो अध्ययन-अनुसन्धान नै नगरी एउटा राष्ट्रियस्तरको उद्योगी-व्यवसायीलाई अपराधीसरह गिरफ्तार गरी कारबाही चलाउनुहुँदैन भन्ने मान्यता रहेको जनाएको छ। विज्ञप्तिमा भनिएको छ, 'विश्वव्यापी मन्दी, सरकारी निकायहरूको आवश्यकताभन्दा बढी नियमन र कारबाहीलगायतका कारणले उद्योग-व्यवसाय धराशायी भइरहेकै वेला राष्ट्रियस्तरको उद्योगी-व्यवसायीलाई फौजदारी अपराध गरेको अपराधीसरह थुनामा राखी कारबाही गरिँदा विदेशी लगानी भित्रिने कुरा त परै जाओस्, भएकै लगानीसमेत पलायन भई मुलुक झन् ठूलो आर्थिक संकटमा फस्ने सम्भावना बढेर गएको छ।' चौधरीलाई तत्कालै रिहा गरी अनुसन्धान गर्न संघले माग गरेको छ।

विचारको...

पृष्ठ १ बाट क्रमशः

थालेको छ। अध्यक्ष नेपाल र सम्मानित नेता खनालबीच सैद्धान्तिक-वैचारिक मात्र होइन राजनीतिक र सांगठनिक मुद्दामा समेत पेचिलो संघर्ष छ।

को-अर्डिनेसन केन्द्रदेखि नै एउटै पार्टीमा रहँदै आएका नेपाल र खनाल डेढ वर्षअघि एमालेबाट अलग भएर एकीकृत समाजवादीमा पहिलो र दोस्रो वरीयताको नेता छन्। विद्रोहको औचित्य पुष्टि गर्न एकजुट भएर लाग्नुपर्नेमा शीर्ष दुई नेताबीच नै मतभेद छ।

विश्लेषक रोशन जनकपुरी नेपाल-खनालबीचको संघर्ष शक्तिमा पुग्नका लागि भएको बताउँछन्। 'माधवकुमार र झलनाथबीच अहिले देखा परेको लाइन पुरानै हो। दुवै नेता पूर्वप्रधानमन्त्री र ठूलो पार्टीको अध्यक्ष भइसकेकाले इगोको विषय पनि भयो। एकीकृत समाजवादी ठूलो पार्टीबाट बनेको पार्टी हो,' उनले भने, 'यसको आधार एमालेकै लाइनको देखिन्छ। एमाले र नेपालले भन्न खोजेको जबजमा भिन्नता छैन। अहिलेको मतभेद शक्तिमा पुग्नका लागि संघर्षजस्तो देखिन्छ।'

पार्टी नेताहरूका अनुसार दुवै नेता भावी अध्यक्षको दौडमा छन्। केन्द्रीय परिषद् बैठकले उमेर हद नराख्ने निर्णय गरेसँगै उनीहरूले कार्यकर्ता भेटघाटलाई बाक्लो बनाएका छन्। पूर्वप्रधानमन्त्रीद्वय नेपाल र खनाल दुवैले एमालेको समेत नेतृत्व गरिसकेका छन्। विगतमा एमालेकै महाधिवेशनको झल्को दिने गरी दुई लाइन संघर्ष सुरु भइसकेको छ।

पार्टी बैठकमा सीमित मतभेद सार्वजनिक कार्यक्रममै पोखिन थालेको छ, एकले अर्कामाथि आरोप-प्रत्यारोप थालेका छन्। पार्टी उपाध्यक्षसमेत रहेका कृषिमन्त्री डा. बेदुराम भुसालद्वारा लिखित पुस्तक 'जनताको बहुदलीय जनवादको ऐतिहासिक विकासक्रम'को लोकार्पण कार्यक्रममा आइतबार अध्यक्ष नेपाल सम्मानित नेता खनालप्रति व्यक्तिगत घोचपेचमै उत्रिए।

अध्यक्ष नेपालले व्यापक राजनीति परिवर्तनपछि पनि खनालले जबज बुझ्न नसकेको टिप्पणी गरे। 'विचार नै परित्याग गरेर हिजो पनि जनताको बहुदलीय जनवादलाई दक्ष प्रजापतिको टाउको भन्ने र आज पनि यसलाई समाप्त पार्न लाग्ने विचारलाई किमार्थ ठीक भन्न सकिँदैन।

जनक्रान्ति सम्पन्न भइसकेपछि पनि जबजलाई जसले बुझ्न सकेन, त्यो ठीक छैन,' खनालको नामै नलिई नेपालले भने, 'जनक्रान्ति सम्पन्न भइसकेपछि पनि कुनै परिवर्तन भएको छैन भन्न मिल्दैन। एउटै परिवर्तन भएको छ कि हामीले संविधान बनाएका छौँ। क्रान्तिलाई संस्थागत गरेका छौँ। उपलब्धिलाई संस्थागत गरेका छौँ। जबजको सन्दर्भमा त्यो वेलामा एउटा आज अर्को हुन सक्दैन। यसको मर्म, भावना, अन्तर्यलाई आत्मसात् गर्नुपर्छ।'

अध्यक्ष नेपालले समाजवादी क्रान्तिको चरणमा पनि बहुदलीय प्रतिस्पर्धाको राजनीतिको त्यतिकै उपादेयता रहेको बताए। 'हाम्रो समाजजवाद चीनको जस्तो हुँदैन, भियतनामको जस्तो हुँदैन। क्युबाको जस्तो पनि हुँदैन। हाम्रो समाजवाद बहुदलीय प्रतिस्पर्धासहितको समाजवाद हुन्छ,' नेपालले भने।

नेपालले कम्युनिस्ट पार्टीको अस्तित्व रक्षाका लागि पनि जबज आवश्यक रहेको र विचार परित्याग गर्न नसकिने बताए। 'कम्युनिस्ट पार्टीको अस्तित्व धराशयी पार्न साम्राज्यवादी, प्रतिक्रियावादी शक्ति लागिरहेका छन्। हाम्रो देशको राजनीतिमा कम्युनिस्ट पार्टीलाई लोकप्रिय पार्टीका रूपमा अगाडि बढाउनु छ भने, राष्ट्रियताको पक्षपोषक, लोकतन्त्रको संवाहक र परिवर्तनको वाहक पनि कम्युनिस्ट पार्टीबाट पुष्टि गराउनु छ भने आफ्नो लोकतान्त्रिक चरित्र दृढताको साथ अगाडि बढाउनुपर्छ। बहुदलीय प्रतिस्पर्धाको विधिलाई नयाँ परिवेशबाट अगाडि बढाउनुपर्छ,' नेपालले भने।

केही दिनअघि सम्पन्न केन्द्रीय परिषद् बैठकको समापन सत्रमा सम्मानित नेता खनालले जबजबाट समाजवादतिर जान नसकिने बताएका थिए। 'कहिले जबज भन्छौं, कहिले समाजवाद भन्छौं। कता जाने त ? तपाईं जबज भन्नुहुन्छ भने त ठूलो जबजतिर किन नजाने भन्छ नि त मान्छेले ? ठूलो जबजवाला त एमाले छ,' खनालको भनाइ थियो, 'हामीले जबज भन्यो भने त हामीले भनेको भन्दा केपी ओलीले भनेको चाहिँ बढ्ता सुन्छ। त्यो खतरा हुन्छ। हामी क्लियर हनुपर्छ। समाजवादमा जाने हो भने समाजवाद र पुँजीवादको बीचमा भिन्नता के हो ? यसबारे शिरदेखि तीरसम्म छ्याङ्ग हुनुपर्‍यो। अनि मात्रै हामी समाजवादको बाटोमा जान्छौं।'

खनालले पुँजीवाद र समाजवादमा आधारभूत मात्रै नभई गुणात्मक भिन्नता रहेको व्याख्या गरेका थिए। उनले सैद्धान्तिक समझलाई उन्नत बनाउन पनि बहस आवश्यक रहेको औँल्याएका थिए। उनले भनेका थिए, 'रुसमा पनि बहुदलीय जनवाद थियो। लेनिनले किन जबज मान्नुभएन ? कोही कमरेडको विरुद्धमा बोल्ने कुरा होइन यो। हाम्रो सैद्धान्तिक समझलाई उन्नत बनाउने कुराका लागि यी काम गर्ने हो।'

जबजलगायत विगतका विषयलाई समाजवादी क्रान्तिको अंग बनाएर जानुपर्ने खनालको तर्क छ। 'जबजको रक्षा गर्ने कुरामा हामीले जनवादी क्रान्तिमा तीन-चारवटा कार्यक्रम अगाडि सार्‍यौँ। पहिला पुष्पलालले ००८ मा अगाडि सार्नुभएको कार्यक्रम नयाँ जनवादी कार्यक्रम थियो। ०१९ मा तुल्सीलालले राष्ट्रिय जनवादको कार्यक्रम अगाडि सार्नुभयो,' उनले भने, 'त्यसपछि फेरि नयाँ जनवादी कार्यक्रम नै अगाडि सार्‍यौँ। कसैकसैले यसलाई जनताको जनवादी कार्यक्रम पनि भने। पछिल्लो अवधिमा हामीले जबज भन्यौँ। यी जनवादी क्रान्तिका कार्यक्रम हुन्। यदि औचित्य छ भने यी सबैको रक्षा गर्नुपर्छ। होइन भने ती कार्यक्रम हिजोको क्रान्तिका कार्यक्रम हुन्। अब हामी सबै समाजवादी क्रान्तिको कार्यक्रमको पक्षमा उभिनुपर्छ।'

केही दिनअघि सम्पन्न राष्ट्रिय परिषद् बैठकको उद्घाटन सत्रमा लिखित सम्बोधन गरेका नेपालले जबजको विषय उल्लेख गरेका थिएनन्। तर, समापन सत्रमा नेपालले जबज छाड्न नसकिने स्पष्ट पारेका थिए।

पार्टीको राजनीतिक-वैचारिक प्रतिवेदन जेठको महाधिवेशनबाट टुंग्याउने तयारी छ। यसका लागि अध्यक्ष नेपालको नेतृत्वमा २७ सदस्यीय महाधिवेशन दस्तावेज मूल समिति बनेको छ। जसमा सम्मानित नेता खनाल पनि छन्। 'जबज सिद्धान्त होइन, कार्यक्रम हो। अब जबजबाट प्राप्त उपलब्धि संरक्षण गर्दै समाजवादी कार्यक्रमका साथ अगाडि बढ्नुपर्छ,' उपाध्यक्ष जयन्ती राईले भनिन्।

उपाध्यक्ष धर्मनाथप्रसाद साह जीवन्त पार्टीमा वैचारिक बहस स्वाभाविक भएको बताउँछन्। महाधिवेशन दस्तावेज समितिका सदस्यसमेत रहेका साहले बहसका क्रममा आएका विचार मिलाएर महाधिवेशनमा प्रस्तुत गर्ने र एकमत हुन नसके महाधिवेशनले नै छिनोफानो गर्ने बताए। 'बहस त सतहमै देखिसकियो, थप बहस हुन बाँकी नै छ। समितिमा बहस गर्छौं। हाम्रो प्रयास एउटै विचार बनाउने हुन्छ। यदि भएन भने महाधिवेशनमा पेस हुन्छ। जुन विचार पास भयो, त्यहीअनुसार अगाडि बढ्छ,' उनले भने।

काठमाडौं महानगरले जडान गर्‍यो एक हजार २६ स्मार्ट सडकबत्ती

नयाँ पत्रिका

केही दिनयता काठमाडौं महानगरभित्रका सडक उज्यालो देखिन थालेका छन्। महानगरले स्मार्ट सडकबत्ती जडानलाई तीव्रता दिएसँगै मुख्य-मुख्य सडक तथा चोक झलमल्ल बनेको हो।

महानगरले हालसम्म एक हजार २६ वटा स्मार्ट सडकबत्ती जडान गरेको छ। महाराजगन्ज-लैनचौर-जमल खण्डमा तीन सय १८ वटा, महाराजगन्जको प्रहरी तालिम केन्द्र-बालुवाटार-नक्साल हुँदै माइतीघर मण्डलासम्म तीन सय ६३ वटा, कमलपोखरीदेखि गौशालासम्म एक सय ८१ वटा, त्रिपुरेश्वर-थापाथली-माइतीघर मण्डलासम्म ७६ वटा, चाबहिल-बौद्ध सडकखण्डमा ९९ वटा बत्ती जडान गरिएको हो। यी खण्डको प्रारम्भिक अध्ययनअनुसार ३४०, ३७४, १९०, ७६ र ९२ वटा बत्ती जडान गर्नुपर्ने देखिएको थियो। महानगरपालिकाका इलेक्ट्रिकल इन्जिनियर पदमराज पौडेलका अनुसार स्थलगत आवश्यकताका आधारमा केही संख्या कम भएको हो। पौडेलका अनुसार फराकिलो सडकमा एक सय २० वाट र साँघुरो सडकमा ९० वाटका बत्ती जडान भएका छन्।

सडकबत्ती जडानका लागि महानगरले ६० र नेपाल विद्युत् प्राधिकरणले ४० प्रतिशत रकम व्यहोरेको हो। ११ करोड ९९ लाख ७४ हजार नौ सय २५ रुपैयाँ लागत अनुमानमध्ये ६० प्रतिशत महानगरपालिकाले र ४० प्रतिशत रकम नेपाल विद्युत् प्राधिकरणले व्यहोर्ने सम्झौतामा उल्लेख छ। सम्झौताबमोजिम २४ वैशाख ०८१ भित्र काम सम्पन्न गर्नुपर्नेछ। महानगरपालिकाको लगानीमा लैनचौरदेखि महाराजगन्जसम्म, माइतीघर मण्डलादेखि बागबजारसम्म, बागबजारदेखि शीतलनिवाससम्म, सिनामंगल अन्तर्राष्ट्रिय विमानस्थलदेखि गौशाला हुँदै कमलपोखरीसम्म, चाबहिलदेखि जोरपाटीसम्मको रुट राखिएको छ। विद्युत् प्राधिकरणको लगानीमा सिनामंगल विमानस्थलदेखि तिनकुने, बानेश्वर, माइतीघर मण्डला, त्रिपुरेश्वर, टेकु, कालीमाटी हुँदै कलंकीसम्म, त्रिपुरेश्वरदेखि लैनचौरसम्म र टुँडिखेलवरिपरि बत्ती जडान हुनेछन्।

अदालतबाट...

पृष्ठ १ बाट क्रमशः

भिजिट भिसाको सेटिङमा सक्रिय रहेको प्रहरी अनुसन्धानले देखाएको छ।

ढकालविरुद्ध भ्रष्टाचारको पुरानो मुद्दा सर्वोच्च अदालतमा अहिले पनि विचाराधीन छ। अख्तियारले ढकालसहित अध्यागमन अधिकृत कमलप्रसाद पराजुली, मनहरी बराल, दिनेश केएम, तोरण पराजुली, चक्रबहादुर श्रेष्ठ, मनोजकुमार पोखरेल, जगदीशचन्द्र नेपाली, विजय सापकोटा, वीरसिंह भण्डारी, पदमप्रसाद बजगाईं, कम्प्युटर अपरेटरहरू रोशन गौतम र भोजप्रकाश न्यौपानेविरुद्ध मुद्दा दायर गरेको थियो। उनीहरूले अध्यागमनको इमी सफ्टवेयरमा अभिलेखसमेत नराखी दुई सय ४८ जनालाई भिजिट भिसामा यात्रा प्रस्थान अनुमति दिएका थिए। प्रतिव्यक्ति १० हजार रुपैयाँ लिएर विदेश जान दिएको अख्तियारको अभियोग थियो। अधिकृत पराजुलीलाई १० महिना कैद र ३० हजार जरिवानाको फैसला भएकोमा अन्यको हकमा प्रमाण नपुगेको भन्दै सफाइ दिइएको थियो। जुन फैसलामा चित्त नबुझी अख्तियारले १२ चैत ०७९ मा सर्वोच्च अदालतमा पुनरावेदन गरेको थियो।

यसरी सफाइ पाएर निलम्बन फुकुवा भएलगत्तै अधिकृत ढकाल फेरि विमानस्थलमा सरुवा हुनुले यसमा उच्च तहकै गिरोहको संरक्षण रहेको देखाउने अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्। गृह मन्त्रालय स्रोतका अनुसार अधिकृत ढकाल आर्थिक चलखेलकै आधारमा फेरि पनि अध्यागमन जान सफल भएका हुन्।

प्रहरीले दुई लाख घुससहित पक्राउ गरेका अधिकृत नरवीर खड्काको बयानका आधारमा थप आठजनाको यसमा संलग्नता पत्ता लगाएको छ। जसमा ताराबहादुर कुँवर, कुशल बराल, विष्णुप्रसाद आचार्य, विमल पौडेल, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागो छन्। अधिकृत खड्काले बयानका क्रममा विमानस्थलमा सबैले मिलेर घुस लिने गरेको बताएका छन्। आफ्नो सिफ्टमा खटिने सबै कर्मचारीहरूको नामै लिएर उनले सेटिङबारे वास्तविकता बताएका हुन्। उनीहरूको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत सम्पत्तिसमेत छानबिन गर्न मागसहित मुद्दा दायर भएको छ।

खरिद प्रक्रियामा...

पृष्ठ १ बाट क्रमशः

क्रममा अख्तियारले प्राधिकरणका पूर्वअध्यक्ष दिगम्बर झा र निवर्तमान अध्यक्ष पुरुषोत्तम खनालसँग पनि बयान लिने तयारी गरेको छ। मोबाइल उपकरण सुरक्षित गर्न, अवैध मोबाइल आयात नियन्त्रण गर्न र अपराध न्यूनीकरणका लागि भन्दै प्राधिकरणले अघि बढाएको एमडिएमएस खरिदमा अनियमितता भएको निष्कर्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा गठित छानबिन टोलीले निकालेको छ। मन्त्रालयका सहसचिव गौरव गिरी नेतृत्वको चार सदस्यीय छानबिन समितिले एमडिएमएस खरिद प्रक्रियाको प्रस्थानविन्दुबाटै अनियमितता सुरु भएको भेटिएको निष्कर्ष निकालेको छ। यस विषयमा उजुरी परेपछि अख्तियारले पनि छानबिन अघि बढाएको हो।

समितिले आफ्नो प्रतिवेदनमा प्राधिकरण नेतृत्व, पदाधिकारी र कर्मचारीहरू खरिद कानुन र त्यसको अभ्यासमा संवेदनशील नभएको, प्राधिकरणसँग खरिदसम्बन्धी प्राविधिक क्षमता अत्यन्त कमजोर रहेको, सम्बद्ध तथा सरोकारवालाहरूसँगको अन्तर्सम्बन्ध र समन्वय नभएको, कामको नियमित अनुगमन, मूल्यांकन र परीक्षणको संयन्त्र नभएकोलगायतका कमजोरी देखाएको छ। यससँगै छानबिन समितिले त्यस्ता पदाधिकारी, कर्मचारी तथा परामर्शदातासमेतलाई कारबाहीको सिफारिस गर्दै गत मंसिरमा छानबिन प्रतिवेदन मन्त्री रेखा शर्मालाई बुझाएको थियो।

एमडिएमएस खरिद प्रकरण के हो ?

सार्वजनिक बोलपत्रको प्रक्रियाबाट छनोट भएको एम/एस न्युमेरा (मलेसिया)-ओएसआई कन्सल्टिङ प्रालि (भारत)-नमस्ते ग्लोबल कम्युनिकेसन प्रालि (सिंगापुर) जेभीसँग १९ असार ०७६ (४ जुलाई २०१९) मा ७० लाख ६६ हजार आठ सय ८८ अमेरिकी डलरमा ठेक्का सम्झौता गरेको थियो। सोही दिनको नेपाल राष्ट्र बैंकको विदेशी मुद्रा विनिमय दरअनुसार ७७ करोड ७३ लाख ५७ हजार ६ सय ८० रुपैयाँ हुन आउँछ। पाँच महिना (१७ मंसिर ०७६) भित्र सम्पन्न गर्ने र परामर्शदाताले पाँच वर्षसम्म प्राविधिक सहायता गर्ने गरी लगाइएको उक्त ठेक्का साढे चार वर्षसम्म पनि सम्पन्न हुन सकेको छैन।

मेलम्चीको...

पृष्ठ १ बाट क्रमशः

उपत्यकाका साढे दुई लाख धारामा मेलम्चीको पानी पुगिसकेको छ। आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का अनुसार एक हजार १० किलोमिटरमध्ये हाल पाँच सय किलोमिटर नयाँ वितरण लाइनको मात्र परीक्षण भएको छ। बाँकी वितरण लाइनमा मेलम्चीको पानी आएसँगै परीक्षण भइरहेको छ।

चुहावट व्यवस्थापन गर्न सडक विभाग बाधक

विगतको कार्यतालिकामा परिवर्तन गरेर केयुकेएलले हाल कीर्तिपुरको पानीट्यांकीबाट एक दिन बिराएर, दुई दिनमा एकपटक र अरू केही ठाउँमा तीन दिनमा एकपटक पानी वितरण गर्न थालेको छ। मेलम्ची उपत्यकामा नआउँदा सातदेखि १० दिनमा पानी वितरण हुने गर्थ्यो। वितरणको कार्यतालिकामा परिवर्तन र पहिलेको तुलनामा पानीको मात्रा पनि वृद्धि भएपछि पानीको चुहावट बढ्यो। तर, चुहावट मर्मतका लागि भने कठिन अवस्था सिर्जना भएको छ। सडक विभागले चुहावट भएको ठाउँमा मर्मत गर्न सजिलै अनुमति नदिएका कारण चुहावट मर्मत गर्न कठिन भइरहेको प्रमुख कार्यकारी अधिकृत कार्कीले आरोप लगाए। 'सुरुवाती दिनमा भन्दा



चुहावटको समस्या समाधान त हुँदै छ, तर समस्या पूरै समाधान गर्न सडक नै खन्नुपर्ने हुन्छ। सडक खनेर मर्मत गर्न विभागबाट सजिलै अनुमति पाइँदैन। त्यसैले चाहेर पनि चुहावट घटाउन सकिरहेका छैनौँ,' उनले भने।

अहिले दैनिक ३० देखि ४० ठाउँमा चुहावट देखिइरहेको छ। समस्यामा कमी भइरहे पनि पूरै समाधान गर्न सबै स्थानमा नयाँ वितरण सञ्जालबाट पानी वितरण हुनुपर्ने उनले बताए। केयुकेएलले हाल भक्तपुर शाखाको कटुन्जे ट्यांकीबाट भक्तपुर क्षेत्रमा, ललितपुर शाखाअन्तर्गत खुमलटार, त्रिपुरेश्वर शाखाअन्तर्गत सुन्दरीघाट पानी प्रशोधन केन्द्र र कीर्तिपुर रिजर्ब वायरबाट पानी वितरण भइरहेको छ। सोही शाखाको महांकालचौर र अनामनगर पानीट्र्यांकीबाट पनि पानी वितरण भइरहेको छ। महाराजगन्ज शाखाअन्तर्गत बाँसबारी, पुरानो पानीपोखरी र नयाँ पानीपोखरीबाट, बालाजु पानीपोखरीबाट पनि पानी वितरण भइरहेको छ। त्यसैगरी, क्षेत्रपाटी शाखाबाट पानी वितरण भइरहेको छ। बानेश्वर शाखाअन्तर्गत मीनभवन पानीट्यांकी, मध्यपुर ठिमी शाखाअन्तर्गत ठिमी पानीट्यांकी, महाँकालचौर पानीट्यांकी, कीर्तिपुर शाखाअन्तर्गत ट्यांलाफाँट पानीट्यांकीबाट पानी वितरण भइरहेको छ। उपत्यकामा खानेपानीको दैनिक माग करिब ४३ करोड लिटर छ। मेलम्चीको पानी १७ करोड लिटर र केयुकेएलले विभिन्न स्रोतबाट संकलन गरेको करिब १३ करोड लिटर पानीसमेत गरेर करिब ३० करोड लिटर पानी वितरण भइरहेको छ।

यी समयमा हुन्छ पानी वितरण

कीर्तिपुर शाखाअन्तर्गत ट्यांलाफाँट पानीट्यांकीबाट एक दिन बिराएर पानी वितरण भइरहेको छ। सूर्य काठ गोदामपछाडि बिहान ६ देखि ७, स्विमिङ पुल लाइनमा ७ देखि ८ र एनआइसी बैंकअगाडि बिहान ८ देखि ९ बजेसम्म पानी वितरण भइरहेको छ।

भक्तपुर शाखाको कटुन्जे ट्यांकीबाट भक्तपुर क्षेत्रमा दुई दिन बिराएर पानी वितरण भइरहेको छ। यो क्षेत्रअन्तर्गत ३, ६, ९, १२, १५, १८, २१, २४, २७ गते सूर्यविनायक गणेश मन्दिर, सुन्दर बस्ती, सूर्यविनायकका सबै, चुनदेवी विनायक बस्ती, बाराही चोक, पाण्डु बजारहाइट, घलाते, माताघर, भक्तपुर नगरक्षेत्र, बाराही मन्दिर, गपली, भुलान्चा, सल्लाघारी क्षेत्र र अरनिको हाइवे क्षेत्रमा बिहान ६ देखि ९ बजेसम्म पानी वितरण तालिका छ। यसै दिन वंशगोपाल, भर्वाचो, मंगलाछैं, नासमना, ताहामला, लाकुलाछैं, साकोठालगायत क्षेत्रमा साँझ ५ देखि राति ८ बजेसम्म पानी वितरण तालिका बनाएर केयुकेएलले पानी वितरण गरिरहेको छ।

हरेक महिनाको ४, ७, १०, १३, १६, १९, २२, २५, २८ गते इटाछैं, डोगन, मलाचा, खला, क्वाछे, खौमा, डोक्चे, खेल मैदान क्षेत्रमा बिहान ६ देखि ९ बजेसम्म र व्यासी मिवाछे, शिक्षा कार्यालय क्षेत्र, औद्योगिक क्षेत्र, वडा २ कार्यालय क्षेत्रमा साँझ ५ देखि राति ८ बजेसम्म वितरण हुने तालिकाअनुसार पानी वितरण भइरहेको छ। यसैगरी, ५, ८, ११, १४, १७, २०, २३, २६, २९ गते सूर्यमडी, ब्रह्मायणी, धारा एरिया, जेला, महेश्वरी, खचा, पन्याचा गल्ली क्षेत्रमा बिहान ९ देखि ९ बजेसम्म र मयुर झ्याल, नारायण मन्दिर एरिया, वाचु टोल, खचा, मुनि विहार, इनको एरिया गुर्जु क्षेत्रमा साँझ ५ देखि राति ९ बजेसम्म पानी वितरणको तालिका छ।

त्रिपुरेश्वर शाखाअन्तर्गत महांकाल चौर, अनामनगर पानीट्यांकीबाट कुरिया गाउँ, बबरमहल, प्रसूतिमार्ग, सिडिओ कार्यालय, नर्भिक अस्पताल क्षेत्र, डाँफे मार्गमा दिउँसो १ देखि साढे ३ बजेसम्म पानी वितरण हुने कार्यतालिका छ। यी क्षेत्रमा तीन दिनमा एकपटक पानी वितरण हुन्छ। न्युरोड, वसन्तपुर, मरु, जैसीदेवल, यांगाल, कोहिटी, टेबहाल, ब्रह्मटोलमा ३, ६, ९, १२, १८, २१, २४ र २७ गते दिउँसो साढे ४ देखि साढे ५ सम्म र सोही क्षेत्रमा ३, ४, ६, ७, ९, १०, १२, १३, १५, १६, १८, १९, २१, २२, २४, २५, २८ र २८ गते राति १० देखि ११ बजेसम्म पानी वितरण हुने तालिका छ।

यसैगरी, त्रिपुरेश्वर क्षेत्र, ब्लु क्रस अस्पताल, विश्वनिकेतन स्कुल क्षेत्रमा तीन दिनमा एकपटक साँझ साढे ४ देखि राति ७ बजेसम्म, भोटेबहाल क्षेत्रमा बिहान ७ देखि १ बजेसम्म पानी वितरण हुने तालिका छ।

ललितपुर शाखाअन्तर्गत खुमलटार पानीट्यांकीबाट तीन दिनमा एकपटक हःखा गल्ली, हःखा बाहिर मेन रोड, सौगल मेन रोड क्षेत्रमा बिहान ५ देखि ११ बजेसम्म, सुन्धारा, चपट, चालाछैं, चंकी, धालाछैं, दुपाट क्षेत्रमा दिउँसो ४ देखि राति १० बजेसम्म, ग्वार्को, लगनखेल, दीपावलीमार्ग, लुकुसी, बटुकभैरव क्षेत्रमा बिहान ५ देखि ११, चापागाउँ दोबाटो, टुटेपानी क्षेत्रमा दिउँसो ४ देखि राति १० बजेसम्म पानी वितरण हुँदै आएको छ। यो क्षेत्रमा ३ माघदेखि पानी वितरण भइरहेको छ।

महाराजगन्ज शाखाअन्तर्गत बाँसबारी पुरानो पानीपोखरीबाट पनि तीन दिनमा एकपटक पानी वितरण भइरहेको छ। रक्तकाली, नरदेवीमा किलागलमा बिहान ३ देखि ५, कालधारा, धोबीचौर, कुश्लेचौर, पुरानो रानीबारीमा बिहान ८ देखि ११ बजेसम्म पानी वितरण भइरहेको छ। यस क्षेत्रमा पनि ३ माघदेखि नै पानी वितरण सुरु भएको हो।

मध्यराति...

पृष्ठ १ बाट क्रमशः

र झरना कक्षा चारमा जनजागरण मावि सेरीमा अध्ययन गर्थे। आगलागीमा पाँच पशुचौपाया पनि मरेका छन्। आगलागी भएको घरमा लालु सञ्ज्याल, नरदीप सञ्ज्याल र दीपराज सञ्ज्याल दाजुभाइ छुट्टाछुट्टै भान्सा बनाएर बस्दै आएका थिए। लालु भने रोजगारीका लागि भारतमा छन्। काठ, ढुंगा र माटोबाट बनेको कच्ची घरमा भान्साबाट आगो सल्केको हुन सक्ने अनुमान गरिए पनि यकिन कारण नखुलेको डिएसपी थापाले बताए।

बिमालेख हरायो

मिति २०८०/८/१२ गते कमलपोखरी देखि गौशलासम्म जाँदा लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : सोनी कुमारी साह
बीमालेख नं. : 250929515
सम्पर्क नं. : 9810157382

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/२३ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले न्युरोड शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

ऋणी संस्थाको नाम :श्री लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि। रजिष्टर्ड ठेगाना : का.म.न.पा.-१० नयाँ बानेश्वर
हालको ठेगाना: का.म.न.पा.-१७। दर्ता नं: : ४०७

संचालक तथा जमानीकर्ताको विवरण

१) नाम : धन बहादुर तामाङ्ग (अध्यक्ष जमानीकर्ता) बाबु : कर्ण बहादुर तामाङ्ग बाजे : सिंहविर तामाङ्ग ना प्र नं. : ७६६६/१८४० ठेगाना : कुन्तादेवी-०४, ओखलढुंगा	**२) नाम : उर्मिला श्रेष्ठ (उपाध्यक्ष जमानिकर्ता)** बाबु : हरि गोबिन्द श्रेष्ठ बाजे : तुल्सीलाल श्रेष्ठ ना.प्र.नं : २४६०/१०२४०/४५१८४ ठेगाना : काठमाण्डौं-२९, काठमाण्डौं	**३) नाम : लिला बल्दव दाहाल (सचिव जमानीकर्ता)** बाबु : होम प्रसाद दाहाल बाजे : चन्द्रकान्त दाहाल ना.प्र.नं : ५० ठेगाना : बरुणेश्वर-३, ओखलढुंगा
४) नाम : ढुण्डीराज बम्जन तामाङ (कोषाध्यक्ष जमानिकर्ता) बाबु : पदम बहादुर बम्जन बाजे : दर्ज बहादुर बम्जन ना.प्र.नं : २८३/६०९२ ठेगाना : दुधौली -७, सिन्धुली	**५) नाम : सुनिता थापा (संचालक)** बाबु : सुक बहादुर थापा बाजे : बम बहादुर थापा ना.प्र.नं : १०९९० ठेगाना : का.म.न.पा.-१६, काठमाण्डौ मकवानपुर	**६) नाम : शुभ लाल थिङ (संचालक जमानिकर्ता)** बुवा : मनोरथ थिङ बाजे : श्रीकृष्णवीर थिङ ना.प्र.नं : २०६६०/२६०६ ठेगाना : भद्रकाली-९, सिन्धुली सोलुखुम्बु

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१. काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १७ स्थित श्री लालिगुराँस सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि. को नाममा मालपोत कार्यालय डिल्लीबजार मा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १७ को कित्ता नं.२४३१ को क्षेत्रफल २७९६.०७ ब.मि. र का.म.न.पा. वडा नं. १९को कित्ता नं. ५३८ र ५३९ को क्षेत्रफल १९०.७८ र २९४.१२ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय हेटौंडाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्ने बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ०९ गते बुधबार**का दिन शाखा कार्यालय हेटौंडामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौंडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तरगत मिति २०७६/०३/१६ मा दर्ता नं २०२/९५/२०७५/२०७६ कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुर बाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०८४१६४० को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला मनहरी गा.पा वडा नं.. ०९ मा रजिस्ट्रर्ड कार्यालय रहेको **भगवान सप्लार्यस।** **प्रोप्राईटर : सुस्मिता राउत**	१. **फत्त बहादुर सुवेदी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स वडा नं.. ०५ स्थित कित्ता नं. २५९९ को क्षे.फ. ०:११:९:० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सुस्मिता राउत** ना.प्र.नं.: ३५१०२५/५७३४ जारी मिति : २०६८/१२/१३, जि.प्र.का.चितवन बाबु : गोकुल बहादुर राउत बाजे : ललित बहादुर राउत स्थायी ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. १२ हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ०९	५. **सरस्वती सुवेदी** ना.प्र.नं.: ३१३०१९/३४४ जारी मिति : २०६३/११/०१, जि.प्र.का.मकवानपुर बाबु : बुद्धी बहादुर अधिकारी बाजे : तिलक बहादुर अधिकारी स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स, वडा नं. ०७ हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ०९
२. **फत्त बहादुर सुवेदी** ना.प्र.नं.: २३३ जारी मिति : २०४३/०९/०९, जि.प्र.का.मकवानपुर बाबु : सन्त बहादुर सुवेदी बाजे : देवु रिषि सुवेदी स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स, वडा नं. ०७ हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ०९	४. **पार्वती सुवेदी** ना.प्र.नं.: ३१३०१९/३४३ जारी मिति : २०६३/११/०१, जि.प्र.का.मकवानपुर बाबु : बुद्धी बहादुर अधिकारी बाजे : तिलक बहादुर अधिकारी स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स, वडा नं. ०७ हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ०९
३. **रामचन्द्र सुवेदी** ना.प्र.नं.: ३०/०१७ जारी मिति : २०५२/१०/१४, जि.प्र.का.मकवानपुर बाबु : फत्त बहादुर सुवेदी बाजे : सन्त बहादुर सुवेदी स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स, वडा नं. ०७ हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ०९	६. **भगवान सुवेदी** ना.प्र.नं.: ३१-०१-६९-०६०७९ जारी मिति : २०६९/०७/१९, जि.प्र.का.मकवानपुर बाबु : फत्त बहादुर सुवेदी बाजे : सन्त बहादुर सुवेदीका स्थायी ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.वि.स, वडा नं. ०७ हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ०९

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० फागुन ०८ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० फागुन ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय हेटौंडामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० फागुन ०९ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय हेटौंडा फोन नं. ०५७ ५२४१४३/२४३

मंगलबार २३ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

विश्वकपको अनुभव बटुल्दै फर्किए खेलाडी

नयाँ पत्रिका

दक्षिण अफ्रिकामा चलिरहेको आइसिसी यू-१९ विश्वकप पुरुष क्रिकेट प्रतियोगितामा नेपाल सुपरसिक्समा भारत र बंगलादेशसँग पराजित हुँदै बाहिरिएको थियो । विश्वकपमा नेपालले सनसनी नतिजा निकाल्ने क्रममा यसपटक टेस्ट राष्ट्र अफगानिस्तानलाई आफ्नो सिकार बनायो । यस जितसँगै नेपाल सुपरसिक्समा स्थान सुरक्षित गऱ्यो । सन् २०१६ को संस्करणमा नेपाल क्वार्टरफाइनलसम्म पुगेको थियो ।

आठ वर्षपछि विश्वकपमा छनोट भएको नेपालले सुपरसिक्समा गतिलो प्रदर्शन गर्न सकेन । बलिङस्तरीय भए पनि ब्याटिङ नेपालको फितलो रह्यो । समग्रमा नेपाली युवा खेलाडीले विश्वकपमा अन्तर्राष्ट्रिय एक्सपोजर पाएका छन् । यसपटकको विश्वकप यात्राको महत्त्वपूर्ण पक्ष भनेको नेपालले पाँच टेस्ट राष्ट्रसँग प्रतिस्पर्धा गर्ने अवसर पायो । यही अनुभव बटुल्दै युवा खेलाडी सोमबार घर फर्किए । नेपाली युवा टोलीका कप्तान देव खनालले टेस्ट खेल्ने राष्ट्रका खेलाडीले अन्तर्राष्ट्रियस्तरमा ब्याटिङ र बलिङ कसरी गर्छन् भन्ने पक्ष राम्रोसँग नियालेको बताएका छन् ।

'हामीले पाँच टेस्ट राष्ट्रविरुद्ध खेल्न अवसर पायौं, यस्तो अवसर विरलै पाउँछौं, यसपटक हामीले उनीहरूको बलिङ र ब्याटिङ गर्ने शैली हेर्यौं,' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सोमबार देवले पत्रकारसँग भने, 'मैले हरेक खेलमा उनीहरूविरुद्धको खेलमा केही न केही सिकें ।' अनुभवकै आधारमा खेलाडी परिपक्व हुने उनले बताए ।

कप्तान देव सर्वाधिक रन बनाउने

यू-१९ विश्वकपमा नेपालले पाँच खेल खेल्यो । नेपालको ब्याटिङमा एकरुपता देखिएन । यद्यपि, नेपालका कप्तान देवले आफ्नो फर्मलाई निरन्तरता दिँदै ब्याटिङमा महत्त्वपूर्ण योगदान दिए । उनी नेपाली टोलीमा व्यक्तिगत रूपमा सर्वाधिक रन बनाउने खेलाडी हुन् । उनले पाँच खेलमा एक सय ८५ रन जोडे । उनले दुई सय ७३ बलमा २० चौका र एक छक्का प्रहार गरे । प्रतियोगितामा उनले अफगानिस्तानविरुद्ध ५८ रनको महत्त्वपूर्ण योगदान दिए । उनले भारतविरुद्ध ३३ रन, बंगलादेशविरुद्ध ३५ रन, पाकिस्तानसँगको खेलमा २३ रन र न्युजिल्यान्डसँगको खेलमा ३६ रन बनाए ।

दक्षिण अफ्रिकामा चलिरहेको यू-१९ विश्वकपमा नेपालले भारत, पाकिस्तान, न्युजिल्यान्ड, बंगलादेश र अफगानिस्तानसँगको म्याच एक्सपोजर अनुभव बटुल्यो



सुवास र आकाशले लिए समान नौ विकेट

प्रतियोगितामा नेपालका बलर सुवास भण्डारी र आकाश चन्दले समान पाँच खेलमा नौ विकेट लिएका थिए । सुवासले ४६.१ ओभर बलिङ गरी दुई सय २२ रन खर्चिए । आकाशले पाँच खेलमा दुई सय २७ रनमा नौ विकेट हात पारे । आकाशले अफगानिस्तानविरुद्ध ३४ रन खर्चेर पाँच विकेट लिए । सुवासले बंगलादेशसँगको खेलमा ४४ रन खर्चेर पाँच विकेट हात पारे ।

पाँच टेस्ट राष्ट्रविरुद्धको नतिजा

प्रतियोगिताको समूह 'डी'मा नेपालले न्युजिल्यान्ड, अफगानिस्तान र पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गरेको थियो । नेपाल न्युजिल्यान्डसँग पहिलो खेलमा ६४ रनले पराजित भएको थियो । दोस्रो खेलमा पाकिस्तानले नेपालमाथि पाँच विकेटको जित निकाल्यो ।

यस समूहको अन्तिम खेलमा नेपालले अफगानिस्तानलाई ३२ बलअघि नै स्तब्ध पारेको थियो । समूह 'डी'मा तेस्रो स्थानम रहँदै नेपालले सुपरसिक्स स्थान बनायो । नेपालले समूह 'ए'को विजेता भारत र उपविजेता बंगलादेशविरुद्ध सुपरसिक्समा प्रतिस्पर्धा गऱ्यो । जहाँ नेपाल बंगलादेशसँग पाँच विकेटले पराजित भयो । भारतले नेपाललाई एक सय ३२ रनको फराकिलोअन्तरले हरायो ।

■ मकवानपुर फुटबल प्रतियोगिता

आहा रारा गोल्डकप विजेता आर्मी बाहिरियो

मकवानपुरमा **पोष्टराज अधिकारी**

मोसफलमा यस सिजनको पहिलो उपाधि जितेको त्रिभुवन आर्मी क्लब सोमबार छैटौं सहिद स्मृति स्थानीय तह मकवानपुर फुटबल प्रतियोगिताको पहिलो खेलमै स्तब्ध भएको छ । धनकुटाको राजारानी क्लबसँग सडन डेथमा पराजित हुँदै आर्मी प्रतियोगिताबाट बाहिरिएको हो । गत शनिबार पोखरामा सम्पन्न २३औं आहा रारा गोल्डकपको फाइनलमा श्री स्टारलाई हराउँदै आर्मीले मोसफलमा सिजनकै पहिलो उपाधि हात पारेको थियो । आर्मीले पोखरामा खेलेजस्तो उत्कृष्ट प्रदर्शन राजारानी क्लबविरुद्ध देखाउन सकेन ।

आहा रारा गोल्डकपपछि ४८ घन्टाको ब्रेकमा आर्मीले मकवानपुर फुटबल प्रतियोगितामा सहभागिता जनाएको हो । सडन डेथमा राजारानीका गोलरक्षक दीप कार्की नायक बने । उनले आर्मीका सिद्धान्त चौधरीको पेनाल्टी रोक्दै आफ्नो टोलीलाई सेमिफाइनल पुऱ्याए । सडन डेथमा राजारानीका लागि प्रवेश दनुवार र उमेश कार्कीले गोल गरे । आर्मीका लागि विमल पाण्डेले मात्र गोल गर्न सके ।

त्यसअघि टाइब्रेकरमा राजारानीका विशाल घलान, रुपेश केसी र गोलरक्षक दीपले गोल गरे । राजारानीका सुनील खड्का र अशोक खवास गोल गर्न चुकेका थिए । आर्मीका जितेन्द्र कार्की, कमल थापा र रसबहादुर मगरले टाइब्रेकरमा गोल गरे । वसन्त जिम्बा र श्रीराम चौधरी गोल गर्न असफल भए । यसअघि आर्मी र राजारानी क्लबले निर्धारित ९० मिनेटमा १-१ को बराबरी खेलेका थिए । टाइब्रेकरमा ३-३ को बराबरीपछि दुवै टोली सडन डेथमा पुगे ।

११औं मिनेटमा आर्मीको अग्रता

हेटौंडा- ६ गौरीटारको मैदानमा आर्मीले सुरुवाती क्रममा उत्कृष्ट खेल प्रदर्शन गरेको थियो । फर्ममा रहेका खेलाडीहरूले राजारानी क्लबमाथि दबाब राखेको थियो । राजारानीले पहिलो १० मिनेटमा सम्हालिएर सकेन । खेलको ११औं मिनेटमा आर्मीले १-० को अग्रता लियो ।



रसबहादुर मगरले कर्नरमा आर्मीले अग्रता दिलाएका थिए । पहिलो हाफमा आर्मीले एक गोलको अग्रता मात्र लिएको थियो । राजारानीले पहिलो गोल व्यहोरेपछि सम्हालिएर खेलेको थियो । राजारानीले त्यसपछि रक्षात्मक रणनीति अपनाएको थियो । मध्यान्तरपछि राजारानीले सुधारिएको प्रदर्शन गरेको थियो । खेलको अजायी मार्टिनले ८४औं मिनेटमा राजारानीलाई १-१ को बराबरीमा पुऱ्याए । उनले डिबक्सभित्र सटिक हेडिङ गोल गरेका थिए । अब राजारानीले सेमिफाइनलमा एनआरटीको सामना गर्नेछ ।

खेल संक्षेप

ग्रिनविच सेमिफाइनलमा

काठमाडौं/ ग्रिनविच एकेडेमी एनप्याब्सन खेलकुद सप्ताहअन्तर्गत पुरुष फुटसलमा सोमबार सेमिफाइनलमा प्रवेश गरेको छ । ग्रिनविचले सोमबार काठमाडौं स्कुल अफ सेन्ट्रल स्टेटलाई १-० ले गऱ्यो । एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिको आयोजनामा भइरहेको खेलकुद सप्ताहको फुटसलमा ४८ टोलीले नकआउट आधारमा प्रतिस्पर्धा गरिरहेका छन् । फुटसलको फाइनल मंगलबार सकिनेछ ।

अक्षराले गेटवेलाई हरायो

काठमाडौं/ आयोजक अक्षरा स्कुल प्रथम अक्षरा कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको मिक्स जुनियरमा सेमिफाइनलमा प्रवेश गरेको छ । अक्षराले सोमबार गेटवे एकेडेमीलाई १४-११ ले पराजित गऱ्यो । आलोक विद्याश्रम, भ्याली पब्लिक र विद्या विकास पनि आ-आफ्नो प्रतिद्वन्द्वीलाई हराउँदै अन्तिम चारको स्थान पक्का गरेका छन् । सिनियर पुरुष र महिलामा पनि सेमिफाइनल समीकरण तयार भइसकेको छ ।

रेडिएन्टलाई एक्सेल्सियर कपमा दोहोरो उपाधि

नयाँ पत्रिका

रेडिएन्ट पब्लिकले १०औं एक्सेल्सियर कपमा सिनियर पुरुष बास्केटबल र यू-१३ पुरुष फुटसलमा उपाधि जितेको छ । आयोजक द एक्सेल्सियर स्कुलको कोर्टमा सोमबार भएको सिनियर पुरुष बास्केटबल फाइनलमा रेडिएन्टले जेनिथलाई ५१-४४ ले पराजित गऱ्यो । रेडिएन्टका रोहित चौधरीले २८ स्कोरको योगदान गरे । यसैगरी, सिनियर महिला बास्केटबलको उपाधि भिडन्तमा काष्ठमण्डपले रिब्सलाई ३२-१५ ले हरायो । काष्ठमण्डपकी अमानी रेग्मीले १२ अंक स्कोर गरिन् । रोहित र अमानी आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । सिनियर पुरुषमा निसर्ग वाटिका तथा महिलामा बोधिसत्व स्कुल अनुशासित टिम चुनिए ।



यसैगरी, यू-१२ पुरुष फुटसल मोडर्न इन्डियन स्कुल (एमआइएस), यू-१३ मा रेडियन्ट र यू-१६ मा न्यु एराले उपाधि जितेका छन् । यू-१२ को फाइनलमा एमआइएसले वृहस्पति विद्या सदनमाथि ६-१ को सहज जित दर्ता गऱ्यो । एमआइएसका द्वय रफिक महर्जन उत्कृष्ट खेलाडी भए । प्रसिद्ध आचार्य उत्कृष्ट गोलरक्षक बने । ल्यान्डमार्क एकेडेमीले अनुशासित टिमको उपाधि हात पाऱ्यो ।

यू-१३ को फाइनलमा रेडिएन्टले काष्ठमण्डपलाई टाइब्रेकरमा २-० ले हरायो । निर्धारित समयको खेल १-१ को बराबरीमा टुंगिएको थियो । रेडिएन्टका शुलभ गुरुङ उत्कृष्ट खेलाडी तथा रेडिएन्टकै प्रयास थापामगर उत्कृष्ट गोलरक्षक ठहरिए । यू-१६ को उपाधि भिडन्तमा न्यु एराले काष्ठमण्डपमाथि ४-१ को जित निकाल्यो । न्यु एराका आयुष मगरले दुई गोल गरेका थिए । न्यु एराका पेम्बा तामाङ उत्कृष्ट खेलाडी तथा न्यु एराकै सुवर्ण तामाङ उत्कृष्ट गोलरक्षक चुनिए । बालदीक्षा सदन अनुशासित टिम बन्यो ।

अवार्डमा केल्मीको पुनरागमन

काठमाडौं/ २०औं एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड ०७९ मा नेपाल खेलकुद पत्रकार मञ्चले अन्तर्राष्ट्रिय स्पोर्टस् ब्रान्ड केल्मीसँग पुनः एकपटक सहकार्य गर्ने भएको छ । नेपालको आधिकारिक विक्रेता कामरु ट्रेडिङ प्रालिसँग सोमबार सहप्रायोजन सम्झौता भएको छ । सहप्रायोजनका लागि मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र कामरु ट्रेडिङका प्रबन्ध निर्देशक उत्तम न्यौपानेले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । न्यौपानेले स्पोर्टस् अवार्डसँग पुनः सहकार्य गर्न पाउँदा खुसी लागेको बताए । अवार्ड २८ माघमा होटेल याक एन्ड यतीमा हुनेछ ।

पल्सर स्पोर्टस् अवार्डअन्तर्गत तीन विधाको मनोनयन सार्वजनिक भइसकेको छ । यसपटक सर्टीलिस्टमा वर्ष खेलाडी पुरुष र महिलाका समान आठ खेलाडी मनोनयनमा परेका छन् । सर्टीलिस्टबाट तीनजना खेलाडी पुनः छानिनेछन् । त्यसमध्येबाट अवार्ड कार्यक्रमको दिन विजेता घोषणा हुनेछ । पिपल्स च्वाइस विधामा रजनी श्रेष्ठ (बडी बिल्डिङ), सिक्का सुवाल श्रेष्ठ (टेबलटेनिस), विप्लवलाल श्रेष्ठ (कराँते), अनन्त तामाङ (फुटबल) र निरुता ठगुन्ना (भलिबल) मनोनयनमा परेका छन् ।

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद
राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र
खुमलटार, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२३

उपरोक्त सम्बन्धमा यस केन्द्रको Supply of RT-PCR Machine खरिद गर्नको लागि मिति २०८०/०८/१९ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको समय भित्र रितपूर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको पाईएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१), (२) तथा ४७ प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

सि.नं.	ठेक्का नम्बर	कामको बिबरण	बोलपत्र स्वीकृत हुने फर्मको नाम	कबोल अंक रु. (मू.अ.क.सहित)
१.	NAGRC/NCB/GOODS/01-2080/81	Supply and Delivery of Real Time-Polymerase Chain Reaction (RT-PCR) Machine Unit 1 खरिद कार्य	Shree Rani Sati Trading Concern Tripureshwor, Kathmandu	21,82,030.00

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय
बबरमहल, काठमाडौं
फोन नं. : ०१-४२५००५१

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०८०/१०/२३ (6 February, 2024)

यस आयोजना समन्वय कार्यालय बबरमहल काठमाडौंबाट मिति २०८०/१०/०३ गते राष्ट्रिय दैनिक पत्रिकामा पुन : बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भएकोमा सोहि सूचना बमोजिम E-bidding मार्फत रितपूर्वक दाखिला हुन आएका ३ वटा प्राविधिक प्रस्तावहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकाले आर्थिक प्रस्ताव खोली मुल्याङ्कन प्रकिया अगाडी बढाउन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (५) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोलपत्र नं.	कामको विवरण	बोलपत्र दाताको नाम	आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय
(DUDBC/ SBCP/ Works / NCB/ 02/2080/81 (Re))	Construction of roofing works with supply, delivery, fabrication and installation at dome of Parliament Building at Singhadurbar, Kathmandu	१. श्री Joshi Nirman Sewa Pvt. Ltd., Buddhanagar, Kathmandu २. श्री KPG-Oasis Joint Venture, Hetauda-19, Makwanpur ३. श्री Chainlink Engineering Pvt. Ltd., Balkot-1, Bhaktapur	**स्थानः** विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय, बबरमहल काठमाडौं । **मिति :** २०८०/११/०१ गते, **समय :** दिनको १:०० बजे ।

आयोजना निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल, लगनखेल, ललितपुर

राशन खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

सिलबन्दी बोलपत्र आह्वानको सूचना नं.: MH/Ration/080/81/01

प्रथमपटक सूचना प्रकाशन मिति : २०८० माघ २३ गते

१. राशन आपूर्ति सम्बनन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरु बाट २०८० साल **चैत्र १** गते देखि २०८१ **फागुन मसान्त** सम्मलाई करिब **५०** वेड संख्याका लागि आवश्यकता अनुसारको राशन आपूर्ति गर्न **मानसिक अस्पताल, लगनखेल** बोलपत्र आह्वान गर्दछ ।
२. खरिद गरिने राशनका किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुन छ ।
३. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np मार्फत मात्रै बोलपत्र सम्बन्धी कागजात डाउनलोड गर्न तथा बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्नु पूर्व बोलपत्र सम्बन्धी कागजातको तोकिएको दस्तुर रकम देहायको बैंक खातामा जम्मा गरी सो को भौचर समेत बोलपत्र संगै विद्युतीय खरिद प्रणालीमा अपलोड गर्नुपर्नेछ ।

कार्यालयको नाम : **मानसिक अस्पताल, लगनखेल, ललितपुर**
कार्यालयको कोड नं : **370003402**
राजस्व शिर्षक नं : **१४२२९**
खाता नं : **00101000000001001001**
बैंकको नाम : **नेपाल बैंक लिमिटेड, गाबाहल शाखा, ललितपुर**
बोलपत्र सम्बन्धी कागजातको दस्तुर : **रु ३००० (अक्षरमा रु तीन हजार मात्र)**

४. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति **२०८० फागुन १३ गते** १:०० बजे. **मानसिक अस्पताल, लगनखेल, ललितपुरमा** राखिएको हुनाले सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराइन्छ ।
५. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मिति देखि ९० दिन को हुने छ ।
६. बोलपत्र पेश गर्दा बोलपत्र साथ १,३५,५२०।– (एक लाख पैंतिस हजार पाँच सय बीस मात्र) बोलपत्र खोलिने मिति देखि गणना हुने गरी १२० दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गका इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा यस कार्यालयको **नेपाल बैंक लिमिटेड , गाबाहल शाखा, ललितपुर**मा रहेको हि नं. **0180200000000300051** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न गर्नु पर्ने छ ।
७. दाखिला भएका बोलपत्रहरु मिति **२०८० फागुन २४** गते बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा मानसिक अस्पताल, लगनखेलमा अपरान्ह १:०० बजे खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखिनै गरिने छ ।
८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।
९. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्ने छ ।
१०. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
११. एक फर्म, संस्था वा कम्पनीका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।
१२. राशन आपूर्ति गर्ने करार अवधिभित्र कुनै किसिमको मूल्यवृद्धि दिईने छैन ।
१३. बोलपत्र स्वीकृत गर्ने ,रद्द गर्ने र आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस **मानसिक अस्पताल, लगनखेल, ललितपुरमा** सुरक्षित रहने छ ।
१४. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
१५. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस **मानसिक अस्पताल, लगनखेल, ललितपुर**मा सम्पर्क राख्न सकिने छ । साथै यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.bolpatra.gov.np मा पनि हेर्न सकिने छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com